

**एसियाली खेलकुद**
नेपालको निरन्तर कमजोर प्रदर्शन । १५

**लास्सो !**
सकियो तामाङ ज्ञान महोत्सव । ८




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक १८७ पोखरा | ८ भदौ २०७५ शुक्रबार श्रावण शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११३८ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, August 24, 2018 | पृष्ठ १२+४+४ | १० रुपैयाँ


## मिश्र प्रधानन्यायाधीश सिफारिस



- **सर्वोच्च अदालत**
  २७ मे २०१४ देखि अहिलेसम्म
- **राजविराज पुनरावेदन अदालत**
  २५ मे २०१३ देखि २०१४
- **विशेष अदालतका सदस्य**
  ९ जनवरी २००८ देखि २०१३
- **विभिन्न पुनरावेदनका न्यायाधीश**
  २६ फेब्रुअरी २००६ देखि २००९
- **विभिन्न जिल्लाका न्यायाधीश**
  २२ मार्च १९९० देखि २००६
- **अतिरिक्त जिल्ला न्यायाधीश**
  २८ अप्रिल १९८५ देखि १९९०
- **शाखा अधिकृत**
  १९८१ अक्टोबरदेखि २६ अक्टोबर १९८५

काठमाडौं (कास)- संवैधानिक परिषद्ले सर्वोच्च अदालतका न्यायाधीश ओमप्रकाश मिश्रलाई प्रधानन्यायाधीश नियुक्त गर्न सिफारिस गरेको छ । परिषद्को बिहीबार बसेको बैठकले वरिष्ठतम न्यायाधीश मिश्रलाई सर्वसम्मत सिफारिस गरेको परिषद्का सदस्य कानुनमन्त्री भानुभक्त ढकालले बताए ।

यसअघि प्रधानन्यायाधीशमा सिफारिस अर्का वरिष्ठतम न्यायाधीश दीपकराज जोशीलाई संसदीय सुनुवाइ समितिले अस्वीकार गरेपछि मिश्रले कायममुकायम प्रधानन्यायाधीशका रूपमा न्याय सम्पादन गर्दै आएका छन् । परिषद् सचिवालयले प्रधानन्यायाधीशमा सिफारिस मिश्रको नाम संसदीय सुनुवाइका लागि शुक्रबार नै संघीय संसद्को सचिवालयमा पठाउँदै छ ।

बाँकी पृष्ठ २

### किशोरी हत्या प्रकरण

# प्रदर्शनकारीमाथि गोली



**किशोरी हत्या तथा बलात्कार घटनाका दोषीलाई कारबाही माग्दै बिहीबार कञ्चनपुरको महेन्द्रनगर बजारमा आन्दोलनमा उत्रिएका स्थानीयलाई रोक्ने प्रयासमा प्रहरी ।** *तस्बिर : कान्तिपुर*

- १० जनाभन्दा बढी घाइते
- साँझ ५ देखि बिहान ५ बजेसम्म कर्फ्यु, कर्फ्युको पनि अवज्ञा

■ **चित्रांग थापा र भवानी भट्ट**

कञ्चनपुर- भीमदत्त नगरपालिका २, उल्टाखामकी १३ वर्षीया किशोरीको बलात्कारपछि हत्याको घटनामा प्रहरी अनुसन्धानप्रति असन्तुष्टि जनाउँदै प्रदर्शनमा उत्रिएका स्थानीयमाथि बिहीबार प्रहरीले गोली चलाउँदा कम्तीमा १० जना घाइते भएका छन् ।

ट्राफिक प्रहरी कार्यालय नजिकै भएको झडपमा प्रहरीले गोली चलाउँदा ६ प्रदर्शनकारी र ४ प्रहरी घाइते भएको डीएसपी ज्ञानबहादुर सेठीले जनाए । उनका अनुसार प्रदर्शनकारीतर्फ तेजराज भट्ट र प्रहरीतर्फ हर्कबहादुर पाल गम्भीर घाइते छन् । दुवैको धनगढीस्थित सेती अञ्चल अस्पतालमा र अन्यको महाकाली अञ्चल अस्पतालमा उपचार भइरहेको छ । प्रदर्शनकारीतर्फ भीमदत्त नगरपालिका १८ का अर्जुन भण्डारी, तीर्थप्रसाद पनेरु र कैलालीका सन्तोषकुमार कडरिया घाइते छन् ।

प्रहरीले सोमबार भीमदत्त २, बाग्फाटाका ४१ वर्षीय दिलीप विष्टलाई किशोरी हत्याको मुख्य अभियुक्तका रूपमा सार्वजनिक गरेपछि आन्दोलन चर्किएको हो । मंगलबारदेखि नै महेन्द्रनगर बजारका ठाउँ-ठाउँमा प्रहरी र आन्दोलनकारीबीच झडप भएको थियो । प्रदर्शनकारीले बिहीबार बिहानैदेखि पूर्वपश्चिम राजमार्गअन्तर्गत वेदकोट नगरपालिकाको सुडा, लालपुर र भीमदत्त नगरपालिकाको भासी चोकमा टायर बालेका थिए ।

राजमार्गकेन्द्रित आन्दोलन महेन्द्रनगर बजारतिर सार्न लाग्दा प्रहरीसँग झडप भएको हो ।

बाँकी पृष्ठ २

## प्रजिअ, एसपी र डीएसपी फेरिए

काठमाडौं (कास)- कञ्चनपुरमा बलात्कारपछि हत्याको घटनामा प्रदर्शनले उग्र रूप लिएपछि गृह मन्त्रालयले बिहीबारै त्यहाँका प्रमुख जिल्ला अधिकारी कुमार खड्का, एसपी डिल्लीराज विष्ट र डीएसपी ज्ञानबहादुर सेठीलाई राजधानी तानेको छ ।

घटनाको सूक्ष्म अनुसन्धान गर्न नसकेको भन्दै उनीहरूप्रति पीडित परिवार र स्थानीय आक्रोशित थिए । साउन १० गते नै बेपत्ता छोरी पत्ता लगाउन परिवारले हारगुहार गर्दा बेवास्ता गरेको, घटनास्थलमा शवको मुचुल्का बनाइसकेपछि अलपत्र छोडेको, जबर्जस्ती दाहसंस्कार गराएको र शंकास्पदलाई अनुसन्धान दायरामा नल्याएको पीडितको आरोप छ ।

बाँकी पृष्ठ २

## गृहले बनायो छानबिन समिति

काठमाडौं (कास)- किशोरीको बलात्कारपछि हत्या घटना अनुसन्धान गर्न गृह मन्त्रालयले सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा छानबिन समिति गठन गरेको छ । मन्त्रालयले बिहीबार मन्त्रीस्तरीय निर्णयबाट ५ सदस्यीय समिति बनाएको हो । गृह प्रवक्ता रामकृष्ण सुवेदीका अनुसार समितिमा प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका एक/एक डीआईजी र प्रदेश ७ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधि सदस्य छन् ।

बाँकी पृष्ठ २

# बन्द समाजतर्फ धकेलिने संशय

■ **राजेश मिश्र**, काठमाडौं

- ०४६ सालयता प्रधानमन्त्री तथा मन्त्रीहरूले पदमा बहाल भएपछि सम्पत्ति विवरण सार्वजनिक गर्दै आएका छन् । तर, सरकारले संसद्मा पेस गरेको वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हुबहु पारित भए मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गर्न रोक लाग्नेछ । विधेयकको दफा १० (३) मा सम्बन्धित व्यक्तिको मञ्जुरीबिना व्यक्तिको सम्पत्ति विवरण कसैलाई जानकारी दिन वा सार्वजनिक गराउन नपाउने प्रावधान छ ।
- पत्रकार मात्रै होइन, आममानिस पनि सार्वजनिक स्थलमा बिनारोकतोक तस्बिर खिच्न, सञ्चार माध्यममा प्रकाशन/प्रसारण गर्न वा सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्न अभ्यस्त छन् । पछिल्लो विधेयकले त्यस्ता तस्बिर खिच्न निरुत्साहित गरेको छ । विधेयकको दफा १६ (२) मा सार्वजनिक ठाउँको तस्बिर खिच्दा कुनै व्यक्तिको समेत तस्बिर खिचिन गएमा मञ्जुरीबिना प्रकाशन वा सार्वजनिक गर्न/गराउन नहुने उल्लेख ।
- पदमै बहाल रहेका बेला एकजना पूर्वप्रधानन्यायाधीश र कामु प्रधानन्यायाधीशको शैक्षिक योग्यतासम्बन्धी विषय मिडियामा सार्वजनिक भए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्तको योग्यतामाथि मिडियामा खुला छलफल नै भयो । त्यही छलफलका कारण उनीहरूको पद धरापमा पर्‍यो ।

सार्वजनिक पद धारण गरेका व्यक्तिको योग्यताबारे समाजमा खुला बहस हुँदै आएको छ । तर, प्रस्तावित विधेयक कानुन बनेर आए त्यस्ता प्रश्न, बहस र छलफल रोकिन सक्छ । संसदमा पेस भएको विधेयकको दफा ११ (३) मा सार्वजनिक निकायमा रहेको कुनै पनि व्यक्तिको वैयक्तिक लिखत कसैले सार्वजनिक गर्न वा गराउन नहुने प्रावधान छ । वैयक्तिक लिखतमा शैक्षिक प्रमाणपत्र, नागरिकता, सवारीचालक अनुमतिपत्र, बैंक खाता, लालपुर्जा, सवारी साधनलगायत राखिएको छ ।

२०४६ मा प्रजातन्त्र पुनःस्थापनापछि नेपाली समाजले खुलापनको अभ्यास थालेको थियो । खुलापनको त्यही अभ्यासका कारण तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०६१ सालमा प्रयास गरेको निरंकुशताको अभ्यास लामो समय टिक्न सकेन । ०६२/०६३ को जनआन्दोलनपछि खुलापनको अभ्यासले थप गति लियो । भदौ १ गतेदेखि कार्यान्वयनमा आएको फौजदारी संहिताका केही दफामाथि प्रश्न उठिरहेकै बेला सरकारले संसद्मा पेस गरेको वैयक्तिक गोपनीयतासम्बन्धी विधेयकले खुलापनका विषयमा थप संशय पैदा गरेको छ ।

बाँकी पृष्ठ २

**गोपनीयतासम्बन्धी विधेयक**

**गोपनीयताको हक सार्वजनिक पदधारी व्यक्तिको उपयोगका लागि होइन : प्रमुख सूचना आयुक्त**

**सार्वजनिक पदधारी व्यक्तिको हरेक क्रियाकलाप आलोचनाको विषय बन्न सक्छ : संविधानविद्**

# पहिले हात्ती सयर अहिले सिटी रिक्सा



**सिटी रिक्सा कुदाउँदै मोरङको रंगेलीकी राजकुमारी राजवंशी ।** *तस्बिर : विनोद*

■ **विनोद भण्डारी**

रंगेली (मोरङ)- राजकुमारी राजवंशी कुनै बेला हात्ती चढेर माइत पुग्थिन् । उबेला जमिनदारकी छोरी अनि जमिनदारकै बुहारी रहेकी उनलाई माइत आउजाउ गर्न दुई किलोमिटर टाढा रहेको पतिको घरबाट हात्ती पुग्थ्यो ।

समयक्रमले उनलाई हात्तीबाट 'सिटी रिक्सा' मा पुर्‍याएको छ । अचेल दुई सन्तानको हातमुख जोड्न रंगेलीका कच्ची सडकमा उनी दिनभर सिटी रिक्सा कुदाउँछिन् । उनको बासचाहिँ पतिको परिवार जमिनदार हुँदा २०२५ सालमा बनाइएको हालको रंगेली ६ मा पर्ने पुरानो विशाल घरमै छ ।

२०४९ वैशाख २५ गते विवाह गरेकी राजकुमारी दुई सातापछि घरमा भएको बहादुर नामको हात्तीमा चढेर दर्वेशास्थित माइत गएकी थिइन् । त्यसबेला उनले आफ्ना नन्दहरू ममता, गीता र वसन्तीलाई पनि सँगै लगेकी थिइन् । दुई दिनपछि हात्तीमै फर्केको उनले सुनाइन् ।

त्यसै साल फागुनमा उनको जेठो छोरा भवेशको जन्म भयो । उनलाई पनि पहिलोपटक हात्तीमै राखेर मामा घर लिएर गएको राजकुमारी सम्झन्छिन् । पछि हात्ती पाल्न समस्या भएपछि ससुरा खेमराजले २०५३ सालमा भारत सीतामढीका एक व्यक्तिलाई साढे तीन लाखमा बेचेको उनले बताइन् ।

वैवाहिक जीवनको सुरुवातमा साँच्चिकै 'राजकुमारी' झैं सुविधाभोग गरेकी उनले दुई वर्षअघि परिवारको गुजारा चलाउन सिटी रिक्सा चलाउन थालेकी हुन् । पति शिवराज साथ छाडेर अन्यत्र बस्दै आएका छन् ।

'परिवारको गुजाराका लागि सिटी रिक्सा कुदाउँदा मेरा पतिको बेइज्जती भयो अरे,' राजकुमारीले भनिन्, 'त्यसैले मसँग सम्बन्धविच्छेद माग गर्दै अन्यत्र बस्दै आएका छन् ।'

बाँकी पृष्ठ ३







# मलेसियासँग श्रम सम्झौता हुँदै

**बायोमेट्रिक, स्वास्थ्य परीक्षण, भिसा प्रोसेसिङलगायत नाममा यसअघि बिचौलिया कम्पनी र एजेन्टहरूले उठाउँदै आएको अतिरिक्त शुल्क पनि कामदारले तिर्नुपर्ने छैन ।**

■ **दुर्गा खनाल**

काठमाडौं- मलेसियामा सहज रूपमा नेपाली कामदार पठाउन दुई मुलुकबीच श्रमसम्झौता हुने भएको छ । सम्झौतापछि तीन महिनादेखि रोकिएको मलेसिया कामदार पठाउने प्रक्रिया खुल्नेछ । अब मलेसिया कामदार पठाउने प्रक्रियामा बिचौलिया कम्पनी र एजेन्टहरूले प्रवेश गर्न पाउनेछैनन् । बायोमेट्रिक, स्वास्थ्य परीक्षण, भिसा प्रोसेसिङलगायत नाममा यसअघि बिचौलिया कम्पनी र एजेन्टहरूले उठाउँदै आएको अतिरिक्त शुल्क पनि कामदारले तिर्नुपर्नेछैन ।

नेपालीको प्रमुख श्रम गन्तव्य मानिने मलेसिया जाँदा 'बिचौलिया कम्पनी तथा एजेन्टहरू' ले कामदारबाट आफूखुसी शुल्क लिएर ठग्दै आएका थिए । जेठ २ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले तत्काल मलेसिया कामदार पठाउन रोक लगाउँदै ठगी गर्ने कम्पनी खारेज र कारबाही प्रक्रिया अघि बढाएका थिए ।

अतिरिक्त शुल्क लिने कम्पनी खारेज गर्दै नेपालले कामदार पठाउन रोकेपछि मलेसिया सरकारले चासो दिएको थियो । त्यसपछि दुई मुलुकबीच सहज रूपमा कामदार आदानप्रदान गर्न भइरहेको अनौपचारिक छलफल करिब निष्कर्षमा पुगेको छ । बिचौलिया एजेन्ट र कम्पनीलाई कामदार पठाउने प्रक्रियामा संलग्न हुन नदिने गरी मलेसिया सरकार श्रमसमझदारी गर्न तयार भएको छ ।

यससम्बन्धी समझदारीको प्रारम्भिक प्रस्ताव मलेसियाले नेपाल सरकारलाई पठाइसकेको श्रम मन्त्रालयका अधिकारीले जनाएका छन् । प्रस्तावमा नेपालले सुझाव दिएपछि समझदारी हुनेछ । समझदारीको तयारीका लागि मलेसियास्थित नेपाली कार्यवाहक राजदूत कुमारराज खरेल स्वदेश आएका छन् । मन्त्री विष्टसहित श्रम र परराष्ट्रका अधिकारीबीच छलफल भइरहेको छ । 'दुईपक्षीय श्रम समस्याबारे छलफल गर्न नै आएको हुँ । अनौपचारिक रूपमा छलफल भइरहेको छ,' खरेलले भने । नेपालले आफ्नो प्रस्ताव पठाएपछि मलेसियन मानव संसाधनमन्त्री एम कुलसेगरन नै नेपाल आएर समझदारी गर्ने तयारी भएको श्रम मन्त्रालयका अधिकारीले जनाएका छन् ।

मलेसियन सरकारले भिसा शुल्कबापत ७ सय मात्र तोके पनि बिचौलिया कम्पनी र एजेन्टहरूले बायोमेट्रिक प्रणालीका नाममा ४ हजार ५ सय, स्वास्थ्य परीक्षण गर्न सफ्टवेयरमा नाम दर्ता गर्ने 'माइग्राम'का नाममा ३ हजार ४ सय लिने गरेका थिए । त्यस्तै, पासपोर्ट संकलन गरी नेपालस्थित मलेसियन राजदूतावाससम्म पुऱ्याउने प्रयोजनका लागि 'वान स्टप सेन्टर'का नाममा २ हजार ८ सय, इमिग्रेसन सेक्युरिटी क्लियरेन्सका नाममा ३ हजार २ सय तथा भिसा प्रेसेसिङबापत 'भीएलएन'का नाममा ३ हजार २ सय गरी प्रतिकामदार १९ हजार ३ सय ३२ रुपैयाँ (भ्याटसहित) का दरले असुलेका थिए ।



स्वास्थ्य परीक्षण गर्ने ३९ कम्पनीले सिन्डिकेट खडा गरी शुल्क उठाउँदै आएका थिए । अतिरिक्त शुल्क लिई गैरकानुनी काम गर्ने त्यस्ता ३४ संस्थाका ४४ जना उपर प्रहरीले ३ अर्ब १० करोड ५५ लाख बराबारको बिगोसहित अदालतमा मुद्दा दायर गरेको छ । हाल उक्त मुद्दा विचाराधीन छ ।

बिचौलिया एजेन्ट र कम्पनीहरू मलेसियाबाट कामदार मगाउने रोजगारदाता कम्पनीहरूको समेत संरक्षणमा हुर्केका थिए । अब नयाँ सम्झौताअनुसार रोजगारदाता कम्पनी र कामदार पठाउने म्यानपावर कम्पनीबीच सम्झौता हुने र उनीहरूले बिनाशुल्क सबै प्रक्रिया पूरा गरी कामदार लिनु-दिनुपर्नेछ । मलेसियाका रोजगारदाता र नेपालमा म्यानपावर कम्पनीको अनुगमन सम्बन्धित मुलुकका सरकारले गर्नेछन् । मलेसियामा नेपाली कामदार भर पर्दा मानिन्छन् तर नेपाल सरकारले रोजगारदाता कम्पनीकै संलग्नतामा बिचौलिया कम्पनी र एजेन्ट खडा गरेर नेपाली कामदारमाथि ठगी भएको भन्दै एकतर्फी रूपमा कामदार पठाउन रोक लगाएको थियो । त्यसपछि मलेसियाको संसद्मा आफ्नै मुलुकका कम्पनीहरूका कारण नेपालीमाथि ठगी भएको कुरा उठेको थियो ।

मलेसियन सञ्चार माध्यमले पनि नेपाली कामदारबाट अबैध रकम असुली भइरहेको समाचार प्रकाशित गरेका थिए । त्यसपछि त्यहाँका मानव संसाधनमन्त्री एम कुलसेगरनले संसद्मा जवाफ दिने क्रममा नेपाली कामदार नआएको विषयमा ध्यानाकर्षण भएको जनाएका थिए । संसद्मा कुरा उठेपछि मन्त्री कुलसेगरले नै श्रममन्त्री विष्टसँग द्विपक्षीय समझदारीको पहल गरेका थिए ।

एक साताअघि मलेसियाका प्रधानमन्त्री महाथिर मोहम्मदले पनि नेपाली कामदारका विषयमा बोल्दै अब दुईपक्षीय सम्झौता गरिने जानकारी संसद्लाई दिएका थिए । मोहम्मदले नेपालसँग एकद्वार प्रणालीका आधारमा कामदार आपूर्ति गर्ने बताएका थिए । उनले बंगलादेशसँगको जस्तै 'जी टु जी' अर्थात् सरकार-सरकारबीचको मोडलबाट कामदार आपूर्ति गर्ने संकेत दिए पनि अब हुने सम्झौता त्यो मोडलको होइन । अहिले रोजगारदाता र कामदार आपूर्ति गर्ने कम्पनी बीचबाटै कामदार आदानप्रदान हुनेछ । पछि 'जी टु जी मोडलमा विस्तार गर्न सकिने गरी दुई पक्षका अधिकारीबीच कुराकानी भइरहेको श्रम मन्त्रालयका उच्च अधिकारीले जनाए ।

हाल नेपालले दक्षिण कोरियासँग मात्र 'जी टु जी' मोडलमा कामदार आपूर्ति सम्झौता गरेको छ । यो सम्झौताअनुसार कोरियन भाषा परीक्षा पास गरेकालाई त्यहाँको सरकारले निश्चित कोटामा नेपाली कामदार लिने गर्छ । दुईपक्षीय समझदारी क्रममा मलेसिया सरकारले अन्य मुलुकका कामदारलाई जस्तै नेपाली कामदारलाई पनि समान ज्यालाको व्यवस्था गर्न नेपाली अधिकारीले प्रस्ताव गरेका छन् । हाल मलेसियामा नेपाली कामदारले न्यूनतम १ हजार रिंगेट बराबर तलब पाउँदै आएका छन् । अब यो रकमलाई कम्तीमा १५ सय पुऱ्याउन पहल भइरहेको छ ।



संवैधानिक परिषद् बैठकमा बिहीबार प्रधानमन्त्री, विपक्षी दलका नेता, सभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपसभामुख । *तस्बिर : प्रधानमन्त्री कार्यालय*

## मिश्र प्रधानन्यायाधीश...

सुनुवाइ समितिले सार्वजनिक सूचना जारी गरी एक साताको समय दिएर मिश्रका बारेमा उजुरी आहान गर्नेछ । सचिवालयमा प्राप्त हुने उजुरी अध्ययनपछि समितिले मिश्रलाई बोलाएर सुनुवाइ गर्नेछ । सुनुवाइ समितिबाट अनुमोदन भएपछि मिश्रलाई राष्ट्रपति विद्या भण्डारीले प्रधानन्यायाधीश नियुक्त गर्नेछिन् ।

सर्वोच्चमा तीन वर्ष काम गरेका न्यायाधीश मात्र प्रधानन्यायाधीश हुन योग्य मानिने संवैधानिक व्यवस्था छ । सर्वोच्चमा तीन वर्ष काम गरिसकेका न्यायाधीश दीपकराज जोशी, मिश्र र चोलेन्द्रशमशेर राणा मात्र छन् । जोशी यसअघि नै अस्वीकृत भइसकेकाले मिश्र र राणा मात्र प्रधानन्यायाधीश बन्न संवैधानिक रूपमा योग्य थिए । संसद्ले प्रधानन्यायाधीशका रूपमा आफूलाई अस्वीकार गरेपछि बिदामा बसेका जोशीले परिषद्को निर्णयलाई स्वाभाविक रूपमा लिएको प्रतिक्रिया दिएका छन् । 'परिषद्ले मिश्रजीलाई सिफारिस गरेको मैले भर्खरै थाहा पाएँ,' बिहीबार साँझ कान्तिपुरसँग कुरा गर्दै जोशीले भने, 'यसमा मलाई केही भन्नु छैन, संवैधानिक परिषद्को काम नाम सिफारिस गर्ने हो, गऱ्यो । यसमा म के गर्न सक्छु र !'राष्ट्रपतिसँग लिएको १५ दिने बिदा सकिएपछि उनले थपेको ६ दिन 'भइपरी बिदा' पनि मंगलबार सकिँदै छ । उनले फेरि बिदा थप्ने बताएका छन् । 'म फेरि बिदा थप्दै छु,' उनले भने, 'अरू पनि बिदा छन् नि बाँकी !' संसद्ले आफूलाई अन्याय गरेको भन्दै जोशीले सर्वोच्चमै केहीअघि एक अधिवक्तामार्फत रिट निवेदन दिन लगाएका थिए, जसलाई रजिस्ट्रारले दरपीठ गरिदिएपछि उनले आफूलाई थप अन्याय भएको बताउँदै आएका छन् ।

रुपन्देहीको राइपुर गाउँमा ६५ वर्षअघि जन्मिएका मिश्रले दिल्ली विश्वविद्यालयबाट तुलनात्मक कानुनमा स्नातकोत्तर गरेका छन् । २०३८ सालमा कानुन मन्त्रालयमा शाखा अधिकृतका रूपमा जागिर सुरु गरेका उनी त्यसको ९ वर्षपछि जिल्ला न्यायाधीशका रूपमा अदालत प्रवेश गरेका थिए । उनीपछि वरिष्ठताका आधारमा चोलेन्द्रशमशेर जबरा प्रधानन्यायाधीशको रोलक्रममा छन् । अनुमोदित भएका खण्डमा राणा पनि करिब चार वर्षका लागि सर्वोच्चको सर्वोच्च पदमा रहनेछन् । गत फागुनमा गोपाल पराजुली प्रधानन्यायाधीशबाट पदमुक्त भएदेखि सर्वोच्च अदालत कायममुकायमका भरमा चलिरहेको छ ।

## बन्द समाजतर्फ...

लोकतन्त्रमा सरकारका कामकारबाही खुला र पारदर्शी हुनुका साथै सार्वजनिक महत्त्वका सूचनामा आमनागरिकको सहज पहुँच हुनुपर्छ । त्यही मान्यताअनुरूप संविधानको धारा २७ मा सूचनाको हकलाई मौलिक हकका रूपमा राखिएको छ । अर्कोतिर वैयक्तिक गोपनीयता पनि मौलिक हकमै समावेश छ । धारा २८ मा गोपनीयताको हकसम्बन्धी व्यवस्था छ । कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषय गोपनीयताको हकमा पर्छन् ।

सूचनाको हकलाई आममानिसले व्यवहारमा अभ्यास गरेको दशकौं भइसकेको छ । आममानिसलाई सार्वजनिक सूचनामा पहुँच हुने प्रवाधानसहित सूचनाको हकको कानुन २०६४ सालबाटै कार्यान्वयनमा छ । त्यसको एक दशकपछि ल्याउन लागिएको गोपनीयताको हकसम्बन्धी कानुनले सूचना माग्ने र दिने अभ्यासलाई निरुत्साहित गर्ने देखिएको छ ।

सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले संविधानले आममानिसलाई ७ प्रकारका व्यक्तिगत गोपनीयताको हक दिए पनि राज्य र राज्यका पदाधिकारी, सार्वजनिक निकाय र त्यसका पदाधिकारीको हकमा त्यो उपयोग गर्न नमिल्ने बताए । 'सार्वजनिक निकाय र सार्वजनिक पदाधिकारीले गरेको काम स्वतः सार्वजनिक चासो र महत्त्वका हुन्छन्,' उनले भने, 'गोपनीयताको हक उनीहरूका लागि लागू गर्न मिल्दैन ।' उनले लोकतान्त्रिक पद्धतिमा सार्वजनिक पदाधिकारीले गोपनीयताको शपथग्रहण गर्ने तथा सरकारी चिठीपत्रमा गोप्य, अति गोप्यको छाप लगाउनेजस्ता चलन पनि गलत भएको बताए ।

विधेयकमा भने त्यसविपरीत चिठीपत्र र विद्युतीय माध्यमका पत्राचारलाई थप गोप्य बनाउनुपर्ने प्रावधान राखिएको छ । संविधानले व्यक्तिको चरित्रसम्बन्धी विषयलाई गोपनीय मानेको छ । त्यसअनुसार ल्याउन खोजिएको कानुनमा पनि कुनै व्यक्तिको चरित्र, आचरण वा व्यवहारका सम्बन्धमा कसैले कुनै टीकाटिप्पणी गर्न नहुने प्रावधान छ । विधेयकले हुबहु कानुनी रूप पाए सार्वजनिक पदधारी व्यक्तिका चरित्र, आचरण वा व्यवहारमाथि प्रश्न उठाउन पाइनेछैन ।

संविधानविद् भीमार्जुन आचार्यले सार्वजनिक पदधारी व्यक्तिका हरेक क्रियाकलाप सार्वजनिक छलफल र मिडियामा आलोचनाको विषय बन्न पाउने बताए । 'आममानिसको व्यक्तिगत विषयलाई धेरै हदसम्म गोप्य नै मानिन्छ, बिनाकारण सार्वजनिक गरिनु स्वस्थ मानिँदैन,' उनले भने, 'तर सार्वजनिक पदमा बसेका व्यक्तिको गोपनीयता र निजी जीवन धेरै कम हुन्छ । उसको व्यैक्तिक र सार्वजनिक दुवै कामले आममानिसलाई प्रभाव पारेको हुन्छ । त्यसलाई नै गोप्य राख्न खोजेको हो भने त्योभन्दा अपारदर्शी र बन्द समाजको अर्को नमुना खोज्नै पर्दैन ।' विधेयकले खुलापनको अभ्यासलाई बन्द समाजतिर धकेल्न खोजिएको हो कि भन्ने शंकालाई ठाउँ दिएको उनले बताए ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वभौमसत्तामै गम्भीर खलल पर्ने, मुद्दा अनुसन्धानमा दक्खल पर्ने, आर्थिक रूपमा गोपनीय विषय, जातीय सदभाव भडकिने र नितान्त व्यक्तिगत विषयमा मात्रै सूचना प्रवाहमा रोक लगाउन सकिने भनेको छ । प्रमुख आयुक्त बाँस्कोटाले बाध्य हुन नपर्ने पाँच प्रकारका सूचनाबाहेक अन्य सूचना प्रवाहमा नियन्त्रण हुने गरी ल्याइने कुनै पनि कानुन आयोगलाई स्वीकार्य नहुने बताए । सूचनाको हकसँग बाझिने गरी अहिले पनि केही प्रावधान रहेकाले सुधार गरिनुपर्ने उनको भनाइ छ ।

संविधानविद् आचार्यले राज्य तथा संसद्ले गोपनीयताको हक, सूचनाको हक र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हकबीचमा सन्तुलन ल्याएर मात्रै कानुन बनाउनुपर्ने बताए । 'लामो संघर्षपछि व्यक्तिको अभिव्यक्ति तथा प्रेस स्वन्त्रताको संवैधानिक ग्यारेन्टी भएको हो,' उनले भने, 'त्यसमा कटौती प्रयास भएको देखिन्छ । विधेयकका दफाले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामा संकुचन ल्याउन खोजेको छ जुन संविधानको मूल भावनाविपरीत हो ।'

## प्रदर्शनकारीमाथि गोली...

जिल्ला ट्राफिक कार्यालयभित्र आन्दोलनकारी पस्न खोज्दा प्रहरीले गोली चलाएको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए । जुलुस प्रदर्शन गर्दै अगाडि बढिरहेको अवस्थामा प्रहरीले रोक्न खोज्दा झडप भएको प्रदर्शनकारीले बताए । 'दुवै पक्षबीच ढुंगा हानाहान भयो, प्रहरीले अश्रुग्यास प्रहार गऱ्यो र करिब ५० राउन्ड गोली चलायो,' एक प्रदर्शनकारीले भने । डीएसपी सेठीले सयौं सेल अश्रुग्यास प्रहार भएको तर फायर कति भयो भन्ने विवरण आइनसकेको जनाए । प्रहरीले गोली चलाएपछि पनि महेन्द्रनगर बजारका ठाउँ-ठाउँमा झडप भयो । मुख्य बजार क्षेत्र मदन चोक, पार्क चोक, बसपार्कलगायत ठाउँमा प्रहरीले थुप्रै अश्रुग्यास प्रहार गरेको थियो ।

प्रहरीले कर्फ्युको माइकिङ गरिरहँदा पनि आन्दोलनकारी हटेका थिएनन् । उनीहरूले भीमदत्त नगरपालिका कार्यालयमा तोडफोड र आगजनी प्रयास गरेको प्रहरीको दाबी छ । सुरक्षाको स्थिति बिग्रँदै गएपछि प्रशासनले बिहीबार साँझ ५ बजेदेखि शुक्रबार बिहान ५ बजेसम्म महेन्द्रनगर बजार क्षेत्रमा कर्फ्यु लगाएको छ ।

## गृहले बनायो...

यसैबीच सांसदहरूले कञ्चनपुरमा किशोरीमाथि बलात्कारपछि हत्या घटना छानबिनका लागि संसदीय समिति बनाउन माग गरेका छन् । 'सडकबाट फलानो बलात्कारी हो भनेर अपराधी घोषणा भइरहेको छ । आन्दोलनले दोषी पत्ता लगाउने होइन,' प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसद दीपक भट्टले भने, 'कञ्चनपुर घटनामा संसदीय छानबिन समिति बनाउनुपर्छ ।'

सांसद रंगमती शाहीले पीडितले दोषीलाई कारबाही माग गर्दा उनीहरूमाथि नै दमन भएको बताइन् । सांसद रामबहादुर विष्टले दोषी पत्ता लगाउन सरकार असफल भएको बताए । सांसद मीना पाण्डेले अभियुक्त जोगाउने प्रयास भइरहेको भन्दै बलात्कार र हत्याजस्तो जघन्य अपराधलाई राजनीतीकरण नगरी निष्पक्ष छानबिन गर्न माग गरिन् । मीनबहादुर विश्वकर्माले दोषीलाई कारबाही दायरामा ल्याउनु साटो सुस्त मनस्थितिका व्यक्तिलाई अभियुक्त बनाई जनतालाई ढाँटिएको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद राधा ज्ञवालीले नाबालिका बलात्कार गर्नेलाई मृत्युदण्ड दिने गरी संविधान संशोधन गर्नुपर्ने बताइन् ।

यसैबीच कांग्रेस नेता रमेश लेखकले आन्दोलनकारीमाथि दमन रोकेर तत्काल वास्तविक अपराधी पत्ता लगाउन र घटनाको न्यायिक छानबिन गर्न माग गरेका छन् ।

## प्रजिअ, एसपी...

आन्दोलनकारीले सुरुदेखि नै एसपी विष्ट अनुसन्धानलाई अन्यत्र मोडेर वास्तविक अपराधी जोगाउन लागिपरेको आरोप लगाउँदै आएका थिए ।

बलात्कारपछि हत्या गरिएकी किशोरी आफूसँगै पढ्ने रोशनी बमको घरमा गएको अवस्थामा बेपत्ता भएकाले घटनाको अनुसन्धान पनि त्यही घरबाट हुनुपर्छ भन्ने किशोरीका बुबालगायत स्थानीयवासीको माग थियो । 'तर एसपी विष्ट रोशनी दिदीबहिनीलाई जोगाउन लागिपरे, हामीलाई दिनहुँ धम्क्याउन थाले,' किशोरीका बुबाले भने, 'न्याय पाउने कुरा त परै जाओस्, प्रहरी प्रमुखबाट डर, त्रास र धम्की मात्रै पाएँ ।'

**प्रशासन र प्रहरी प्रमुखमा नयाँ पठाइए**

यसैबीच गृह मन्त्रालयले कञ्चनपुरको प्रजिअमा सहसचिव तारानाथ अधिकारी, जिल्ला प्रहरी प्रमुखमा एसपी कुवेरसिंह कठायत र डीएसपी कृष्णराज ओझालाई पठाएको छ । उनीहरू तीनै जना शुक्रबार कञ्चनपुर पुगेर जिम्मेवारी सम्हाल्ने र घटनाको छानबिन थाल्ने मन्त्रालयले जनाएको छ । प्रदेश ७ को संघीय इकाई कार्यालय धनगढीबाट वरिष्ठ प्रहरी उपरीक्षक विक्रमबहादुर चन्द घटनाको अनुसन्धान प्रक्रिया र सुरक्षास्थितिमा समन्वय गर्न बिहीबारै महेन्द्रनगर पुगेका छन् ।






## कांग्रेसको विधान समिति गठन

काठमाडौं (कास)- कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको विधान संशोधनका लागि बिहीबार मस्यौदा समिति गठन गरेका छन् । विधान मस्यौदा समिति गठन गर्न ढिलाइ गरेर महासमिति बैठक सार्न खोजेको भन्दै संस्थापनइतर पक्षले असन्तुष्टि जनाइरहेका बेला सभापति देउवाले महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेका हुन् ।

संघीय संरचनाअनुसार पार्टीको संगठनात्मक संरचनालाई रूपान्तरण गर्न केन्द्रीय कार्यसमितिको वैशाख ६ को बैठकले पार्टीको विधान २०१७ (संशोधित र परिमार्जित) लाई संशोधन गर्न मस्यौदा समिति गठन गर्ने निर्णय गरेको थियो । समितिमा संस्थापन पक्षबाट संयोजकसहित ७ र संस्थापनइतर पक्षबाट ४ सदस्य छन् । समिति सदस्यमा मीनेन्द्र रिजाल, फरमुल्लाह मन्सुर, मानबहादुर विश्वकर्मा, दिलेन्द्र बडु, महालक्ष्मी उपाध्याय, आनन्दप्रसाद ढुंगाना, नवीन्द्रराज जोशी, सीता गुरुङ, प्रदीप पौडेल र रमेश लेखक छन् ।

भदौमा महासमिति नभए देउवाको नेतृत्व असफल हुने भनी संस्थापनइतर पक्षीय नेताले चेतावनी दिइरहेका बेला सभापतिनिकट केन्द्रीय सदस्यहरूले तोकिएकै समयमा महासमिति बैठक गर्न सुझाएका छन् । वैशाख १६ को केन्द्रीय कार्यसमिति बैठकले भदौभित्र महासमिति गर्ने निर्णय गरेको थियो ।

सभापति देउवाले आफूनिकट सदस्यसँग बिहीबार बूढानीलकण्ठस्थित निवासमा परामर्श गरेका थिए । अधिकांश सदस्यले भदौमा महासमिति बैठक नगर्दा गलत सन्देश जाने भन्दै विधान चाँडो टुंग्याएर तोकिएकै समयमा महासमिति बैठक गर्न सुझाव दिएका थिए । 'अब भदौ अन्तिम साताभित्रै महासमिति बैठक गर्ने मनस्थितिमा सभापति हुनुहुन्छ,' देउवानिकट एक केन्द्रीय सदस्यले भने, 'कांग्रेसको शुक्रबार बस्ने केन्द्रीय कार्यसमिति बैठकले महासमिति बैठकको तिथि र स्थान तोक्नेबारे छलफल भएको छ ।' सभापति देउवाले अनुशासन समिति र केन्द्रीय कार्यसम्पादन समिति पनि बनाउने तयारी गरेका छन् । वरिष्ठ नेता रामचन्द्र पौडेलले यी दुवै समितिमा रहनेको नाम पठाउने भएपछि समिति गठन गर्ने तयारीमा देउवा पुगेका हुन् ।

### तरकारीमा सिन्डिकेट

# बलिया व्यवसायी, निरीह सरकार

■ राजु चौधरी

काठमाडौं- सरकारी अनुगमन टोलीलाई गत सोमबार कालीमाटी तरकारी बजार अनुगमन गर्दा व्यवसायीले नियन्त्रणमा लिए । अनुगमनको विरोधमा व्यवसायीले भोलिपल्ट तरकारी बिक्री ठप्प पारे । व्यवसायीले अनुगमन टोलीमाथि गरेको यो दुर्व्यवहार पहिलो घटना हैन ।

दुई वर्षअघि तत्कालीन आपूर्तिमन्त्री गणेश पुनको नेतृत्वमा बल्खु तरकारी बजारमा अनुगमन गर्दा यस्तै भएको थियो । ढक तराजुहरू प्रमाणित नगरी प्रयोग गरेको भेटिएपछि कारबाही गर्न खोज्दा अनुगमन टोली र व्यापारीबीच झडप नै भएको थियो । नापतौल विभागबाट प्रमाणित नगरिएका ढक तराजु उठाएपछि व्यापारीहरूले आक्रमण पनि गरे । एक दशकअघि बानेश्वर तरकारी बजारमा अनुगमन गर्दा व्यवसायीले अनुगमन निरीक्षण अधिकृत ईश्वर बस्नेतलाई कुटपिट नै गरे । बस्नेतलगायतको टोली ज्यान जोगाउन सवारी साधन नै छाडेर भाग्नुपरेको थियो । व्यवसायीले ढक तराजु बिगारेर कारोबार गरेको पाइए सिलबन्दी गर्ने तयारी गर्दा अनुगमन टोलीमाथि व्यवसायीले आक्रमण गरेका थिए ।

यी घटनाहरू अनुगमनका केही उदहारण मात्रै हुन् । सरकारले अनुगमन क्रममा कैफियत भेटिएका व्यवसायीलाई कारबाही गर्न खोज्दा अनुगमन टोली नै उल्टै आक्रमणमा परेका दर्जनौं उदाहरण छन् । अनुगमन टोलीमाथि आक्रमणलगत्तै सरकारी निकायले कारबाहीको चर्को स्वर गर्ने गरे पनि अन्ततः राजनीतिक आडमा उन्मुक्ति नै पाउँछन् । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका अनुसार अनुगमन टोलीमाथि आक्रमण गर्ने कुनै पनि व्यवसायीलाई हालसम्म कारबाही भएको उदाहरण छैन । औपचारिक रूपम प्रतिक्रिया दिन नचाहने सरकारी अधिकारीहरूका अनुसार अधिकांश घटनामा संलग्न व्यापारीहरू राजनीतिक आडमा कानुनी कारबाहीबाट उम्कने गरेका छन् । 'जसले व्यवसायीमा गतल ढंगको उत्साह सिर्जना गरिदिन्छ,' अनुगमनमा संलग्न एक अधिकारीको दाबी छ ।

'अधिकांश व्यवसायीको ठूला दलका नेतासँग उठबस हुन्छ । विभिन्न पार्टीसँग नजिक छन्,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'त्यसको प्रतिफल अनुगमन टोलीमाथि नै आक्रमण हुन्छ ।' अनुगमन क्रममा आक्रमणलगायत घटना भए पनि ती व्यवसायीलाई कारबाहीको दायरामा ल्याइएको छैन । सरकारले अनुगमनमा हिंड्ने टोलीलाई शान्तिसुरक्षाको प्रत्याभूति गराउन सकेको छैन । सरकारी टोलीमाथि नै आक्रमण हुँदासमेत कारबाही नहुँदा राज्य विफल हुँदै गएको उपभोक्ताकर्मीहरू बताउँछन् । 'अनुगमन टोलीलाई बन्धक बनाउने, कुटपिट गर्नेलाई कारबाहीको दायरामा ल्याउन सक्नुपर्थ्यो,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले भने, 'तर विगतको घटनामा कारबाही हुन सकेन । यसले अनुगमन टोलीलाई निरुत्साहित बनाउँछ ।'


कालिमाटी तरकारी बजार । *तस्बिर : इलिट जोशी*

यता उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले बिचौलियालाई कारबाहीको दायरामा ल्याउने दाबी गरे । 'गडबड गर्ने, सरकारले अनुगमन गर्दा विरोध गर्नेलाई छुट हुँदैन,' मन्त्री यादवले भने, 'अनुगमनमा अवरोध गर्ने एक व्यवसायीलाई कारबाहीको प्रक्रिया बढाएका छौं । अन्यको पनि खोजी भइरहेको छ ।' सबै क्षेत्रमा बेथिति रहेकाले सबै व्यवसायीलाई कारबाही गर्दा व्यवसायी राख्ने ठाउँ नहुने दाबी गरे । 'पैसा कमाउने नाममा व्यवसायीले अपराध गरेका छन्,' उनले भने, 'गृह, कृषि मन्त्रालयसहितको टिमलाई तीव्र बनाएका छौं । बिचौलिया सबै हटाउँछौं । अनुगमन दीर्घकालीन रूपमा हुन्छ ।'

> अनुगमन टोलीमाथि आक्रमणलगत्तै सरकारी निकायले कारबाहीको चर्को स्वर गरे पनि अन्ततः राजनीतिक आडमा उन्मुक्ति नै पाउँछन् ।

**प्रतिवेदन दराजमै**

सरकारले बिचौलियको अन्त गर्न यसअघि तयार पारेको अध्ययन प्रतिवेदन दराजमै थन्किएको छ । विभागका तत्कालीन निर्देशक निरज पौडेलको संयोजकत्वमा गठित अध्ययन टोलीले पाँचखाल, धादिङ, नुवाकोट र मकवानपुरका तरकारी उत्पादक, स्थानीय संकलक तथा व्यापारी, कालीमाटी बजारका व्यापारी, खुद्रा व्यापारीलगायतसँग अन्तरक्रियापश्चात् प्रतिवेदन तयार पारेको थियो । गत मंसिरमा तयार पारिएको प्रतिवेदनमा विभिन्न तहमा मूल्य तोकिँदा उपभोक्ता ठगिएको, बिचौलियाले किसान र उपभोक्तालाई मर्कामा पारेको प्रतिवेदन तयार पारेको थियो । प्रतिवेदन आपूर्ति मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा बुझाए पनि कार्यान्वयन भएको छैन । प्रतिवेदनअनुसार कृषकदेखि उपभोक्तासम्म आइपुग्दा १ सय १८ प्रतिशतसम्म मूल्य परिवर्तन हुन्छ ।

किसान र उपभोक्ताबीचको मूल्यअन्तर घटाउन पार गर्नुपर्ने चरण घटाउनुपर्ने, कृषकले आफ्नो उत्पादनको बजार व्यवस्थापन आफैंले गर्न पाउने अवस्था सिर्जना गर्नका लागि कृषक सहकारीको आफ्नै स्टल तरकारी बिक्री केन्द्रमा रहने व्यवस्था मिलाउनुपर्ने सुझाव दिएको थियो । किसानलाई स्थानीय व्यापारी तथा मध्यस्थकर्ताको चंगुलबाट स्वतन्त्र राख्नका लागि सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउने, बीउविजन विषादीको सहज उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने, मूल्य निर्धारण प्रक्रियामा सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह गरी बिचौलियाहरूले मनोमानी रूपमा मूल्य तोक्ने परिपाटी अन्त्य गर्नुपर्ने सिफारिस गरेको थियो ।

**कालीमाटी समिति खारेज गर्न माग**

उपभोक्ता अधिकारकर्मीहरूले कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति नै खारेज गर्नुपर्ने माग गरेका छन् । समितिले स्टल भाडा उठाउनेबाहेक अन्य काम नगरेको जनाउँदै उनीहरूले तत्काल खारेज गरी किसान, उपभोक्ता, व्यवसायी र सरकारसहितको मोडलमा सञ्चालन गर्नुपर्ने माग गरेका हुन् । उनीहरूले प्रधानमन्त्री कार्यालय, आपूर्ति मन्त्रालय र कृषि मन्त्रालयमा ज्ञापनपत्र बुझाएर बजार व्यवस्थित गर्न माग गरेका हुन् ।

'समितिले बिचौलियालाई प्रोत्साहनबाहेक केही गरेको छैन । समितिकै कर्मचारीको मिलेमतोमा किसान र उपभोक्ता ठगिएका छन्,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले भने, 'बिचौलियको अन्त गर्न समिति नै खारेज गर्नुपर्छ ।' राष्ट्रिय उपभोक्ता मञ्चले जारी गरेको विज्ञप्तिमा पनि तत्काल विघटन गरी पब्लिक प्राइभेट पार्टनरसिप उद्यमका रूपमा विकास गरी सरकारको स्वामित्वसहितको कम्पनीमा रूपान्तरण गर्ने उल्लेख छ ।

तरकारी बजारलाई स्वच्छ, पारदर्शी र प्रतिस्पर्धायुक्त बनाउन अत्यन्त जरुरी भएको जनाएको छ । 'कालीमाटी तरकारी तथा फलफूल विकास समितिभित्र भइरहेको व्यवस्थापकीय तथा व्यावसायिक बेथितिलाई निरुपण गर्न जरुरी छ,' विज्ञप्तिमा भनिएको छ, 'सम्बन्धित मन्त्रालय तथा नियामक निकायलाई आवश्यक निर्देशन दिई उपभोक्ता हित रक्षाका लागि पहल गरिपाउन प्रधानमन्त्रीसँग माग गर्दछौं ।'

## प्रेसविरोधी कानुनमा आपत्ति



काठमाडौं (कास)- नागरिक अभियन्ता डा. गोविन्द केसीले मुलुकी अपराध संहिताका चिकित्सा र प्रेसविरोधी प्रावधानप्रति आपत्ति जनाएका छन् । उनले यस्ता प्रावधानमा सुधार नगरिए नागरिकको स्वास्थ्यको अधिकार तथा अभिव्यक्ति र प्रेस स्वतन्त्रताजस्ता संविधानप्रदत्त अधिकार रक्षाका लागि जस्तोसुकै कदम उठाउन तयार रहेको समेत जनाएका छन् ।

डा. केसीले बिहीबार जारी गरेको विज्ञप्तिमा मुलुकी ऐन विस्थापित गर्ने कानुनमै प्रेस स्वतन्त्रताविरोधी अनेक बन्देज राखिएकामा चौतर्फी विरोध भइरहेको उल्लेख गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'सरकारले संविधानले परिकल्पना गरेको अभिव्यक्ति र प्रेस स्वतन्त्रता नै कुण्ठित हुने गरी कथित गोपनीयतासम्बन्धी विधेयक ल्याउन लागेकामा मेरो गम्भीर आपत्ति छ । यसले सरकार पारदर्शिता कायम गर्ने कठिन तर सही बाटो छोडेर मिडियामाथि अनेकखाले अंकुश लगाएर भ्रष्टाचार, अपराध र निकम्मापन छोप्ने सजिलो तर गलत बाटो हिँड्न उद्यत भएको देखिन्छ ।'

डा. केसीले सरकारको रवैयाले कतै लोकतन्त्रका आधारस्तम्भ नै कमजोर पारेर अधिनायकवादी व्यवस्थातिर जान लागेको त होइन भन्ने प्रश्नसमेत उठेको बताएका छन् । 'सुशासन र समृद्धिको सपना देखाएर सत्तामा पुगेको सरकार यति छिट्टै त्यो सपना बिर्सेर विरोध र असन्तुष्टिका आवाज रोक्न केन्द्रित हुनु ठूलो विडम्बना हो,' उनले भनेका छन् ।

उनले हालको कानुनी व्यवस्थाले राज्यको प्राथमिकता चिकित्सक र स्वास्थ्यकर्मीको क्षमता बढाएर अधिकतम राम्रो उपचार दिने नभई कमजोरी वा लापरबाहीको आरोपपिच्छे मुद्दा-मामिलामा फसाउने र तीमध्ये धेरै अवस्थामा जेल पठाउने व्यवस्था गर्नु रहेको देखिएको आरोपसमेत लगाएका छन् । उपचारमा चित्त नबुझे बदनियतको आरोप लगाएर सिधै मुद्दा-मामिलामा जाने व्यवस्था गरिएको औंल्याउँदै डा. केसीले संहितामा लापरबाही वा बदनियत पुष्टि गर्ने निकाय वा मापदण्डसम्बन्धी व्यवस्था नै नभएको जनाएका छन् । 'यसले स्वास्थ्यकर्मीको ध्यान उपचारभन्दा मुद्दा-मामिलातर्फ हुन्छ, स्वास्थ्यकर्मीले अलिकति पनि जोखिम लिएर उपचार गर्ने अवस्था रहँदैन,' उनले भनेका छन् ।

## छोटकरी

**विश्वकर्मा फेरि अदालतबाटै पक्राउ**

काठमाडौं (कास)- प्रहरीले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मालाई बिहीबार दोस्रोपटक अदालत परिसरबाटै पक्राउ गरेको छ । सर्वोच्चको बिहीबारको आदेशमा रिहा भएलगत्तै प्रहरीले विश्वकर्मालाई पक्राउ गरेको हो । नेकपाले भोजपुरमा गराएको बम विस्फोटको घटनामा समेत संलग्न भएकाले विश्वकर्मालाई पक्राउ गरिएको काठमाडौं प्रहरी परिसरका एक अधिकारीले जानकारी दिए । उनका अनुसार विश्वकर्मालाई भोजपुर लगेर हिरासतमा राखिनेछ र त्यहीँ नै मुद्दाको प्रक्रिया अघि बढाइनेछ । यसअघि चन्दा असुली अभियोगमा साउन २३ मा पक्राउ परेका विश्वकर्मालाई सर्वोच्चले छाड्ने आदेश दिएको थियो ।

**वरिष्ठ पत्रकार न्यौपानेको निधन**

काठमाडौं (कास)- वरिष्ठ पत्रकार रामचन्द्र न्यौपानेको निधन भएको छ । ८४ वर्षीय न्यौपानेको मंगलबार राति सुतिरहेको अवस्थामा राजधानीको लैनचौरस्थित निवासमा निधन भएको जानकारी परिवारले दिएको छ । बेलुका खाना खाएर सुतेका न्यौपानेलाई बिहान ४ बजे ओछ्यानमै मृत अवस्थामा फेला पारिएको थियो । उनी लामो समयदेखि उच्च रक्तचापबाट पीडित थिए ।

५० वर्षभन्दा लामो समय पत्रकारितामा सक्रिय न्यौपाने पछिल्लो समय राष्ट्रदूत साप्ताहिकका सम्पादक थिए । उनी गोरखापत्र दैनिकको प्रधानसम्पादकसमेत भएका थिए । उनका दुई श्रीमती, दुई छोरा र तीन छोरी छन् ।

**त्रिवि मानवशास्त्र विभाग प्रमुखमा चेमजोङ**

काठमाडौं (कास)- त्रिभुवन विश्वविद्यालय मानवशास्त्र केन्द्रीय विभाग प्रमुखमा उपप्राध्यापक डम्बर चेमजोङ नियुक्त भएका छन् । विभाग प्रमुख प्राध्यापक लयप्रसाद उप्रेतीले राजीनामा गरेपछि बुधबार चेमजोङलाई नियुक्त गरिएको उपकुलपति तीर्थराज खनियाँले जानकारी दिए । त्रिवि र अमेरिकी सहयोग नियोग (यूएसएआईडी) बीच सम्झौताअनुसारको परियोजनालाई 'विभाग प्रमुखले दुरुपयोग गरेको' विद्यार्थी र शिक्षकले आरोप लगाएपछि उप्रेतीले राजीनामा गरेका थिए ।

# अपांगता भएकाले सुविधा पाएनन्

■ गणेश राई

काठमाडौं- ऐन संशोधन नहुँदा अपांगता भएका थुप्रै व्यक्ति परिचयपत्र पाउनबाट वञ्चित छन् । परिचयपत्र हुनेले पनि तोकिएको सेवा सुविधा पाएका छैनन् ।

सरकारले 'अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' ल्याएको थियो । राज्य पुनःसंरचनापछि अपांगता भएकाहरूको हेरविचार गर्ने महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेत खुम्चिन पुगेको छ ।

अहिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनेको छ, जसमा 'अपांगता अधिकार प्रवर्द्धन शाखा' मात्र छ । २०७५/७६ को बजेटले अपांगता क्षेत्रलाई सम्बोधन गरे पनि अपांगता भएकाको सुविधाका लागि आवश्यक रकम विनियोजन गरिएको छैन । मन्त्रालयका अधिकारीले केन्द्रीय बजेट स्थानीय सरकारअन्तर्गत विनियोजन भएको दाबी गरेका छन् । तर, स्थानीय तहबाट अपांगता भएकाले परिचयपत्रका आधारमा सुविधा पाएका छैनन् ।

ऐन संशोधन प्रक्रियामा रहेको तर सरोकारवाला पक्षसित समन्वय नभएको राष्ट्रिय अपांग महासंघले नेपालले जनाएको छ । सरकारले समाज कल्याण मन्त्रालयमार्फत अपांगता भएका व्यक्तिलाई शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारमूलक तालिम, समुदायमा आधारित पुनःस्थापनासम्बन्धी कार्यक्रम, सहायक सामग्री निर्माण गरी उपलब्ध गराउने र सामाजिक सुरक्षा भत्ता दिने गरेको थियो । मन्त्रालयका अधिकारीले यसपटक केन्द्रीय बजेट घटेकाले अपांगता भएका व्यक्तिलाई

> ऐन संशोधन नहुँदा परिचयपत्र वितरणसमेत ठप्प

दिइँदै आएको सुविधा दिन नसकेको दाबी गरेका छन् । 'देश संघीयतामा गएकाले यसपटक अपांगता भएकाका निम्ति राष्ट्रिय बजेट घटेको छ, कतिपय शीर्षकमा बजेट शून्य छ,' मन्त्रालयको अपांगता अधिकार प्रवर्द्धन शाखाका प्रमुख केशव भट्टराईले भने, 'अहिले राष्ट्रपति महिला उत्थान कार्यक्रममा बजेट छ । त्यसबाट केही हदसम्म सम्बोधन गर्न सकिन्छ । ऐन संशोधनका क्रममा छ । ऐन पारित भएपछि परिचयपत्र वितरण सुरु हुनेछ ।'

मन्त्रालयको तथ्यांकअनुसार मुलुकभर ५ लाख १३ हजार ३ सय २१ अपांगता भएका व्यक्ति छन् । आर्थिक वर्ष २०७३/७४ सम्ममा २ लाख ३५ हजार १ सय ३६ जनाले मात्र परिचयपत्र पाएका छन् । क, ख, ग र घ वर्गको परिचयपत्र दिइएको छ । 'अर्थमन्त्रीले बजेट वक्तव्यमा हामीलाई सम्बोधन गरेको पाएर औधी खुसी भयौं,' राष्ट्रिय बहिरा महासंघका अध्यक्ष केपी अधिकारीले भने, 'तर अक्षरमा आयो, अंकमा बजेट आएन । बहिराका निम्ति कार्यक्रम र बजेट केही छैन ।'

महासंघले नेपाली सांकेतिक भाषा अनुसन्धान केन्द्र र दोभासे तालिम केन्द्र स्थापना हुनुपर्ने माग राख्दै आएको उनले बताए ।

राष्ट्रिय अपांग महासंघ अध्यक्ष सुदर्शन सुवेदीले आफ्ना माग र मुद्दाबारे सरकारको ध्यानाकर्षण गराउँदै आएको बताए । 'हामीलाई गणना गर्नोस् र समावेश गर्नोस् भन्ने अभियानमा छौं,' संवैधानिक व्यवस्थाअनुसार स्थानीय सरकारमा अपांगता भएकाहरूको समानुपातिक प्रतिनिधित्व नरहेको उल्लेख गर्दै उनले भने, 'अपांगताको पहिचान, सवालमा विकास र अधिकारसँग जोडेर कानुन नबन्नु र बजेट आउन नसक्नु नै मुख्य कमजोरी हो ।'

# पहिले हात्ती सयर...

परिवार टाट उल्टेर घरमा बिहान-बेलुका चुलो धुवाँउन पनि छाडेको थियो । पतिले कमाइ पनि नगर्ने भएकाले आफूले सिटी रिक्सा चलाउन थालेको उनले बताइन् । 'अहिले मेरो केही नभए पनि म अहिले पनि मनको जमिनदार हुँ,' शिवराजले भने, 'श्रीमतीले सिटी रिक्सा चलाउन थालेपछि मेरो इज्जत सडकमा पुग्यो, त्यसैले छाडेर बेग्लै बस्दै आएको हुँ ।'

उनीहरूलाई सँगै बस्न स्थानीय महिला समूहले आग्रह गरेका थिए । तर शिवराजले पत्नीले सिटी रिक्सा कुदाएकै कारण सम्बन्धविच्छेद गर्ने अडान लिएपछि सम्भव नभएको प्रगतिशील नगर महिला सञ्जालकी अध्यक्ष पुनम सापकोटाले बताइन् । 'शिवराज कुनै समयका जमिनदार नै थिए तर अहिले उनको केही पनि छैन,' उनले भनिन्, 'परिवारको गुजारा चलाउन राजकुमारीले सिटी रिक्सा चलाउँदा उनले आफ्नो इज्जत गएको भन्दै घरै छाड्नु र सम्बन्धविच्छेद गर्न दबाब दिनु अनुचित हो ।'

राजकुमारी तत्कालीन दर्वेशा गाविसका जमिनदार करमचन राजवंशीकी छोरी र रंगेलीका अर्का जमिनदार खेमराज राजवंशीकी बुहारी हुन् । 'म २०४९ सालमा यो घरमा बुहारी भएर भित्रँदा ससुराको नाममा करिब ३० बिघा जमिन र घरमा हात्ती थियो,' राजकुमारीले भनिन्, 'अहिले आफू बुहारी भएर भित्रिएको पुरानो हबेली घरले चर्चेको रंगेली ६ मा १७ धुर जमिन र सुनवर्षी नगरपालिका ८ कुडेलीमा ५ कट्ठा जमिनबाहेक केही पनि छैन ।' उनका अनुसार ससुराहरू छुट्टिँदा सुन र चाँदी तराजुमा जोखेर बाँडफाँट गरेका थिए ।

भएको जमिन सबै बिक्री गर्दै मोजमस्ती गरेर सिध्याएको उनको भनाइ छ । 'घरको गर्जो टार्नैका लागि आफू तीनपटक वैदेशिक रोजगारीका लागि विदेश पनि गएँ । त्यहाँबाट पठाएको रकमसमेत मोजमस्तीमै सिध्याएछन्,' उनले भनिन् ।

२०६३ सालमा कुवेत गएर दुई वर्ष बसेकी थिइन् । त्यहाँबाट पठाएको साढे ३ लाख श्रीमान्लाई पठाए पनि सबै मोजमस्तीमा सकेको उनले बताइन् । २०६६ मा फेरि साउदी गइन् । त्यहाँको कमाइ पनि सुरक्षित हुन पाएन । त्यसपछि पतिलाई सँगै लिएर भारत गएको उनले सुनाइन् । 'मदिरा खाने लत भएका उनी त्यहाँबाट भागेर आएपछि म पनि फर्किएँ,' उनले भनिन्, 'केही गर्दा साध्य नभएपछि सिटी रिक्सा चलाएर परिवारको गुजारा चलाउन थालेकी हुँ ।' राजकुमारीले २ लाख ३५ हजार ऋण लिएर सिटी रिक्सा चलाएकी हुन् । २८ हजार ऋण तिर्न बाँकी रहेको उनले बताइन् ।



# गण्डकी प्रदेश

पोखरा



**सस्तो तरकारी**

बागलुङ गुठीकी किसान निउरो र साग बिक्री गर्दै । सोझै बजारमा ल्याएर बेच्दा किसानले बढी मूल्य र उपभोक्तालाई सस्तो पर्छ ।



मनाङको माथिल्लो मनाङ गाउँमा बिहानीपख गन्तव्यतर्फ हिंड्दै स्थानीय पोसाकमा सजिएकी महिला । करिब ३ हजार ५ सय १९ मिटरको मनाङ गाउँलाई पर्यटकीय गन्तव्यको रूपमा लिइन्छ । बर्खा सिजनमा धेरै पर्यटक नआउने भएकाले बाटा सुनसान देखिन्छन् । यही बाटो भएर संसारकै अग्लो पदमार्गीय भञ्ज्याङ थोराङला पास भएर मुक्तिनाथ पुगिन्छ । *तस्बिर : आश गुरुङ*

# खुले कृषि र भेटेरिनरी कार्यालय

**कान्तिपुर संवाददाता**

लमजुङ- गण्डकी प्रदेश मातहातका लमजुङमा एकैदिन २ कार्यालय स्थापना गरिएका छन् । कृषि ज्ञान केन्द्र लमजुङ र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय बिहीबार स्थापना गरिएको हो ।

यी दुई कार्यालयलाई प्रदेश सरकारले मनाङलाई समेत हेर्ने जिम्मा दिएको छ । यसअघि कृषि विकास कार्यालयको भवनमा कृषि ज्ञान केन्द्र र जिल्ला पशु सेवा कार्यालयको भवनमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय स्थापना भएको हो । सरकारले गत आर्थिक वर्षको अन्त्यसम्ममा कृषि र पशु कार्यालय खारेज गरेको थियो । कार्यालय खारेज गरेको उक्त ठाउँमा १ महिनापछि नाम फेरेर उक्त प्रकृतिकै काम गर्ने गरी नयाँ कार्यालय स्थापना गरिएको हो । उक्त कार्यालय प्रमुखको जिम्मा यसअघि खारेज भएका कार्यालयका तत्कालीन प्रमुखलाई नै दिइएको छ । कार्यालयको बिहीबार गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले उद्घाटन गरे ।

कृषि कार्यालयले यसअघि ६ सेवा केन्द्र र ५ सम्पर्क केन्द्रलाई स्थानीय तहमा हस्तान्तरण गरिसकिएको छ । यसअघि कृषि कार्यालयमा १८ कर्मचारी थिए । हाल १६ जना दरबन्दी स्वीकृत भएको कार्यालय प्रमुख वरिष्ठ कृषि विकास अधिकृत कृष्णभद्र अधिकारीले बताए । यसअघि कृषिका जिल्लाभर ३६ कर्मचारी थिए । पशु सेवा कार्यालयले ४ सेवा केन्द्र र ९ उपकेन्द्रलाई स्थानीय तहमा हस्तान्तरण गरेको छ । यस्तै, एक गाउँपालिका एक प्राविधिकअन्तर्गतका २४ प्राविधिक पनि स्थानीय तहमा गएका छन् । कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक डा. लक्ष्मणबहादुर ढकालका अनुसार पशु कार्यालयका ६० कर्मचारी थिए । जिल्लास्थित कार्यालयमा १२ कर्मचारी थिए । हाल पनि १२ जना नै स्वीकृत भएको उनले बताए । उनका अनुसार ८० वर्षअघि नेपालमा भेटेरिनरी डिस्पेन्सरीको नाममा पशुका औषधि बनाउने र दिने कार्यालय स्थापना भएको थियो । हाल पनि

> कृषि ज्ञान केन्द्र लमजुङ र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय बिहीबार स्थापना

भेटेरिनरी जोडेर कार्यालय स्थापना हुँदा खुसी लागेको उनले बताए । दुवै कार्यालयका प्रमुखले अब कृषि र पशुसम्बन्धी विषेशज्ञ सेवा सञ्चालन हुने बताए । नयाँ छाप र लेटरप्याड बिहीबारबाटै प्रयोगमा आएको छ ।

दुवै कार्यालयको उद्घाटन कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले स्थानीय तहलाई हस्तक्षप गरेको नभई संघीय सरकारअन्तर्गत रहेका कार्यालय प्रदेश सरकारमा हस्तान्तरण भएको बताए । प्रदेश सरकार मातहत प्रायः सबै कार्यालय आउने र यसमा गण्डकी प्रदेशका ११ जिल्लामध्ये ६ जिल्लामा कृषि र ७ जिल्लामा भेटरिनरी कार्यालय खुल्ने उनले बताए । 'हामीले प्रदेश सरकारको उपस्थिति जनाउनलाई कार्यालय स्थापना गरेका हौं,' उनले भने, 'अब संघीय सरकार र प्रदेश सरकारबाट आउने कार्यक्रम यी कार्यालयले कार्यान्वयन गर्छ ।' उनले सबै स्थानीय तहमा तत्काल विज्ञ सेवा पुऱ्याउन नसकिएकाले जिल्लाबाटै विज्ञ सेवा दिइने बताए ।

**जग्गा 'चक्लाबन्दी' योजना**

एक अर्को प्रसंगमा उनले जग्गा 'चक्लाबन्दी' योजना ल्याएर ठूल्ठूला जग्गालाई रोपनीमा टुक्रा-टुक्रा गरी व्यावसायिक खेतीका कार्यक्रम सञ्चालन गरिने बताए । यसका लागि किसानले उक्त खाली जग्गालाई २०/२० वर्षका लागि सम्झौता गर्न सक्छन् । 'अब पढेलेखेकाहरू कृषिमा फर्कनुपर्छ । कृषि कर्ममा शिक्षित गर्नुपर्छ । हामी शिक्षितजति रोजगारी खोज्ने, कृषि भनेको अशिक्षितले गर्ने भन्दै छाड्नाले कृषिको विकास भएन ।' कृषिको विकास गर्न स्थानीय तहले १५ प्रतिशत र वडाले ५० प्रतिशत कृषिमा लगानी गर्नुपर्ने उनले बताए । 'अब गाडी चढेर खेतमा जाने र कृषि कर्म गर्ने वातावरण बनाउनुपर्छ,' उनले भने ।

उनका अनुसार गण्डकी प्रदेशमा दैनिक ६ लाख लिटर दूध चाहिन्छ । हाल मुस्किलले १ लाख लिटर पनि दूध पुग्दैन । 'यहाँका नागरिकलाई दैनिक दूधको आपूर्ति गर्न ५० हजार गाईभैंसी पाल्नुपर्छ,' उनले भने, 'कृषि कर्मबाटै समृद्धि ल्याउन सकिन्छ । अब उत्पादनमा जोड दिइनुपर्छ ।' उनले हरेक निर्वाचन क्षेत्रमा मुख्यमन्त्री ग्राम बनाउने र यसमा गाउँमा हुने हरेक क्रियाकलापलाई कृषि उत्पादन र पर्यटनसँग जोडिने बताए ।



लमजुङको बेंसीसहरमा बिहीबार स्थापना गरिएको कृषि ज्ञान केन्द्रको नयाँ कार्यालय । *तस्बिर : कान्तिपुर*

## छोटकरी

**महोत्सवको बचत सामाजिक काममा**

बागलुङ (कास)- गत पुसमा भएको पाँचौं बागलुङ महोत्सवले २१ लाख २७ हजार रुपैयाँ बचत गरेको छ । आयोजक बागलुङ उद्योग वाणिज्य संघले बिहीबार महोत्सवको खर्च विवरण सार्वजनिक गरेको हो । महोत्सवमा १ करोड १५ लाख ७५ हजार रुपैयाँको कारोबार भएको संघ अध्यक्ष जयराम भारीले बताए । महोत्सवको आम्दानीबाट संघले धौलागिरि बहुमुखी क्याम्पसको शैक्षिक सुधारका लागि ७ लाख र पत्रकार महासंघ जिल्ला शाखाको भवन निर्माणका लागि २ लाख ५० हजार रुपैयाँ सहयोग गरेको छ । बचत रकम सामाजिक काममा लगानी गरिने संघले जनाएको छ ।

**जेष्ठ नागरिकलाई सम्मान**

पोखरा (कास)- पोखरा २० भलाम मौजाले आफ्नो वडामा रहेका १ सय २० जना जेष्ठ नागरिकलाई बिहीबार सम्मान गरेको छ । वृद्धवृद्धा सहयोग समितिको आयोजनामा भएको कार्यक्रममा उक्त वडाका ८० वर्षभन्दा बढी उमेरका जेष्ठ नागरिकलाई सम्मान गरेको हो । सम्मानित हुनेमध्ये सय वर्षका १० जना र १ सय ५ वर्ष पुगेका २ जना नागरिक पनि थिए ।

**मृत फेला**

नवलपरासी (कास)- गैंडाकोट १५ बुद्धचोक बस्ने ३८ वर्षीया सुनकुमारी गुरुङ बिहीबार शौचालयमा मृत फेला परेकी छन् । प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।

# छानबिन गर्दै आयोग

**हरिराम उप्रेती**

गोरखा- दशक चलेको सशस्त्र द्वन्द्वका बेला बेपत्ता पारिएका परिवारलाई भेटेर बेपत्ता छानबिन आयोगले विस्तृत अध्ययन थालेको छ । आयोगको टोलीले मंगलबारदेखी बिहीबारसम्ममा २५ बेपत्ता परिवारसँग बयान लिएको छ ।

यसअघि बेपत्ताका परिवारसँग आयोगले तीन चरणमा निवेदन संकलन गरेको थियो । २०७३ वैशाखबाट साउन, सोही वर्षको फागुन १५ देखि चैत १५ र ०७४ फागुनमा निवेदन संकलन गरिएको थियो । गोरखाबाट ५७ बेपत्ता परिवारको उजुरी प्राप्त भएकोमा सात उजुरी दोहोरो परेको आयोगका शाखा अधिकृत विष्णु अचार्यले बताए । '७ जनाको तामेलीमा पऱ्यो, ५ उजुरी तत्काल अनुसन्धान गर्नु नपर्ने देखियो,' उनले भने । हाल यहाँका ३९ उजुरीउपर विस्तृत अध्ययनका लागि टोली आएको हो । ०५१ फागुन १ देखि २०६३ मंसिर ५ को विस्तृत शान्ति सम्झौतासम्म तत्कालीन सशस्त्र द्वन्द्वरत पक्ष र सरकारी पक्षले बेपत्ता बनाएकाको मात्र अध्ययन गरिएको उनले बताए । परेका उजुरीमध्ये राज्य र विद्रोही पक्षबाट कति बेपत्ता पारिएका छन् भन्ने विषयमा भने आयोगको टोलीले खुलाउन चाहेन ।

बयान दिन आएका बेपत्ताका परिवारले भने सत्यतथ्य पत्ता लगाउन माग गरेका छन् । लामो समयसम्म छानबिन नहुँदा घटनाको विस्तृत विवरण पत्ता लगाउन गाह्रो पर्ने उनीहरूको भनाइ छ । 'शान्ति प्रक्रिया सुरु भएको पनि यतिका वर्ष भयो । स्थिति अझै पत्ता लाग्न सकेको छैन,' बेपत्ता परिवारका रमेश थापाले भने, 'जति ढिला गऱ्यो त्यति घटनाको सत्यतथ्य पत्ता लगाउन गाह्रो पर्छ । स्मृति पनि हटदै जान्छ, अब राज्यले छिटो टुंग्याउँछ भन्ने आशा छ ।' राजनीतिक विषय नबनाई सत्यतथ्य छानबिन हुनुपर्ने उनीहरूको माग छ । विस्तृत अध्ययनपश्चात् पीडक र पीडित पहिचान भए महान्यायाधिवक्ताको कार्यालयमा लेखिपठाउने आयोगका सदस्य आइतबहादुर गुरुङले बताए ।

बेपत्ता व्यक्तिको अवस्था पत्ता लगाउन भन्दै ०७१ माघ २८ मा आयोग गठन भएको थियो । आयोगले पीडितका परिवारसँग जिल्लामै आएर विस्तृत अध्ययन थालेको भने यो पहिलोपटक हो । टोलीले व्यक्ति बेपत्ता पारिनुपूर्वको

> - बेपत्ताको अध्ययन गर्न छानबिन आयोगले परिवारसँग बयान लिन थाल्यो
> - बेपत्ताका परिवारको सत्य तथ्य पत्ता लगाउन माग

अवस्थाका बारेमा परिवारका सदस्यसँग जानकारी लिएको छ । उजुरी दिँदाको व्यहोरा अनुसन्धानका लागि पर्याप्त नभएकाले एन्टीमोर्टम फारम भराउने उनले बताए । परिवारका सदस्यसँग बेपत्ता हुँदाको अवस्था, घटनाको प्रकृति, बेपत्ता भएकाको हुलिया र पीडितको पारिवारिक स्थिति आदि बारेमा तथ्यांक संकलन गरिएको गुरुङले बताए ।

'द्वन्द्वकालीन घटना नै भएको बुझिए परिवारको परिपूरण फारम पनि भराउँछौं,' उनले भने । परिपूरणअन्तर्गत बेपत्ता परिवारको इच्छा र आवश्यकता बुझी प्राथमिकताअनुसार निःशुल्क शिक्षा, स्वास्थ्योपचार, सीपमूलक तालिम, बिनाब्याज सहुलियतमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा र आयोगले उपयुक्त सम्झेको अन्य सुविधा र सहुलियत उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्ने गुरुङले बताए ।

सशस्त्र द्वन्द्वको अन्तरनिहित कारण र भविष्यमा त्यस्त घटना दोहोरिन नदिनका लागि गर्नुपर्ने कुराहरूका विषयमा समेत अनुसन्धान गरी सिफारिस गरिने भनाइ उनको छ । 'छानबिनका क्रममा केही प्रमाण बुझ्यौं भने बेपत्ता पारिएका व्यक्तिको शव गाडिएको स्थान पहिचान भए उत्खनन गरी डीएनए वा शव परीक्षणसमेत गरी वास्तविक स्थिति पत्ता लगाइन्छ,' उनले भने । व्यक्ति बेपत्ता पारिएका घटना पुराना भई प्रमाणहरू लोप हुनसक्ने अवस्था भएकाले सत्यतथ्य पत्ता लाउने कार्य जटिल र चुनौतीपूर्ण रहेको पनि टोलीका सदस्यले बताएका छन् ।


स्थानीय तवरमा फेला पार्न सकिने प्रमाणयोग्य वस्तु प्राप्त भए परीक्षण गर्नुपर्ने भए परीक्षण गराउने र छानबिनबाट खुल्न आएका पीडकसँग बयान पनि लिइने सदस्य गुरुङले बताए । आयोगले प्रतिवेदन तयार पारेपछि ३० दिनभित्र व्यवस्थापिका संसदमा पेस हुने प्रावधान छ । आयोगको प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वयन भए/नभएको अनुगमनको कार्य राष्ट्रिय मानवअधिकार आयोगले गर्ने ऐनमा तोकिएको छ ।

मानव अधिकारको गम्भीर उलंघनसम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, पीडित तथा पीडकको यकिन गर्ने आयोग गठन गरिएको हो । दुई वर्षको कार्यावधिसहित आयोग गठन भएको थियो । उक्त अवधि समाप्त भएपछि सरकारले एक वर्षको कार्यावधि थपेको छ । आगामी माग २६ सम्म कार्यावधि थप भएपछि आयोगले सक्रियता बढाएको हो ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कर्म प्राप्ति | तुला | खटपट |
| वृष | धर्म बढ्ने | वृश्चिक | पराक्रम बढ्ने |
| मिथुन | अस्वस्थता | धनु | धन आर्जन |
| कर्कट | नयाँ काम बन्ने | मकर | पदोन्नति |
| सिंह | आलस्यता | कुम्भ | केही लाभ |
| कन्या | अध्ययनमा सफल | मीन | कार्य सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७५ साल भाद्र ९ गते शनिबार तदनुरुप २५ अगष्ट २०१८ श्रावण शुक्लपक्ष चतुर्दशी तिथि दिनको २:२७ बजेसम्म उप्रान्त पूर्णिमा, श्रवण नक्षत्र प्रातः १०:२१ बजेसम्म उप्रान्त धनिष्ठा नक्षत्र, शोभनयोग रात्रिको ९:३६ बजेसम्म उप्रान्त अतिगण्डयोग, भद्रा करण रात्रिको ३:२४ बजेसम्म उप्रान्त बब करण, मकर राशिमा चन्द्रमा रात्रिको ११:३७ बजेसम्म उप्रान्त कुम्भ राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | राउण्ड अफ दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | दिव्य दृष्टि (दिवाकर पन्त) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | सिर्जनाको सम्झनाहरू (प्रतिमा) |
| १०:०० | स्पोर्टस् एन्ड डायरी |
| १०:०५ | फेमिना (दिपाञ्जली) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (महेश) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (महेश) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | द राहुल भुजेल सो |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ओल्डी गोल्डी (प्रज्जवल) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि १११९/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६११९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# व्यवसाय कर लिँदै मर्स्याङ्दी



लमजुङको मर्स्याङ्दी गाउँपालिका ३ मा पर्ने पर्यटकीय सिउरुङ गाउँ । *तस्बिर : आश गुरुङ*

**कान्तिपुर संवाददाता**

लमजुङ- मर्स्याङ्दी गाउँपालिकाले चालु आर्थिक वर्षदेखि होमस्टेसँग कर लिने भएको छ । होमस्टेसँग ५ सय रुपैयाँ कर लिने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाभित्र विभिन्न गाउँमा होमस्टे सञ्चालनमा छन् । कर लिने निर्णय गाउँसभाले पारित गरेको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताए । घनपोखरा, सिउरुङ, ढगैं, छापा, मिप्रा, खानीगाउँ, भुष्मे र भलामचौर गरी आठवटा गाउँमा ७० भन्दा बढी घरमा होमस्टे सञ्चालनमा छन् । वडा ४ को कालाघिरिङ, ५ को सञ्जापू, ६ को भीरपुस्तुन, ७ को नयाँगाउँ र उस्तामा चालु वर्षदेखि थप होमस्टे सञ्चालनको तयारीमा छन् । अध्यक्ष गुरुङले होमस्टे प्रवर्द्धनका कार्यक्रम सञ्चालन भइरहेका हुनाले त्यसबाट गाउँलेको आयस्रोत वृद्धि भएको छ । 'हामीले होमस्टे प्रवर्द्धनका लागि गाउँका कार्यक्रम चलाएका छौं,' उनले भने, 'होमस्टेलाई व्यायवसायिक रूपमा लानका लागि व्यावसायिक कर लिने भनेका हौं । कर लिनु उनीहरूकै विकासको योजनामा लगानी बढाउनका लागि हो ।' गाउँपालिकाले होमस्टेबाहेक साधारण होटललाई १ हजारदेखि २ हजारसम्म, रेस्टुरेन्टलाई ५ सयदेखि १ हजार ५ सय सम्म, चिया पसललाई २ सयदेखि ५ सय सम्म, चटपट पसल र पूजा सामग्री पसललाई ३ सयदेखि ५ सय सम्म, पानी उद्योगलाई १ हजार ५ सयदेखि २ हजार रुपैयाँसम्म कर तोकेको छ । गाउँ सभाले ९ वटा अनुसूची बनाएर ३० हाराहारी शीर्षकमा कर तथा शुल्क तोकेको छ ।

- होमस्टेसँग ५ सय रुपैयाँ कर
- गाउँसभाले ९ वटा अनुसूची बनाएर ३० शीर्षकमा कर तथा शुल्क तोकेको छ

गाउँसभाले हाँस, कुखुरा तथा पन्छीजन्य बस्तुका आयातमा २ रुपैयाँ कर तोकेको छ । खसीबोका प्रतिगोटा ५ रुपैयाँ, राँगा, भैंसी र बंगुर प्रतिगोटा १० रुपैयाँ कर तोकेको छ । 'हामीले अन्य जिल्ला तथा स्थानीय तहबाट आयातितमा कर लिने भनेका हौं । निर्णय गरे पनि कार्यान्वयनमा ल्याएका छैनौं,' उनले भने । पोका वा झोलामा सामान राखी मोटरसाइकल वा मानिस आफैंले बेच्दै हिँडेमा १० रुपैयाँ र खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेका लागि प्रतिदिन ५० रुपैयाँ कर तोकेको छ । तर, डोका वा डालामा तरकारी तथा फलफूल घुमाएर बेच्ने किसानको हकमा व्यवसाय कर नलाग्ने उनले बताए । 'हामीले ठूला व्यवसाय सञ्चालन गर्ने, नगरपालिकाको अनुदान वा सिफारिसमा छुट ल्याउनेसँग कर लिने भनेका हौं,' उनले भने, 'अहिले अतिरञ्जित बनाएजस्तो होइन ।'

गाउँपालिका उपाध्यक्ष एवं प्रवक्ता होमबहादुर विकका अनुसार गाउँपालिकाले जन्म, मृत्यु, बसाइँसराइ जस्ता पञ्जीकरण ३५ दिनभित्र दर्ता गर्दा निःशुल्क गरिएको छ । एकल महिला, अपांगता भएका तथा छात्रावृत्तिका लागि निःशुल्क तर सयमको महत्त्व नबुझी, जहिल्यै गए पनि हुन्छ भन्नेलाई हामीले १ सय रुपैयाँ तोकेको उनले बताए । उनका अनुसार व्यावसायिक कर कार्यान्वयनमा आउन थालेको छ । हरेक प्रकारका फेन्सी, साना उद्योग, दैनिक उपभोग्य वस्तुका पसललाई ५ हजार रुपैयाँसम्म कर तथा सेवा शुल्क तोकेको गाउँपालिकाले जनाएको छ ।

# शिक्षक लगतको खोजी

**प्रकाश बराल**

बागलुङ- शैक्षिक सत्र सुरुसँगै स्थानीय तहले धमाधम शिक्षक नियुक्ति र बढुवा गरेका छन् । शिक्षकको लगत शिक्षा विकास तथा समन्वय इकाइमा नआउँदा सेवा प्रमाणित हुन सकेको छैन ।

गत वैशाखमा इकाइ प्रमुख कुश्मराज उपाध्यायले केही विद्यालयमा प्रक्रिया नपुर्‍याई शिक्षक नियुक्ति गरिएकोमा रोकेका थिए । नियुक्ति र बढुवा भएकोमा लगत नआउँदा सेवा प्रमाणित नभएको प्रमुख उपाध्यायले बताए । 'पेन्सनका लागि पठाउने रेकर्ड फरक पर्‍यो भने शिक्षकले पछि दुःख पाउनेछन्,' उनले भने, 'कानुन नबन्दै अधिकारको लडाइँले यो समस्या आयो ।'

यस्तो समस्या आएपछि गत साता जिल्ला शिक्षा समितिको बैठक बसेर सबै तहमा केन्द्रीय सर्कुलरसहितको पत्राचार गरिएको छ । बैठकले शिक्षक पदपूर्तिको विज्ञापन खोल्ने निर्णय पनि गरेको जिल्ला शिक्षा समितिका अध्यक्ष राजेन्द्र ढुंगानाले बताए । यसअघि शिक्षक सरुवा र नियुक्ति गरेको भए लगत पठाउन सबै स्थानीय तहलाई पत्राचार गरिएको हो ।

वैशाखदेखि स्थानीय तहले शिक्षक सरुवा, नियुक्ति र बढुवासमेत गरेको सूचना आएपछि समितिले तत्काल लगत पेस गर्न भनेको हो । साथै नियुक्ति र बढुवाको अधिकार शिक्षा विकास तथा समन्वय इकाइमै रहेको छ । शिक्षा मन्त्रालय र विभाग स्तरीय शिक्षा तथा मानव स्रोत विकास केन्द्रले परिपत्र गरेर शिक्षक नियुक्ति र सरुवा इकाइबाटै गर्ने भनेपछि समितिले पत्राचार गरेको ढुंगानाले बताए । 'रेकर्ड राख्ने, सेवा प्रमाणित गर्ने र बढुवासमेतको काम जिल्लाबाटै हुने नियम छ,' उनले भने, 'अधिकार नपाउँदै स्थानीय तहले धमाधम काम गरेकाले पछि अप्ठ्यारो नपरोस् भनेर पत्राचार गरेका छौं ।' रेकर्ड नभेटिएमा नियुक्ति, सरुवा र बढुवा भएका शिक्षकले पेन्सन नपाउन सक्ने उनले बताए ।

**शिक्षक सरुवा र नियुक्तिको लगत पठाउन सबै स्थानीय तहलाई शिक्षा विकास तथा समन्वय इकाइद्वारा पत्राचार**

संघीयता कार्यान्वयनसँगै शिक्षाको जिम्मेवारी पनि स्थानीय तहमा दिइएको छ । तर, यसका लागि संघीय र प्रदेश कानुन बन्नै बाँकी छन् । यसले विद्यालय तहको शिक्षक नियुक्ति बढी पेचिलो बनेको छ । 'हालसम्म कानुन नबनेकाले साबिककै कानुनले काम गर्ने हो,' इकाइ प्रमुख उपाध्यायले भने, 'धेरै शिक्षकको लगत अलपत्र बन्ने अवस्था सुरु भइकेको छ ।' ऐननियम खारेज नभएकाले स्थानीय तहले मनोमानी गर्दा अप्ठ्यारो पर्ने उनले दाबी गरे । केही समयअघि स्थानीय तहले शिक्षा नियमावली बनाएका छन् । उक्त नियमावलीअनुसार शिक्षक सरुवाको कामसमेत थालेका हुन् । तर, उनीहरूले त्यससम्बन्धी लगत हालसम्म इकाइमा पठाएका छैनन् ।

स्थानीय तहले बनाएका नियमावली प्रदेश कानुन आइसकेपछि मात्र लागू हुने जिशिस अध्यक्ष ढुंगाना बताउँछन् । 'संविधानमै संघीय र प्रदेश कानुनसँग बाझिएमा स्वतः खारेज हुने भनिएको छ,' उनले भने, 'साबिककै शिक्षा ऐन हुँदाहुँदै स्थानीय नियमावली लागू हुँदैन ।' पटकपटक आएका केन्द्रीय सर्कुलर र स्थानीयको बल मिच्याइँले शिक्षकको लगतमा समस्या पर्ने उनले बताए । 'स्पष्ट रूपमा समन्वय इकाइले गर्ने भनेको कामलाई सुरुवात गर्ने निर्णय गरेका हौं,' उनले भने ।

इकाइ र स्थानीय तहको अधिकार लडाइँले केही विद्यालयलाई भने मर्का परेको छ । लामो समयदेखि गणित र विज्ञान शिक्षक खाली भएकाले समितिले शिक्षक पदपूर्तिको विज्ञापन गर्ने निर्णय गरेको ढुंगानाले बताए । अधिकारको लडाइँले विद्यार्थीले भने शिक्षक पाउन सकेका छैनन् । यसअघि सरुवा हुन चाहेका शिक्षकलाई नगरले अनुमति नदिएपछि रोकिएको थियो । नगर प्रमुख जनकराज पौडेलले भने नगरपालिकाको सहमति चाहिने भए पनि इकाइले बेवास्ता गरेको आरोप लगाएका छन् । अन्य जिल्लामा पनि इकाइबाटै सरुवा गर्ने र लगत राख्ने काम भएको इकाइ प्रमुख उपाध्यायको दाबी छ । नगरपालिकामा हालसम्म रेकर्ड राख्ने प्रावधान नभएको र मन्त्रालयले इकाइमै रेकर्ड राख्न निर्देशन दिएकाले बुझाइमा एकरूपता ल्याउन नसकिएको उनले टिप्पणी गरे ।

# सीपले आत्मनिर्भर



पोखराको न्यूरोडमा सिलाइकटाइको तालिम लिँदै महिला । *तस्बिर : बिना थापा*

कास्की (कास)- महिलाको क्षमता र सीप अभिवृद्धिका लागि तालिम थुप्रै चलाइन्छन् । तालिमको उपयोग गरेर कतिपय महिलाले जीविकोपार्जन गरिरहेका छन् । पोखराको न्युरोडमा तीन वर्षदेखि सञ्चालित सिलाइकटाइ तालिम पनि गरिखानेका लागि उपयोगी बनेको छ ।

आर्थिक अवस्था कमजोर भएका दलित महिलालाई लक्ष्य गर्दै दलित जिल्ला समन्वय तालिम केन्द्र व्यवस्था समिति कास्कीले तीन वर्षदेखि सीपमूलक तालिम सञ्चालन गर्दै आएको छ । यहाँ आई तालिम लिएर गएका धेरैले सीपलाई व्यवहारमा उतारेका छन् । 'हामीसँग ६ वटा मात्रै मेसिन छन् । त्यसैले एकै लटमा धेरैलाई सिकाउन सकिँदैन,' प्रशिक्षक रूपा नेपालीले भनिन्, 'जतिले सिकेर गए, ती सबैजसोले गरेर खाएका छन् ।' सिकेको सीपलाई व्यवहारमा उतारेका महिलाको आर्थिक स्थितिमा परिवर्तन आएको उनले बताइन् ।

कपडाभन्दा सिलाइको ज्याला महँगो अनुभव भएपछि तालिम लिन आइपुगेकी उषा नेपालीलाई सिलाइकटाइ व्यवसाय गर्न मन छ । 'हातमा सीप भए आफ्नै पौरखले गरिखान सकिन्छ,' उनले भनिन्, 'सिकेर गएकाहरूले आफैं मेसिन राखेर काम गरेको देखेपछि मलाई पनि रहर लागेको छ ।' घरमा त्यसै बस्नुभन्दा सीप सिकेर आम्दानी गर्नसके घरखर्चलाई सजिलो हुने बुझेर तालिम लिन आएको अर्की प्रशिक्षार्थी पर्स्याङकी देवी नेपालीले बताइन् । 'दुई छोरा पढाउन डेरामा बसेका छौं,' उनले भनिन्, 'तालिम लिन थालेपछि अलि-अलि लुगा सिलाउन जान्दा पनि ज्याला जोगिएको अनुभव हुन थालेको छ ।' सीप सिकेर महिलाले आम्दानी गर्दा घरखर्च चलाउन सजिलो हुने उनको भनाइ छ । आफ्नो परिवारलाई आवश्यक पर्ने कपडा मात्रै सिलाउन सके पनि धेरै पैसा बचत हुने भएकाले तालिम लिन आएको दुर्गा सुनारले बताइन् । 'सपि सिके समय सदुपयोग र पकेट खर्च उठाउन सकिन्छ,' उनले भनिन्, 'धेरैजनाले सिलाइकटाइ सिकेर आफ्नै टेलरिङको काम गरेको देख्दा रहर लागेको छ ।'

'सामान्य फाटेको कपडा रफु गरेको देखि कोट, पाइन्ट सिलाएको ज्याला २०, ५० देखि ५ हजारसम्म छ,' प्रशिक्षक नेपालीले भनिन्, 'त्यसैले सीप सिकेर धेरैजना आत्मनिर्भर हुनुभएको छ ।' सामान्य लेखपढ जानेकाले पनि सिक्न सक्ने भएकाले टेलरिङको काम महिलाले रुचाएको उनले बताइन् । 'म पनि तालिम लिएर काम गर्दै सिकाउने भएकी हुँ,' उनले भनिन्, 'यहाँ तालिम लिएमध्येका ९० प्रतिशत आफैं टेलरिङ खोलेर व्यवसायी हुनुभएको छ ।' प्रशिक्षण केन्द्रमा सीमित संख्यामा मेसिन भएकाले २५ जनालाई दुई समूह बनाएर प्रशिक्षण दिने गरिएको उनले बताइन् । 'सीप सिकेपछि आफूले लगानी गर्नसक्नेले आफैं टेलरिङ खोल्दा हुन्छ,' उनले भनिन्, 'लगानी गर्न नसक्नेले अरूकहाँ काम गर्दा पनि हुन्छ, हातमा सीप हुनेले खाली बस्नु पर्दैन ।'

तालिमको आयोजना र व्यवस्थापन गरिरहेको समितिका जिल्ला अध्यक्ष दुर्गाबहादुर सुनारका अनुसार टेलरिङको काम सिक्न चाहने महिलाको संख्या नघटेको बताउँछन् । 'हालसम्म दुई सय जनाले तालिम लिनुभो, अधिकांश आत्मनिर्भर हुनुभएको पाएका छौं,' उनले भने, 'महानगरपालिकाले पनि सघाएपछि हामी यो तालिमलाई निरन्तरता दिइरहेका छौं ।'

# सहयोगी लुइस

**कान्तिपुर संवाददाता**

लमजुङ- बेंसीसहरस्थित मानव सेवा आश्रममा नौला व्यक्ति देखेर सबै एकोहोरो हेरिरहेका थिए । उनी थिए, क्युबाबाट आएका ४७ वर्षीय स्पेनिस नागरिक लुइस हिमिनिज अयला । क्युबामा इबरोस्टर होटलका निर्देशक लुइस संयोगले यहाँ आइपुगेका हुन् ।

पथ प्रदर्शक सुमन लामाले उनलाई लमजुङ ल्याएका थिए । उनले सुरुमा लामा पढ्दै गरेका स-साना विद्यार्थीलाई पोसाक सहयोग गर्न चाहे । लामाका अनुसार लुइसलाई बेंसीसहरको माथिल्लो ठाउँ चण्डीडाँडाको ह्युल्स्या हयो गुम्बा लगियो । लुइस लमजुङ आउँदा रिसोर्ट वा होटलमा बस्दैनन् । लामासँगै खान्छन् र उनीहरूले उपलब्ध गराएको ठाउँमा सुत्छन् । उनले अघिल्लो यात्राताका लामालाई ९३ हजार रुपैयाँ बराबरको पोसाक किनिदिएका थिए । नजिकै जनविकास माविका सबै विद्यार्थीलाई एक सेट स्कुल पोसाक र विद्यालयलाई ६ लाख रुपैयाँ सहयोग गरेको शिक्षक होम रावलले सुनाए ।

यसपटक गुम्बामा आएका उनलाई शिक्षक रावलले आश्रमका बारेमा सुनाएका थिए । लुइसले ६८ हजार रुपैयाँको टेलिभिजन र १२ हजार रुपैयाँ सहयोग गरेको आश्रमकी संयोजक अनिता अधिकारीले बताइन् । 'हामीले उहाँको नेपाली नाम अभियान राखिदिएका छौं,' उनले भनिन् ।

उनले भने, 'मलाई समाज सेवामा मन लाग्छ ।' ठूलठूला युद्धमा पनि आफूले सहयोग गरेको उनले बताए । 'मेरो तलबबाट औषधि किनेर दिएको छु । अहिले यहाँ दिएको सहयोग पनि मेरै तलब हो,' उनले भने । इथियोपिया र सुडानको युद्धमा एन्टिबायोटिक्सलगायतका औषधि सहयोग गरेको उनले बताए । फिजीमा समुद्री आँधीमा परेर ध्वस्त भएका स्कुल निर्माणमा उनी सहयोगी बने । यसपटक उनले आश्रमसँगै गुम्बा र जनविकास माविलाई ६०/६० हजार रुपैयाँ सहयोग गरेका छन् ।

# जनप्रतिनिधिलाई प्रशिक्षण



स्थानीय तहका कांग्रेस जनप्रतिनिधिलाई स्थानीय सरकार सञ्चालन एवं विकास निर्माणसम्बन्धी प्रशिक्षण दिइँदै । *तस्बिर : हरिराम उप्रेती*

**कान्तिपुर संवाददाता**

गोरखा- स्थानीय तहका कांग्रेस जनप्रतिनिधिलाई सरकार सञ्चालन एवं विकास निर्माणसम्बन्धी प्रशिक्षण आयोजना गरिइएको छ । दुईदिने प्रशिक्षणको पहिलो दिन नेता तथा पूर्वअर्थमन्त्री रामशरण महत र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्लेलगायतले स्थानीय तह सञ्चालनका लागि अवलम्बवन गरिनुपर्ने विधि बताए ।

खर्च गर्दा प्राथमिकताका क्षेत्र र जनताको आवश्यकतालाई ख्याल गर्न उनीहरूले जनप्रतिनिधिलाई आग्रह गरे । जनताको मन जित्ने गरी काम गर्न जनप्रतिनिधिलाई प्रोत्साहन गरिएको महतले बताए । संविधानले स्पष्ट गरेको विषयवस्तु बाहेक जथाभावी कर लगाउँदा पछिल्लो समय विरोध भएको उनको भनाइ छ । कांग्रेसले चुनावी घोषणापत्रमा भनेबमोजिम जनताको आवश्यकता पूर्ति गर्न पनि उनले निर्देशन दिए ।

सहभागी जनप्रतिनिधिले भने यस्ता विषयमा एक वर्षअघि नै प्रशिक्षित गरिनुपर्नेमा ढिला भएको भनाइ राखेका थिए । केहीले जथाभावी कर नबढाएको भनाइ राखेका थिए । 'यति महत्त्वपूर्ण कार्यक्रम एक वर्षअघि नै गरेको भए यो वर्षको नीति तथा कार्यक्रममा फरकपना आउँथ्यो,' सिरानचोक गाउँपालिकाका अध्यक्ष राजु गुरुङले भने । विकास निर्माण गर्दा वातावरण र भौगर्भिक अवस्थालाई पनि मध्यनजर गर्न विज्ञहरूले सुझाव दिएको उनले बताए । 'सडक, कुलो योजनाबद्ध नखन्दा पहिरो जाने भयो, यस्ता विकासले वनजंगल पनि नाश हुने भएकाले अध्ययन पश्चात् विकास निर्माणमा लाग्न विज्ञले भन्नुभएको छ,' उनले भने । सरकारले गरेका गल्तीका विषयलाई पनि औंल्याउन यस्ता प्रशिक्षण आयोजना गरिएको कांग्रेस नेता महतले बताए ।

**योजनाबद्ध विकासमा प्रोत्साहन गर्न प्रशिक्षण**

पाँच वर्षमा समृद्ध गोरखा बनाउन नीतिगत विषयमा विज्ञ समूह बोलाएर प्रशिक्षण दिइएको कांग्रेसका जिल्ला सचिव नन्दप्रसाद न्यौपानेले बताए । 'जनताको आर्थिक स्तर सुधार गर्न कसरी सकिन्छ भन्नेमै प्रशिक्षण केन्द्रित छ,' उनले भने, 'जनतालाई मर्कामा पारेर विकास सम्भव छैन ।' गोरखाका ११ स्थानीय तहमध्ये दुवै नगरपालिका गोरखा र पालुङटारसहित नौवटामा कांग्रेसका जनप्रतिनिधि प्रमुखको नेतृत्वमा छन् । स्थानीय तह निर्वाचनमा कांग्रेसको तालमेल तत्कालीन माओवादी केन्द्रसँग थियो । प्रदेश ४ का जिल्लामध्ये धेरैजना कांग्रेसका उम्मेदवार गोरखामा निर्वाचित भएका थिए ।

महतले केन्द्र सरकारले नै अनावश्यक करको भार थुपार्ने काम गरेको आरोप लगाए । 'कर राजस्व सबैभन्दा बढी उठाउन खोजियो,' उनले भने, 'केन्द्रीय बजेट विनियोजन हुँदा भन्सार बढाउने, आयकरको रेट बढाउने, कर नलागेको ठाउँमा लगाइदिने काम केन्द्र सरकारबाटै सुरु भयो ।' जथाभावी कर लगाउने कार्य केन्द्र सरकारले राक्नुपर्ने उनले बताए । 'स्थानीय तहलाई अनुभव छैन । नयाँ मान्छेहरू छन्, क्षमता अभिवृद्धि गर्नुपर्‍यो,' उनले भने, 'केन्द्र सरकारले संघीय कानुन कार्यविधि बनाएर कार्यविभाजन गरे यो अवस्था आउँदैन ।' सिद्धान्त र मापदण्ड नै नबुझी कर लगाउने काम दुःखद भएको उनले सुनाए ।

संविधानको धारा २३६ मा एक प्रदेशबाट अर्को प्रदेश, एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ढुवानी गर्दा कुनै पनि कर लगाउन नपाइने उल्लेख रहेको उनले बताए । 'सारा नेपाल एउटै मार्केट हो । कर लगाएर व्यवधान सिर्जना गर्न पाइँदैन,' उनले भने, 'यहाँ त गाईभैंसी अर्को ठाउँमा जाँदा पनि कर लगाइयो, स्याउ बाहिर जान लागे पनि कर लगाइदिने । यो संविधानविपरीत छ ।'


## जगदम्बा इंटरप्राईजेज प्रा. लि.

न्यौपाने टावर, ७औं तल्ला
तिनकुने, काठमाडौं
फोन नं ०१-४१११८२१/२३/२४

०.२५ मिमीको जस्तापाता नेपालमा पहिलो पटक प्रस्तुत गर्दै।

उपभोक्ता मूल्य सूची
वैधता : ६ भदौ २०७५ देखि लागू
प्रति पिसको दर

| मोटाइ चौडाइ (मि.मी) | ६ फुट (१८३० मि.मी) | ७ फुट (२१३५ मि.मी) | ८ फुट (२४४० मि.मी) | ९ फुट (२७४० मि.मी) | १० फुट (३०५० मि.मी) | १२ फुट (३६६० मि.मी) |
|---|---|---|---|---|---|---|
| ०.२५ x ८०० | ४९६ | ५८१ | ६६० | ७४० | ८२६ | ९८९ |
| ०.२८ x ८०० | ५४३ | ६३२ | ७२५ | ८१३ | ९०० | १०७७ |
| ०.३० x ८०० | ५६९ | ६६४ | ७५९ | ८५३ | ९४७ | ११३७ |
| ०.३३ x ८०० | ६१२ | ७१५ | ८१६ | ९१७ | १०२१ | १२२३ |
| ०.३५ x ८०० | ६४४ | ७५८ | ८६२ | ९७१ | १०७६ | १२९४ |
| ०.४० x ८०० | ७२२ | ८४१ | ९६१ | १०७८ | १२०२ | १४४० |



सम्पादकीय

# सार्वजनिक यता न उता

सहरहरू कसरी बन्छन् जसरी जान्छन् सडक। सडक जता जान्छ त्यसरी सवारी। पैदल होस् वा मोटर। साइकल वा रेल। सडक कसका लागि भन्ने प्रश्न गर्नुअघि सहर कसका लागि भन्ने जान्न जरुरी छ। जस्तो– काठमाडौं। काठमाडौं कहाँसम्म कसरी फैलिन्छ भन्ने यकिन गर्न सडकहरू कता गइरहेका छन्, हेर्नुपर्ने हुन्छ।

खासमा सडकहरू कतै पनि नगई घुमिरहेका छन्, जताजता यात्रु भेटिन्छन्। यस्ता सडकमा बिचल्ली सर्वसाधारणको छ। सार्वजनिक यातायात जनता यता न उता पार्ने माध्यम भएका छन्। गाडी मालिक हजारौं छन्। चालकहरूले मालिकसँग ठेक्कामा गाडी चलाउँछन् जो दैनिक निश्चित रकम उठाउन बाध्य छन्। अनि त गाडीको गति कति–कति हुँदै सबैको मति यतिउति हुन पुगेको छ।

कुखुराका चल्ला टिपेझैं जहाँबाट पनि यात्रु उठाउने, उभिन नपुग्ने ठाउँमा कोचकाच पार्ने र जहींतहीं ओराल्ने काठमाडौंको आम सडक दृश्य हो। गाडी नपाइने, राति ८ बजेसम्म पनि नचल्ने, पाइहाले गाडी नभरिउन्जेल कुरिरहनुपर्ने बेथिति जारी छन्। न समय तालिका छ, न एकीकृत टिकट प्रणाली। न आरामदायी, न सुरक्षित।

सरकारले यातायात व्यवस्था समितिका नाममा व्याप्त सिन्डिकेट हटाएको घोषणा गरे पनि लागू हुन सकेको छैन। सार्वजनिक यातायात सञ्चालकहरूले कम्पनी ऐनअन्तर्गत व्यवसाय सञ्चालन गर्नुपर्ने व्यवस्था भए पनि अधिकांश रुटमा पुरानै व्यवसायीको एकाधिकार छ। राजधानीमै विभिन्न रुटका बस र माइक्रोले अन्य संघ वा समितिलाई गाडी थप्न दिएका छैनन्। सिन्डिकेट हटाएर के गर्ने, कार्ययोजना र कार्यविधि आएन।

यातायात रुटहरू वैज्ञानिक छैनन्। दोहोरिने समस्या व्यापक छ। जस्तो– रत्नपार्कदेखि लगनखेलसम्म मात्रै जाने माइक्रो पनि छ, रत्नपार्कदेखि नै सातदोबाटोसम्म जाने पनि। वैज्ञानिक आधारले रुट निर्धारण गरेको भए कति यात्रु, कुन–कुन रुट र कति सवारी भन्ने निश्चित हुन्थ्यो। व्यवसायीहरूको प्रभाववश नीति–निर्माताहरू हल न चल छन्।

सानो प्रयासस्वरूप साझा यातायात र काठमाडौं महानगरपालिकाको सहकार्य अनुकरणीय छ। यसैबीच सरकारी सहयोगमा केही ठूला बस राजधानीमा चल्न थालेका छन्। बालाजु–सिनामंगल रुटका ६१ टेम्पो र माइक्रोबस विस्थापित गरेर केही दिनअघि सरकारले १७ वटा ठूला बस चलाउन थाल्यो। नगर विकास कोषको अनुदान तथा सहयोगमा माइक्रो र टेम्पो सञ्चालकलाई 'विशेष राहत प्रदान गर्दै उनीहरूकै संलग्नतामा 'दिगो सार्वजनिक यातायात प्रालि' खोलिएको हो।

साना गाडी विस्थापन गर्ने, समितिको सट्टा कम्पनीमार्फत चलाउने, सार्वजनिक यातायात व्यवस्थापन संयन्त्र बनाउने, बसका लागि समर्पित रुट बनाएर यात्रुलाई सार्वजनिक यातायातप्रति आकर्षित गर्नेजस्ता उपाय गर्न सकिन्छ। उपाय लगाउनुअघि अभिप्राय खुल्नुपर्छ। सरकार सार्वजनिक यातायातप्रति सचेत छ भने यसमा सहभागी हुन तम्सिनुपर्छ।

सरकारसँग कुन मोडेलमा सार्वजनिक यातायात सञ्चालन गर्ने भन्ने योजना छैन। सार्वजनिक यातायात प्रणाली के हुने, निजीलाई दिने कि कुनै सरकारी निकायले पनि लगानी गरी संयुक्त कम्पनीमार्फत चलाउने ? विकसित देशहरूमा सार्वजनिक यातायातमा सरकारले अनुदान दिन्छ। सञ्चालक कम्पनीमा सरकारी निकायको पनि लगानी हुन्छ। युरोपका सफल सहरी यातायातमा उल्लेख्य मात्रामा सरकारी अनुदान हुन्छ। सञ्चालन कम्पनीमा नगरपालिका सहभागी बन्छ।

सार्वजनिक यातायातमा कुनै लगानी नगर्नु जनतालाई यातायात सेवा दिनुपर्छ भन्ने सरकारको चेतनाको अभाव हो, दिशाहीनता पनि हो। सरकारको दायित्व जनतालाई भरपर्दो, आरामदायी र सुरक्षित आवागमन सेवा दिने हो। स्वभावैले मुनाफा कमाउने निजी क्षेत्रलाई पूरै सडक जिम्मा लगाउनु हातगोडा बाँधेर बस्नु हो।

# स्थानीय कर : अचानोमा संघीयता

## कृष्ण खनाल



अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्व र प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको अनुपात तोकिदिएको छ।

स्थानीय करको विषय सामाजिक सञ्जाल लगायत सञ्चार माध्यममा छाएको छ। सामान्य गाउँले किसानको दैनिक गुजारादेखि ठूला उद्योग व्यवसायीमाथि दोहोरो-तेहोरो करको कहर व्यापक भएको गुनासो छन्। मानिस विरोधमा उत्रिएका छन्। स्थानीय सरकारका रूपमा चिनिएका गाउँ/नगरपालिकाले अन्धाधुन्द कर लगाएको खबर छ्यापछ्याप्ती छ। कर आतङ्कको भाइरलबाट मुलुक ग्रसित छ। यसको अचानोमा संघीयता परेको छ। साधारण गाउँलेलाई उद्धृत गर्दै जनताको ढाड भाँच्ने संघीयता किन चाहियो भनेर प्रश्न उठ्न थालेका छन्। संघीयता धरापमा पार्न खोजिएको भनेर सत्तापक्ष र विपक्षबीच आरोप-प्रत्यारोप चल्न थालेको छ।

आखिर कुरा के हो ? हरेक विवादमा संघीयता किन जोडिन्छ ? यस्तै विवादमा हामी कहिले गणतन्त्र जोड्छौं त कहिले धर्मनिरपेक्षता। राजनीतिक मतमतान्तर स्वाभाविक र नियमित हो। आफ्नो राजनीतिक प्राथमिकता अनुकूल भएन भन्दैमा सबै दोष सिंगो प्रणाली र संवैधानिक मान्यतालाई दिनु उचित हो-होइन, विचार गर्ने बेला आएको छ। यो प्रणालीको दोष हो कि नीति र व्यवहारको, छुट्याउन जरुरी छ। अन्यथा हाम्रो राजनीति सधैं गन्तव्य बिराएको यात्रीजस्तो कहिले यता कहिले उता भौंतारिनुमा सीमित हुनेछ।

पहिले, करबारे थोरै चर्चा गरौं। सरकार चलाउन, विकास निर्माण लगायत जे कामका लागि पनि पैसा चाहिन्छ। सरकारले खर्च गर्ने पैसाको मुख्य स्रोत जनताबाट उठाइने कर हो। त्यसमा विवाद छैन। तर अहिले जसरी गाउँ/नगरपालिकाले कर लगाएको चर्चा छ, त्योचाहिँ वित्तीय अराजकतामात्र होइन, करको नाममा लुटतन्त्रकै एउटा रूप हो भन्दा फरक नपर्ला। उदाहरणका लागि हाम्रा अनेक परम्परागत कृषि तथा घरेलु कामकाजलाई लिन सकिन्छ, जुन अहिले पनि छन्। कसैले पानीघट्ट चलाउला, कसैले आरन जोड्ला वा कसैले आफ्नै घरको एउटा कबलमा पसल थाप्ला वा चिया बेच्ला। परम्परा र पारिवारिक उत्तराधिकारका रूपमा बस्दै र खनजोत गर्दै आएका घरजग्गा छन्। केही वस्तुभाउ, हाँस-कुखुरा पालेका होलान्। सर्वसाधारण मानिसका दैनिक गुजारासँग जोडिएका जायजेथा हुन् ती। राज्यले त्यसमाथि सम्पत्ति कर लागाउन मिल्छ कि मिल्दैन, विवेकपूर्ण निर्णय अपेक्षित छ।

दूरदराजबाट आएका खबरमा अघिल्लो वर्षसम्म १६ रुपैयाँ तिरेकामा यो वर्ष २ हजार पुग्यो, ७ रुपैयाँ तिरेको मालपोत यो वर्ष १ हजार पुग्यो भन्ने छ। आरन, चित्रा, डोका व्यवसाय घरेलु उद्योगमा दर्ता गर्नुपर्‍यो भन्ने छ। दर्ता गर्नलाई सिफारिस लिन १ हजार रुपैयाँ लाग्छ भन्ने छ। माझीको जालमा कर लगाइएको छ। यस्ता कुराले संघीयताको विपक्षमा औंला ठड्याइने करको बोझमात्र होइन, राज्यकै औचित्यमाथि प्रश्न उठ्छ। राज्यको सहजीकरण बिना नागरिकले परम्परागत रूपमा भोगचलन गर्दै आएको गाँसबाससँग जोडिएको सम्पत्तिमाथिको कर जफत बराबर हो। उत्पादन र आम्दानीमा वृद्धि नगरी करको भारमात्र बढाउनुको औचित्य हुँदैन।




प्रधानमन्त्री केपी शर्मा ओलीले करको कुरा अतिरञ्जना मात्र हो, त्यस्तो भयावह केही छैन भनेका छन्। संविधानले प्रदेश र स्थानीय सरकारलाई कर उठाउने अधिकार दिएकाले रोक्न सकिन्न पनि भने। तर उनैको मन्त्रिपरिषदले यस सम्बन्धमा अध्ययन कार्यदल गठन गरेको छ। यस्तै अर्को समिति अर्थ मन्त्रालयले बनाएको छ। कर आतङ्कबाट जनता भड्किएलान् भनेर सरकार आत्तिएको छ। यसरी जनताको कुराप्रति सरकार संवेदनशील हुनु राम्रो हो। तर सँगसँगै न्याय र विवेकपूर्ण सुधार पनि अपेक्षित हुन्छ। सुधार बिनाको संवेदनशीलता नक्कली हुन्छ, हतप्रभताको दृष्टान्त पनि।

सामाजिक सञ्जाल र सञ्चार माध्यमले टड्कारोगरी जनमत बनाउन तथा सरकारको ध्यान तान्न सहयोग पुग्नेगरी यो विषय उठाउनु स्वाभाविक हो। त्यो अतिरञ्जना होइन। झापाको गौरादह नगरपालिकाले मरेको बाख्रामाथि कर लगाएको होइन, मरेको बाख्राको बिमा रकम लिन आउनेलाई वडाले सिफारिस दिएबापत लिएको पैसा हो त्यो। तर त्यसका लागि नागरिकले २ सय ५० रुपैयाँ त तिर्नुपर्‍यो। सन्दर्भ मरेको बाख्राकै हो। समग्रमा यो त्यति भयावह नहोला। कतिपय गाउँ/नगरपालिकाले करको दर र सेवाशुल्क घटाएको खबर पनि त आएका छन्। ज्यादती नभएको भए घटाउनुपर्ने थिएन।

हामी तीन तहको स्वायत्त सरकार अभ्यास र प्रयोगको प्रारम्भमै छौं। कतिपय कुरा अहिल्यै सच्याउन सकिन्छ, सुधार गर्न सकिन्छ। तीनवटै तहका सरकार यसका लागि खुला रहनु आवश्यक छ। स्थानीय करका सम्बन्धमा अहिले जे देखियो, त्योचाहिँ कानुनको अस्पष्टता वा प्रारम्भमा अनुभवको अभाव भनेर मात्र बुझ्नु हुँदैन। यसले हाम्रो शासकीय संस्कारमा कसरी विवेकको न्यूनता र गलत प्रवृत्ति मौलाएको छ भनेर पनि देखाएको छ।

उठाइएको करबाट नगरपालिका, गाउँपालिका प्रमुख, अध्यक्षका लागि गाडी किनिएका छन्, उप र वडाध्यक्षका लागि मोटरसाइकल किनिएका छन्। तलब-भत्ताको कुरा पनि छ। खर्च गाडी र मोटरसाइकल किन्नुमात्र होइन। सवारी चालक, इन्धन र मर्मत-सम्भारको खर्च पनि सँगै आउँछ। राज्यको सुविधामा गाडी चढ्ने भोक र प्रतिष्ठा हाम्रो राजनीतिको अंग बनिसकेको छ। यो माथिबाट तल सरेको कुसंस्कार हो। तल पनि बिचौलिया र डनहरू पार्टीको आवरणमा छन्। तिनले केन्द्रीय नेतृत्वमाथि प्रभाव जमाएका छन्। विकास निर्माणमा हुने भ्रष्टाचारको चलखेल हेर्न बाँकी छ। यसको सहजै अन्त्य देखिन्न। राजनीति गर्नेको सेटै परिवर्तन गर्नुपर्ने हुन्छ।

स्थानीय सरकारले अनियन्त्रित रूपमा लगाएको करलाई लिएर संघीयता धरापमा परेका राजनीतिक टिप्पणी सुनिन्छ। केही साता पहिले वीरगन्जमा उद्योगी व्यापारीको कर सम्बन्धी गुनासो सुन्दै नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालले भनेका थिए, संघीयतालाई बदनाम गर्ने र अन्ततः काम नलाग्ने भनेर फ्याँक्ने षडयन्त्र भैरहेछ। यस्तै अभिव्यक्ति प्रधानमन्त्री लगायत प्रदेशका मन्त्रीहरू दिँदैछन्। संघीयता कार्यान्वयनमा संघीय सरकार उदासीन रहेको गुनासो प्रदेशका मुख्यमन्त्रीहरूको पनि छ। उनीहरूले मुख्यतया तीनवटा कुरा उठाएका छन्– कर्मचारी व्यवस्थापन, बजेट र वित्तीय हस्तान्तरण। कर्मचारीमाथि संघीय सरकारले पुरै नियन्त्रण गरेको छ। कतिखेर को आउँछ, जान्छ वा बिदामा बस्छ, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूलाई पत्तो हुँदैन। प्रदेश सरकारको भौतिक पूर्वाधार छैन, न त्यसका लागि बजेट छ। यसको वित्तीय व्यवस्था संघीय सरकारले दिने अनुदानमा आश्रित छ। उसका लागि सबैभन्दा ठूलो आयस्रोत सवारी साधनमाथिको कर भएको छ। अनौपचारिक भेटघाटमा उनीहरू सुनाउँछन्, सरकारको केन्द्रीय नेतृत्व संघीयता कार्यान्वयनमा इमानदार भएन। हुन पनि केन्द्रीय सरकारले गर्नुपर्ने धेरै काम बाँकी छ। वित्त आयोग बनेको छैन। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनका प्रावधान राम्ररी पालना भएको छैन। सरकारले प्रदेश र स्थानीयलाई दिएको अनुदान हचुवाको भरमा छ।

हाम्रो कर प्रणाली केन्द्रीकृत ढाँचाको छ। स्थानीय र प्रदेशले कर लगाउने ठाउँ धेरै छैन। तर सम्पत्ति, कृषि र व्यवसाय भनेर यति व्यापक क्षेत्राधिकार पाएका छन्, त्यसबाट मान्छे त के चरा-मुसा पनि उम्किने ठाउँ छैन। अहिले अनियन्त्रित कर र त्यसको अतिसारको स्रोत यही हो। संविधान बनाउने क्रममै प्रदेश र स्थानीय सरकारको सन्दर्भमा यो धेरै अनुदार भयो भनेर आलोचना भएको थियो। अहिले यही पनि बढी भएछ भन्ने पुष्टि हुँदैछ।

केन्द्रीकृत कर प्रणाली आफैंमा खराब होइन। हाम्रो जस्तो असमान विकास र राजस्व उठ्ती भएको देशमा केन्द्र अर्थात् संघीय कोषमा बढी राजस्व उठाउनु भनेको त्यसको पुनर्वितरणलाई न्यायपूर्ण र समानीकरण सहज बनाउनु हो। अन्यथा यसको फाइदा केही प्रदेश र नगर/महानगरमा सीमित हुने सम्भावना रहन्छ। केन्द्रीय कोषमा धेरै रकम जम्मा हुनु भनेको त्यो सबै संघीय सरकारबाटै खर्च गर्ने भन्ने पनि होइन। यसको पुनिर्वितरणको सिद्धान्त, अनुपात तोक्ने काम संविधानले प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्व र प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको अनुपात तोकिदिएको छ। केवल कुन प्रदेश र कुन गाउँ/नगरपालिकाले के कति पाउने भनेर किटान गर्ने काम बाँकी छ। यसको अर्थ हो, आयोग प्रशासकीय प्राविधिकतामा मात्र सीमित हुने देखिन्छ।

हामीले तीन तहको संघीयता भन्यौं। यी तीनैवटा अलग-अलग संरचना हुन्। संघीयताको सिद्धान्त र अभ्यासले यसलाई जोड्न र समन्वय गर्न सक्छ। स्थानीय सरकार संघीयताको अभिन्न अंग होइन। संघीयता नभए पनि स्थानीय सरकार रहन्छ, चाहिन्छ। तर प्रदेशको संरचना हटाइदिने हो भने संघीयताको कुनै अंश बाँकी रहन्न। तसर्थ स्थानीय सरकारले बढाएको कर ज्यादतीका आधारमा संघीयताबारे अभिमत बनाउने कुरा गलत र असान्दर्भिक हो। बदनियतपूर्ण हो। संघीयताको सार्थक अभ्यास र प्रयोग प्रदेशमा खोज्नुपर्छ, जुन अलमलमा छ।

प्रदेश-२ मा बाहेक ६ वटै प्रदेश र संघीय तहमा एउटै पार्टी अर्थात् नेकपाको सरकार छ। प्रदेश-२ को नेतत्व गर्ने संघीय समाजवादी फोरम पनि संघीय सरकारमा छ। संघीयताको कस्तो अभ्यास विकास हुन्छ भन्ने कुरा नेकपाको नेतृत्वमा बस्नेहरूको बुझाइ, चाहना र प्राथमिकतामा धेरै निर्भर गर्छ।

# पाठक मञ्च

## 'म नै राज्य हुँ' भन्ने सोच

बिहीबार प्रकाशित डा. गोविन्द केसीको 'सरकारलाई तीन आग्रह'ले नेपाली राजनीतिको रवैयालाई उजगार गरेको छ। वास्तवमा यो लेखले राज्यसत्ताको दायित्व, प्रतिबद्धता र उसको अन्तर्यको तारतम्यता कति संशयकारी छ भन्ने पोल पनि खोलेको छ। कुनै पनि राज्यसत्ता जनतामा समर्पित छ भनी व्यापक प्रचार गरिन्छ। राणाकालको रवैयालाई बिर्सिदिने हो भने २००७ साल यताको सत्ताको रवैया पनि लुइपथभन्दा कमजोर दृष्टान्तको रूपमा जनताले अनुभूत गर्न पाएका छैनन्। शाही र पञ्चायती सत्तामात्र होइन, राष्ट्रियता, लोकतन्त्र, समाजवाद, साम्यवाद आदि-इत्यादि नारामा जनआन्दोलन र सशस्त्र संघर्ष गर्ने नायकहरू पनि सत्ता सञ्चालनमा पुगेपछि हिजो जनताप्रति गरेका कबोलहरूलाई नजरअन्दाज गर्दारहेछन् भन्ने कुरालाई डा.केसीको लेखले छर्लङ्ग पारेको छ। स्वास्थ्य, शिक्षा, न्याय, सञ्चार र सामाजिक सुरक्षामा ओली सरकार कति संवेदनशील रहेको छ भन्ने कुरा धेरै टाढा जानु पर्दैन। भदौ १ गतेदेखि लागु गरिएको मुलुकी ऐन विस्थापनार्थ ल्याइएको नयाँ कानुन त्यसको ज्वलन्त उदाहरण बनेको छ। लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको सञ्चार जगतलाई शाहीकालको सेन्सरसिपभन्दा पनि खतरनाक अङ्कुश लगाउने षडयन्त्र यस कथित नयाँ कानुनमा रहेको छ। त्यसैगरी चिकित्सक र बिमारी बीचमा मनोमालिन्य हुर्काउने र चिकित्सा क्षेत्रलाई तहस-नहस पार्ने हर्कतमा नयाँ कानुन उदात्त हुनेमा दुईमत छैन।

**– नारायण निरौला**
*विराटनगर*

## बाटा बन्द भएका होइनन्

बिहीबार प्रकाशित 'बन्द भए पशुपतिका सांस्कृतिक बाटा' भ्रमपूर्ण छ। वेद विद्याश्रमको दक्षिणतर्फको खुल्ला प्राङ्गणमा सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गर्दै पर्खाल लगाइएको छ। फेरि त्यहाँ पर्यटकीय प्रहरी बिट र ठूलो बाटोसँगै एउटा द्वार पनि छ। इता पाखाबाट वेद विद्याश्रमतर्फ प्रवेश गर्ने खुल्ला अव्यवस्थित बाटोबाट खराब व्यक्तिको पनि प्रवेश हुने र तिनीहरूको अवाञ्छित क्रियाकलापले विद्यालयले बारम्बार समस्या भोगिरहेको थियो। त्यहाँ रहेको द्वारमा लगाइएका ताला बारम्बार फोडिने गरेका छन्। यसको जिम्मा कसले लिने ? फेरि इता पाखाबाट वेद विद्याश्रममा दैनिक आवत-जावतको कार्य पनि हुँदैन। त्यो कहिलेकाहीं जात्रापर्वमा मात्र प्रयोग हुन्छ। त्यसको लागि व्यवस्थित द्वारबाटै आवत-जावत गर्न सकिन्छ। विद्यालयमा आवासीय रूपमा शिक्षक, विद्यार्थी र कर्मचारी गरी लगभग १०० जनाको बसोबास छ। विद्यालय र ती सबैको सुरक्षामा खुल्ला बाटोले निरन्तर व्यवधान गरिरहेको थियो। विद्यालय प्रवेशका लागि व्यवस्थित दुइटा द्वार छन्। ती पर्याप्त छन्। सांस्कृतिक बाटो बन्द भएको नभई यसलाई व्यवस्थित रूपमा प्रयोग गर्न खोजिएको हो।

**– घिमिरे शिव**
*वनकाली गौशाला, काठमाडौं*

## कृषक बजार व्यवस्थापक आवश्यक

हाम्रो देश कृषि क्षेत्रमा ठूलो सम्भावना बोकेको देश हो। यद्यपि किसानले भने दुःख सहनु बाहेक केही छैन। सिन्डिकेटधारी बिचौलियाको आतंकले गर्दा सरकार र उपभोक्तको समबन्ध र विश्वसनीयता कृषकबीच निकै कम भएको छ। मिहेनती कृषकहरूलाई कृषि क्षेत्रमा धेरै प्रोत्साहन गराउन जरुरी छ। राज्यले युवाहरूलाई कृषि क्षेत्रमा प्रोत्साहन गराएन भने केही समयपछि उत्पादित वस्तुहरू विदेशी भूमिबाट ढुवानी गर्दा अहिलेको वृद्धि मूल्यभन्दा दोब्बर नहोला भन्न सकिन्न। सरकारी मातहतमा रही राज्यले युवाहरू समावेश गरी स्थानीय तहबाटै लोकसेवा आयोगमार्फत स्थानीय, प्रदेश र केन्द्रीय तहसम्मको कृषि बजार व्यवस्थापक, कृषि बजार प्रतिनिधि लगायत कृषकलाई उचित सल्लाह, सुझाव दिने कृषिविज्ञको छनोट र परिचालन अहिलेको आवश्यकता हो।

**– सञ्जय त्रिपाठी**
*बरहथवा-१५, सर्लाही*

## कस्तो सरकारी नीति ?

बिहीबार प्रकाशित 'प्रेसमाथि झनै अंकुश', 'सामाजिक सञ्जाल चलाउँदै सरकार' र 'सेयर गर्नेलाई थुनामा राख्न ५ दिन म्याद' समाचार पढेपछि हाम्रो राज्य सञ्चालकहरूको मनस्थिति बुझ्न सजिलो हुन्छ। एकातिर सरकार सामाजिक सञ्जाल- फेसबुक, ट्विटर, भाइवरमार्फत जनगुनासा सुनुवाइ गर्न सामाजिक सञ्जाल सञ्चालन निर्देशिका जारी गर्दैछ भने अर्कोतर्फ गोपनीयता सम्बन्धी विधेयकमार्फत सूचना संकलन गर्न असहज हुनेगरी प्रावधान राखेको छ। त्यस्तै फेसबुकमा प्रधानमन्त्रीको फोटो बिगारी सेयर गरेको आरोपमा काभ्रे रोशी-५, का वडा सचिव होमनाथ सिग्देललाई ५ दिन थुनामा राखी अनुसन्धान गर्न अदालतबाट म्याद दिएको खबर पनि सँगसँगै प्रकाशित भएको छ। यसबाट सरकारको खास नीति कुनचाहिँ हो ? सरकारी असली नियत के हो ? भनी सर्वसाधारणले कसरी बुझ्ने ?

एकातिर सामाजिक सञ्जालामार्फत गुनासा अनि सुझाव लिने भनिएको छ भने अर्कोतिर सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई पक्राउ गरेर विद्युतीय कारोबार ऐन अन्तर्गत कारबाही चलाइएको छ। यसले आम कर्मचारी, सर्वसाधारणमा समेत त्रास सिर्जना भएको छ। वडा सचिव सिग्देलको फेसबुक प्रयोग विद्युतीय कारोबार ऐन अन्तर्गत दण्डनीय हो भने अब पत्रपत्रिकामा प्रकाशित कार्टुन र ती कार्टुन राम्रो लागेर सेयर गर्ने सबै सरकारको निसानामा नपर्लान् र ? कार्टुनिस्ट क्लबले यसबारे आधिकारिक धारणा बनाएको खोइ ? निकट भविष्यमा गाईजात्रा आउँदैछ, के अब यो देशमा सरकारमा बस्नेहरूलाई गाईजात्रे व्यङ्ग्य गर्न पनि नपाइने हो ? व्यङ्ग्यकारहरूले खोइ आधिकारिक धारणा बनाएको ? प्रेसमाथि अंकुश लगाउनु भनेको जनताको सुसूचित हुने अधिकार माथिको अंकुश हो।

राज्यको चौथो अंगले खबरदारी नगर्ने हो भने राज्यको कामकारबाहीको स्वेच्छाचारितामाथि निगरानी कसले गर्ने ? आम जनताले वास्तविकता कसरी थाहा पाउने ? सार्वजनिक निकायहरूमा भए/गरेका कामकारबाहीलाई समेत व्यक्तिगत गोपनीयताको परिभाषामा राखेपछि राज्यका कामकारबाहीप्रति नागरिकले कसरी सुसूचित हुने ? नागरिकको सूचनाको हकको




ग्यारेन्टी खोइ ? सूचनाको हक र व्यक्तिगत गोपनीयताको हक विपरीत ध्रुवीय हक हुन् र ? सूचनाको हक सम्बन्धी कानुनले आफ्नो वा सार्वजनिक महत्त्वको विषयमा नागरिकलाई सूचनाको हक दिएको छ। व्यक्तिगत गोपनीयताको विषयले सूचनाको हकलाई काट्न वा सीमित गर्न मिल्ला र ?

सूचनाको हक सम्बन्धी ऐनले ५ प्रकारका सूचना गोप्य रहने र थप सूचना गोप्य राख्नुपर्ने अवस्था आएमा सूचनाको वर्गीकरण गर्न सकिने व्यवस्था गरेको छ। तर सरकारले अहिलेसम्म कुनै पनि सूचनालाई वर्गीकरणको प्रक्रियामा लगेको छैन। सिधै गोपनीयताको हक सम्बन्धी कानुनले सार्वजनिक महत्त्वको विषयमा पनि सूचना गोप्य हुने व्यवस्था गरेबाट विधेयकको व्यवस्था संविधानको मूल मर्म र सूचनाको हकसँग बाझिएको छ। यसमा सूचनाको हकको कानुन कार्यान्वयनको लागि ऐनद्वारा स्थापित राष्ट्रिय सूचना आयोगले सरकारलाई ध्यानाकर्षण गराउनुपर्ने होइन र ? जनआन्दोलन पश्चात आएको लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थामा शासन सञ्चालन गर्नेहरूले राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई स्वतन्त्र निगरानी गर्ने जिम्मेवारी सुम्पनसके मात्र सरकारी कामकाजको प्रतिफल आम नागरिकले पाएको अनुभूति गर्नसक्ने गरी सुसूचित होलान्। अन्यथा नागरिकको सुसूचित हुने अधिकारमाथि अंकुश लागेमा लोकतन्त्र कमजोर हुनेछ र राज्य अलोकप्रिय हुनसक्छ।

**– नोदनाथ त्रिताल**
*चौबिसे गाउँपालिका-३, धनकुटा*

■●■

सार्वजनिक सरोकारका मुद्दामा चासो राख्ने एक व्यक्तिको उजुरीको आधारमा काभ्रे, रोशी-५ का वडा सचिव होमनाथ सिग्देललाई प्रधानमन्त्रीको टाउको जनावरको शरीरमा जोडिएको फोटो सेयर गरेको आरोपमा महानगरीय अपराध महाशाखाले विद्युतीय कारोबार ऐनको दफा ४७ अन्तर्गत साइबर क्राइम अन्तर्गत प्रकाशन गर्न नहुने सामग्री प्रकाशित गर्‍यो भनी पक्राउ गरेछ। उक्त फोटो पोस्ट गर्ने व्यक्ति भने पक्राउ परेका छैनन्। यसै सन्दर्भमा कानुन विज्ञहरूको अनुसार विद्युतीय कारोबार ऐनको प्रयोगमा अभिव्यक्ति स्वतन्त्रताको कुरा पनि सँगसँगै हुनुपर्छ र सार्वजनिक पदमा बस्नेहरू आलोचना सहन सक्ने हुनुपर्छ भन्ने अभिव्यक्ति दिएका छन्।

सामाजिक सञ्जालमा त्यसका प्रयोगकर्ताले देखिएका पोस्टहरू लाइक गर्ने, सेयर गर्ने गर्छन्। तर अबदेखि नेपाली प्रयोगकर्ताले सामग्री र फोटो पोस्ट, लाइक वा सेयर गर्दा एकपटक भदौ १ गतेदेखि लागु भएको मुलुकी संहिता सरसर्ती अध्ययन गर्नु जरुरी छ। अन्यथा समय बिताउन प्रयोग गर्ने गरिएको सामाजिक सञ्जालले जञ्जालमा फँसाउन बेर छैन।

**– महेन्द्रसिंह बम**
*टीकापुर-१, कैलाली*

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np

## लोकप्रिय नाराको जोखिम

काठमाडौंका मेयर विद्यासुन्दर शाक्यले १०० दिनमा १०१ काम गरेर देखाउने सार्वजनिक घोषणा गरे। उता २ नं. प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पनि १०० दिनमा थुप्रै काम गरेर देखाउने भनी लिखित प्रतिबद्धता नै व्यक्त गरे। दिन बिते, महिना बिते, तर उनीहरूले बोलेको १० प्रतिशत काम पनि पूरा भएन। आधार बिनै हचुवा तालमा बोलेका कुरा यसरी नै केवल कागजमा सीमित हुन्छन् भन्ने कुरा अन्य नेताले पनि बेलैमा सिक्दा राम्रो हुन्छ। शाक्य र लालबाबुको नियतिझैं अब प्रधानमन्त्री ओलीको पनि हुनथालेको छ। ओली धेरै बोल्छन्, तर काम त्यो अनुरूप भइरहेको छैन। उनको शासनकालको ६ महिनामा आम जनताले कुनै राहतको अनुभव गर्न पाएका छैनन्। महँगीले जनता आक्रान्त छन्। स्थानीय सरकारको अनावश्यक करले पनि धेरैलाई पिरोलेको छ। आफ्नो व्यक्तिगत खल्तीबाट जाने होइन, के भयो त भन्दै असम्भव र पुरै गर्न नसक्ने नारा दिँदा भोलि त्यसले देश र जनतामा कति भार थप्छ भन्ने कुराको हेक्का राखेको देखिँदैन। यसले अन्ततः नेपाललाई ग्रीस र भेनेजुयलाजस्तो असफल राष्ट्र बनाउनेछ। जहाँ नेताहरूले गरेका अनावश्यक नाराले आज राज्यकोषको भार बढेर राज्य नै उठ्न नसक्ने अवस्थामा पुगेको छ। सरकार र सबै जनप्रतिनिधिले बेलैमा सोच्नुपर्छ।
र एकरूपता दिने नीति लिनुपर्छ।

**– गोपाल देवकोटा**
*गोकर्णेश्वर-८ जोरपाटी, काठमाडौं*

## प्रधानमन्त्रीका रेल सपना

आगामी २ वर्षमा रेल गुड्छ भन्ने प्रधानमन्त्रीको भनाइ सुन्दा हाँसो उठेर आयो। २ वर्षमा रेखांकन त हुन्छ, रेल परियोजनाको ? बोलीपिच्छे नयाँ-नयाँ योजनाको हचुवाको भरमा घोषणा गर्‍यो अनि कार्यान्वयनचाहिँ नगर्ने कस्तो सोच हो यो ? पूर्व-पश्चिम र उत्तर-दक्षिण रेलको सञ्जालले मुलुक जोड्ने हो भने त्यसका लागि इच्छाशक्ति कति छ, प्रधानमन्त्रीको ? खुट्टी हेर्दै हुति थाहा हुन्छ भनेझैं अघिल्ला योजना कहाँ-कहाँ सफल भए ? एकपछि अर्को योजना थप्यो, तर सिन्को नभाँच्ने हो भने किन बोल्नु कसैले ? मानौं ल रेल कुद्ने नै भयो रे। तर तराईमा त्यसले निम्त्याउने वन विनाश रोक्ने कसरी ? वनजंगल क्षेत्रमा भूमिगत रूपमा ट्र्याक खोल्न सकिन्छ कि सकिन्न ? लाखौं-लाख हरिया रुख काटेर तराई क्षेत्र कतै मरुभूमि त बनाउने उद्देश्य होइन ? चुरे दोहनले त्यसै थला परेको त्यो उर्वरभूमि किन अझ उजाड बनाउनु ?

**– डिल्लीराम खनाल**
*दमक, झापा*

## तरकारी बजारको बेथिति

कालिमाटी तरकारी बजारमा सञ्चालक समितिबाट सोर्सफोर्स, पैसा र पाखुरीका बलले थोरै मूल्य तिरी आफूले हत्याएर लाख रुपैयाँसम्ममा भाडामा लगाएर तरकारीमा दिनदहाडै लुट गर्ने गरेका कारण तरकारी बारीमा उही पैसाले ५ किलो आउने तरकारी कालिमाटी हुँदै उपभोक्ताको भान्सामा आइपुग्दा १ किलोमात्रै मुस्किलले आउने गरेको खुलासा भयो। उदाहरण मानौं, खेतबाट १० रुपैयाँमा खरिद गरिएका गोलभेडा ५० रुपैयाँ र २५ रुपैयाँको काउली १२५ तिर्दै धेरैजसो बिक्री हुँदोरहेछ भन्ने जान्दाजान्दै उपभोक्ताहरू ठगिँदै गरेका वर्षौं हुँदा पनि उचित कारबाहीको दायरामा नल्याउनु विडम्बना थियो। महँगो स्टल भाडामा किनेपछि सावाँ, ब्याज र लगानी उठाउन लादिएको मोल तिर्न कालिमाटीका तरकारी व्यापारीले कहाली लाग्नेगरी मूल्य अकास्ने गरेको यथार्थ बल्ल पुष्टिएको छ। एउटाले स्टल हत्याएर दोस्रो व्यक्तिलाई दिने, उसले पनि तेस्रो, चौथो व्यक्तिलाई दिई नाफा खाँदै-खाँदै दिने गरिएका कर्तुत यसअघि पनि नखुलेका होइनन्। तरकारी बजारको स्टल भाडामा लिँदा-दिँदा जुन घोटाला हुने गरेको छ, त्यसले पनि तरकारी महँगो बनाएको हो।

**– श्यामसुन्दर कुइँकेल**
*हाँडीगाउँ, काठमाडौं*

## इमरानको सकारात्मक कदम

पाकिस्तानी सैनिकको सहयोगमा प्रधानमन्त्री बन्न पुगेका भनिएका इमरान खानले प्रधानमन्त्रीसँग भएका ३३ बुलेट प्रुफसहित ८० कार र अतिरिक्त हेलिकप्टर बेचेर त्यो रकम गरिब र विपन्नको शिक्षा र स्वास्थ्यमा खर्चने भनी वाचा गरिरहँदा कम्युनिस्ट नामधारी नेपाल सरकार भने निजी विद्यालय र त्यसका सञ्चालकलाई पोस्नेगरी शिक्षा विधेयक संशोधन गर्दैछ भने कम्युनिस्ट सरकार मातहतका स्थानीय तहका प्रमुखहरू भने धमाधम सुविधाका लागि सवारी साधन किन्नमा व्यस्त छन्। दुई तिहाइ बहुमतधारी कम्युनिस्ट सरकार जनमुखी र सैनिक बलमा बनेको अल्पमतको सरकारको निर्णय जनविरोधी हुनुपर्ने हो, तर ठिक उल्टो भइरहेको छ। बेलैमा नसच्चिए पछुताउनुपर्ला।

**– कपिल केसी**
*विदुर-८, नुवाकोट*

## बादीको बेइज्जत

गत साउन २६ गते वसन्तप्रताप सिंहद्वारा लिखित 'बादीको व्यथा' समाचारले राष्ट्रिय बादी परिषद् तथा सम्पूर्ण बादी समुदायको ध्यानाकर्षण भएको छ। लेखकले ७ नं. प्रदेश बझाङ जिल्लाको जयपृथ्वी नपा, चैनपुर र थलारा गाउँपालिकाको खोलीमा बसोबास गर्ने बादी समुदायको आर्थिक अवस्था, गरिबी, बालबालिकाको शैक्षिक अवस्था, केही बालबालिकाको कम उमेरमा विवाह हुने गरेको, बालबालिकाले सानै उमेरमा बालमजदुरको रूपमा ज्यालामजदुरी गरेको कुरा प्रकाशनमा ल्याएर जनचेतना जगाउनु स्वाभाविक मान्न सकिन्छ। तर 'बादीको व्यथा'मा उल्लिखित बादी महिला देह व्यापारमा संलग्न छन्। श्रीमान् नै सेटिङ मिलाइरहेका हुन्छन् भन्ने कुराले गम्भीर ध्यानाकर्षण गराएको छ।

सरकारले २०६५ पुस २३ गते यस बादी समुदायलाई यौन शोषणमुक्त समुदाय घोषणा गरी यस समुदायका केही अविवाहित युवतीहरूमा भएको यौन शोषण (कथित देह व्यापार) लाई अन्त्य भएको घोषणा गरेको छ र सोही दिनदेखि बादी समुदाय यौन शोषणरहित समुदायको रूपमा प्रतिस्थापित भएको अवस्था अवगत हुँदाहुँदै पनि यस प्रकारको समाचार लेख्नु अवैधानिक र गैरकानुनी, विवाहित महिलाले देह व्यापार गर्छन् भनी प्रचार गर्नु र कुनै समुदायको आत्मसम्मानमा चोट पुर्‍याउनु नियतवश गरिएको लाञ्छना, भेदभाव, विभेद र शोषण हो। यस प्रकारको अवैधानिक, विभेदयुक्त कपोकल्पित लेख, रचना तथा समाचारको राष्ट्रिय बादी परिषद् तथा सम्पूर्ण बादी समुदाय घोर भर्त्सनाका साथ विरोध गर्छ र खेद प्रकट गर्छ।

**– केशव नेपाली**
*अध्यक्ष, राष्ट्रिय बादी परिषद्*

■●■

प्रकाशित सामग्रीबाट कसैलाई चोट पर्न गएमा क्षमा माग्छु र मेरो लेखाइको तात्पर्य त्यस्तो नभएको अवगत गराउन चाहन्छु।

**– संवाददाता**

# गोपनीयताको गन्तव्य कता ?



लीला लुइँटेल

गत सोमबार प्रतिनिधिसभामा 'वैयक्तिक गोपनीयताबारे व्यवस्था गर्न बनेको विधेयक' सरकारले संसद्मा दर्ता गरेको समाचारले केही सोच्न बाध्य गरायो । सार्वजनिक पद धारण गरेका व्यक्तिको शैक्षिक प्रमाणपत्र खोज्न र सार्वजनिक गर्न नपाइने प्रावधान प्रस्तावित विधेयकमा गरिएको रहेछ । राज्यको ढुकुटीबाट तलब-सुविधा पाउने व्यक्तिको शैक्षिक प्रमाणपत्र र अन्य व्यक्तिगत विवरणसमेत गोप्य राख्ने यो कस्तो व्यवस्था गर्न खोजिएको हो ?

सार्वजनिक भनेकै सर्वसाधारण जोसुकैले पनि चाहेको बेला जानकारी पाउनुपर्ने मेरो अल्पबुझाइ छ । होइन भने संविधानले व्यवस्था गरेको 'सूचनाको हक' एवं 'सुसूचित हुने अधिकार' भनेको के हो ? सार्वजनिक पद धारण गरेका कतिपय उच्चपदस्थ व्यक्तिका शैक्षिक प्रमाणपत्र नक्कली भेटिइरहेका बेला यस्तो विधेयक दर्ता गराउनुले सरकार स्वयंले नै यस्ता गलत क्रियाकलापलाई बढावा दिन प्रयास गरिरहेको संकेत गर्दैन र ? लाभका पदमा रहेका राजनीतिक नेता, उच्चपदस्थ

**शैक्षिक प्रमाणपत्रलाई गोप्यताभित्र व्याख्या गर्ने-गराउने हो भने राज्यले ठूलो धनराशि खर्च गरेर दीक्षान्त समारोह गराउने चलन नै बन्द गर्नुपर्‍यो ।**

र सरकारी कर्मचारीले आफ्ना कमजोरी सार्वजनिक नहोस् भन्ने निहित स्वार्थले विधेयकमा यस्ता विवरणलाई गोप्य रहने सूचीमा राख्ने व्यवस्था प्रस्ताव गरेको हो भने यो सोह्रैआना गलत दृष्टिकोण हो । यस्ता पदाधिकारीले खाने तलब-सुविधामा गरिब एवं निमुखा जनताको पसिना परेको हुन्छ । यस्ता कुरा जानकारी प्राप्त गर्नु जनताको अधिकारभित्र पर्छ ।

व्यक्तिगत जीवनका गोप्यताभित्र शैक्षिक प्रमाणपत्र नपर्नुपर्ने हो । राज्यले जारी गरेको शैक्षिक प्रमाणपत्र कसरी गोप्य हुन्छ ? यदि शैक्षिक प्रमाणपत्रलाई गोप्यताभित्र व्याख्या गर्ने-गराउने हो भने राज्यले ठूलो धनराशि खर्च गरेर दीक्षान्त समारोह गराउने चलन नै बन्द गर्नुपर्‍यो । होइन भने शैक्षिक प्रमाणपत्र भनेको त गौरवको विषय हो र जतिबेला जसलाई पनि देखाउन सकिने विषय हो । अहिले दर्ता गरिएको विधेयकमा यो व्यवस्था पास भएमा नक्कली प्रमाणपत्रधारीहरूको मनोबल बढ्ने, राज्यका हरेक क्षेत्रमा तिनकै हालिमुहाली चल्ने अनि योग्य एवं सक्षम व्यक्तिहरूचाहिँ पलायन भएर डिप्रेसनमा जानसक्ने सम्भावनातर्फ किन कसैको पनि ध्यान नगएको ?


अर्कोतर्फ यो कानुन लागु भएपछि जेल सजाय भुक्तान गरिसकेका व्यक्तिको आपराधिक पृष्ठभूमिसमेत सञ्चार माध्यममा प्रकाशन र प्रसारण गर्न पाइने छैन । यसको अर्थ भ्रष्ट आचरणका आसेपासे व्यक्तिलाई चोख्याउने र तिनलाई सार्वजनिक महत्त्वको उच्च पदमा पुनः नियुक्त गर्ने नियतले यस्तो व्यवस्था गरिएको हो भन्ने बुझ्न कठिन हुँदैन । अनि पक्राउ परिसकेपछि पनि आदेशबिना घरमा खानतलासी गर्न नहुने व्यवस्थाले आदेशको प्रतीक्षामा यस्ता अपराधीले प्रमाणहरू नष्ट गर्न सक्नेतर्फ पनि सबैको ध्यान जानु जरुरी देखिन्छ ।

विधेयकमा जात, जाति, नागरिकता, जन्म, उत्पत्ति, धर्म, वर्ण, वैवाहिक स्थिति, शैक्षिक उपाधि, ठेगाना, मतदाता परिचयपत्रलाई गोप्य रहने वैयक्तिक सूचनाका रूपमा राखिएको छ । यस व्यवस्थाले अब नाम पनि गोप्य राखिनुपर्छ भनेको हो ? सवारी चालक अनुमतिपत्र जस्ता कागजातलाई समेत गोप्य भनेर व्याख्या गर्दा सवारी चालक अनुमतिपत्रको जाँच गर्दा ट्राफिक प्रहरीलाई पनि अप्ठ्यारोमा पार्ने स्थितिको सिर्जना हुनेतर्फ पनि सोच्नु आवश्यक छ ।

चरित्र सम्बन्धी गोपनीयता सुरक्षित गरिएको भनिएको विधेयकमा कुनै व्यक्तिको चरित्र एवं आचरणमा प्रश्न उठाउन नपाउने प्रावधान गरिएको छ । यस सन्दर्भमा रात बिताउनेगरी बसेको घर, अपार्टमेन्ट, होटल, रिसोर्ट, लज, पाहुना घर, शिविरको कोठामा प्रहरीले बिना प्रयोजन र लिखित सूचनाबिना खानतलासी गर्न नपाउने प्रावधान राखिएको छ । यस प्रावधानले आपराधिक क्रियाकलापलाई बढावा दिने स्पष्टै देखिन्छ । यसले आपराधिक क्रियाकलापलाई राज्यबाटै सङ्गठित रूपमा मान्यता दिन लागिएको शङ्का गर्ने ठाउँ रहन्छ कि रहँदैन ? जनताको पसिना शोषण गरेर अकुत सम्पत्ति जम्मा गरेका सार्वजनिक पदधारी अपराधीहरूले त्यस्ता कालो धन खर्च गर्ने र सिध्याउने ठाउँ भनेको नै होटल, लज, रिसोर्ट एवं क्यासिनो हुन् । त्यस्ता ठाउँमा खानतलासी गर्ने स्थितिलाई खुम्च्याएर प्रहरीलाई स्वतन्त्र हुन नदिने स्थितिको सिर्जना गरिएको अपराधीलाई उम्किन समय प्रशस्तै दिनकै लागि हो त ?

मञ्जुरी लिएर सूचना प्रयोग गर्दा पनि जुन प्रयोजनका लागि सूचना सङ्कलन वा प्राप्त गरेको हो, त्यही प्रयोजनमा प्रयोग गर्नुपर्ने व्यवस्था विधेयकमा छ । यसले एउटै व्यक्तिले गरेको आपराधिक सूचना सङ्कलनका लागि राज्यको जनशक्ति र ढुकुटीको दुरुपयोगका दृष्टिले यो कतिसम्म व्यावहारिक हुन्छ ? सार्वजनिक पदमा रहेका व्यक्तिको उमेर, योग्यता, चरित्र, यौनिकता आदिका विषयमा प्रश्न उठेमा अधिकार प्राप्त अधिकारीले मात्रै माग गरेमा उपलब्ध गराउनुपर्ने व्यवस्था विधेयकमा गरिएकाले अधिकार प्राप्त व्यक्ति भ्रष्टाचारमा मुछिने सम्भावना हुन्छ कि हुँदैन ? त्यस्तै बैंक खाताको विवरण र कारोबार, चल-अचल सम्पत्तिको स्वामित्व र कागजातलाई पनि विधेयकले व्यक्तिगत गोपनीयताभित्र राखेर सार्वजनिक नगर्ने हो भने सार्वजनिक ओहदामा रहेका व्यक्तिको सम्पत्ति विवरण प्रस्तुत गर्नुपर्ने नाटक केका लागि ?

सरसर्ती हेर्दा उक्त विधेयकका माध्यमबाट किर्ते, जालसाजी तथा झुठको खेती गरेर अपराधलाई अझै कानुनी रूपमै बलियो पार्न खोजिएको भान हुन्छ । सार्वजनिक पदमा रहेका व्यक्तिले कस्तो गाडी चढ्छ र कस्तो लुगा लगाउँछ भन्नेमात्रै जानकारी पाउनु नै सूचनाको हक अन्तर्गत पर्ने हो ? 'सार्वजनिक पदधारी व्यक्तिका चरित्रबारे कसैले कुनै टिप्पणी गर्न हुँदैन' भन्ने प्रावधानले उहिले राजतन्त्रका विरुद्धमा बोल्न नपाइने पञ्चायती भूत जागेर आएको अनुभव हुन्छ कि हुँदैन ? अझ भन्ने हो भने एक्काइसौं शताब्दीको विद्युतीय सञ्चारको युगमा जनताको सुसूचित हुने अधिकारको व्याख्या यो विधेयकले कसरी गर्छ होला ?




# के हो लोकतन्त्र, के होइन

श्रीकृष्ण अनिरुद्ध गौतम



तानाशाही, एकतन्त्री शासनमा सरकार छाडा हुन्छ, फुक्का हुन्छ । लोकतन्त्रमा बाँधिएको हुन्छ ।

साँच्चै लोकतन्त्रकै बारेमा विमर्श गर्ने हो भने यस पद्धतिमा एउटै मान्छे दोहोर्‍याइ, तेहोर्‍याइ सत्तामा बसिरहन मिल्दैन, हुँदैन । नत दलको सत्तामा न राज्यको । न प्रदेशको न स्थानीयको । राज्यसत्ता एउटै, एकैथरी मान्छेले ओगटेर बसिरहन पाइँदैन । मानिस फेरिइरहनुपर्छ, नित्य नवीनता, नवज्ञान र नवजीवन लोकतन्त्रका आत्मगुणहरू हुन् । सिद्धान्ततः भनेको किनभने व्यवहारमा, त्यो पनि दक्षिण एसियामा कहिलेकाहीं अल्पसमयमा बाहेक र त्यसमा पनि नेपाल र भारतमा यस आदर्शको परिपालन भएको भोग्न त परै देख्नसम्म दुर्लभ भएको छ । तथापि दुर्लभै भए पनि लोकतन्त्र के हो, के होइन भनेर विमर्श गर्नु अब वाञ्छनीय र आवश्यक भएको छ ।

आवश्यक किन भएको छ, यसबारे साधारण जानेबुझेका मान्छेलाई भनिरहनै पर्दैन । अचेल भइरहेका कर्मकाण्ड देखेर उनीहरू वाक्कदिक्क छन् । किनभने जेलाई आज लोकतन्त्र भनिन्छ अथवा भनिँदै र भनाइँदैछ, त्यो केवल निर्वाचनद्वारा शासक चुन्ने अभ्यासमा सीमित भएको छ । चुनाव जित्ने अनि आफैंलाई जिताउनेलाई कज्याएर शासन गर्ने, नागरिक स्वतन्त्रता मास्ने कानुन ल्याउने अनि 'रुल अफ ल'को दुहाइ दिने, आलोचकमाथि निसाना साँध्ने समूहलाई अघि सारेर स्वतन्त्रताको व्याख्या गर्न लगाउने, आफ्ना आसेपासे 'पार्टीका पत्रकार'लाई त्यसको पुष्टि गर्न लगाउने, विरोधको स्वर नसहने निर्वाचित तानाशाहीजस्तो व्यवहारलाई लोकतन्त्र भनाउने प्रयत्न भइरहेको छ । खास-खास मान्छेले जसरी-तसरी चुनाव जित्ने, रजगज गर्ने कलकलाउँदो जवानीमा राजनीतिमा पसेको मान्छे नब्बे कट्दा पनि प्रधानमन्त्री कि राष्ट्रपति भएर मर्न खोज्ने । यही पट्यारलाग्दो प्रथालाई नै लोकतन्त्र हो भनेर चिनाइएको छ, गलत हो यो । चिल्ला गाला हुँदादेखि चाउरी पर्दासम्म, म्याराथनदेखि आर्यघाटसम्म एउटै मान्छे प्रत्याशीका रूपमा उपस्थित हुन्छ । अनि त्यो लोकतन्त्र !

कतै हामी जे लोकतन्त्र होइन, त्यसैलाई हो भनेर झुक्किइरहेका त छैनौं ? कतै भ्रममा त बाँचिरहेका छैनौं ? कतै वास्तविक लोकतन्त्र कल्पनामा समेत जीवन्तता गुमाउँदै त्यसको स्थान कर्मकाण्डले लिँदै गएको त होइन ? यी प्रश्न उठ्दा यसबारे ठेलीका ठेली पुस्तकका उद्धरणहरू देखाउनेहरूले लम्बेतान व्याख्या गर्न सक्छन्, तर उनीहरू उद्धरणमै हराउँछन् । विद्यावारिधिहरूले 'रिसर्च मेथडलजी' अन्तर्गत रहेर हामीलाई यो यसकारण लोकतन्त्र हो भनेर पढाउने कसरत गर्दा हुन् । तर हो-होइन, टुंगो लगाइदिँदैनन् । विश्वविद्यालयमा राजनीतिशास्त्र पढाउने प्राध्यापकहरू विभिन्न सिद्धान्तहरूको हवाला दिँदै, यति अथवा त्यति गुण भए यसलाई लोकतन्त्र नै भन्नु र मान्नुपर्छ भनेर विभिन्न देशका उदाहरण प्रस्तुत गरिरहेकै हुन्छन् । जबकि कुनै पनि सिद्धान्त व्यवहारमा नदेखिई पत्याइहाल्नु खतरनाक हुन्छ, व्यवहार त सिद्धान्तसँग मिल्दै नमिल्ने छ । के भन्ने ? विद्वानहरू पनि समाधान दिन सकिरहेका छैनन् । हुन पनि हो, उनीहरूले समाधान दिन्थे, दिनसक्थे भने यो दुनियाँमा लोकतन्त्रको दुर्दशा हुने थिएन ।

मैले यहाँ विद्वानहरूलाई आरोप लगाएको होइन । उनीहरू जान्दछन्, त्यतिका किताब पढेका छन्, डिग्री लिएका छन्, नामका अघिल्तिर डा. उपाधिले सज्जित छन् । तर स्थिति उनीहरूको नियन्त्रणमा छैन, किनभने शासनको उच्च स्थानमा धेरै अवस्थामा जसोतसो भोट बटुलेर शठहरू स्थापित भएका हुन्छन् । विद्वान त बुद्धिमान हुन्छन् । बुद्धिहीनका सामु परेपछि उनीहरूसँग बोल्ने कुनै तर्क हुँदैन ।

धेरै देश आज लोकतन्त्र भन्दाभन्दै आचरणमा चाहिँ निर्वाचित तानाशाही (इलेक्टोरल डिक्टेटरसिप) बन्न पुगेका छन्, जहाँ राज्य सञ्चालकहरू शक्ति केन्द्रित गर्दै आफ्ना वरिपरि अभेद्य किल्ला खडा गरिरहेका छन् । लोकतन्त्रको आत्मा हो, वाणी स्वतन्त्रता, यही स्वतन्त्रता अहिले अर्घेलो भइरहेको छ । आज संयुक्त राज्य अमेरिकादेखि नेपालसम्म यसै प्रवृत्तिको बोलबाला कायम भइरहेको छ । सरकारले स्वेच्छाचार गर्न पाओस् भनेर नागरिक स्वतन्त्रतालाई संकुचित पार्नेगरी कानुन ल्याइँदै, कतै प्रतिबन्धात्मक नियम बनाइँदैछन् त कतै भने विद्यमान कानुनकै अपव्याख्या गरिँदै नागरिक स्वतन्त्रतामाथि प्रहार भइरहेको छ । यसै मेसोमा 'रुल अफ ल' अर्थात् कानुनी राजको हवाला दिँदै त्यसलाई मान्नैपर्ने भन्ने खालका लठेप्रा तर्क गरिँदैछन् । तर लोकतन्त्रमा 'रुल अफ ल' भनेको के हो, यो प्रश्न गर्‍यो भने तर्कसंगत उत्तर पाउनु त परै उनीहरू गालीगलौजमा ओर्लिन्छन् । तानाशाही, एकतन्त्री शासनमा 'रुल अफ ल' भनेर जेलाई बुझिन्छ, लोकतन्त्रमा त्यसरी बुझिँदैन ।

तानाशाही, एकतन्त्री शासनमा सरकार छाडा हुन्छ, फुक्का हुन्छ । लोकतन्त्रमा बाँधिएको हुन्छ । यसमा सरकार कडा नियन्त्रण र अनुशासनमा रहनुपर्छ, ऊ आलोचना सहन र जवाफ दिन बाध्य हुन्छ । उत्तरदायी हुनुपर्छ, जनतालाई पाइपाइको हिसाब बुझाउनुपर्छ । किनभने सरकारले आफ्नो होइन, जनताको धनको प्रयोग गरिरहेको हुन्छ । राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, मन्त्रीहरू, सांसद्, प्रदेशसभा सदस्य, स्थानीयका पदाधिकारी अथवा सार्वजनिक पदधारण गर्ने जोकोही किन नहुन्, राष्ट्रपतिदेखि वडाधिकारीसम्मले साँझ-बिहान जानताकै पसिनाको कमाइ खाइरहेका हुन्छन् । उनीहरूको सुत्ने ओछ्यान, खाद्यान्न र पकाउने भाँडाकुँडा अर्थात् उनीहरूले प्रयोग गर्ने यावत सामग्री जनताकै पसिनाबाट आर्जित हुन्छ । त्यसैले सार्वजनिक पदधारण गर्नेको स्वतन्त्रता नागरिकका हातमा बन्धक हुन्छ । लोकतन्त्रमा सरकार नोकर हो, तलब खाने नोकर । नागरिक राज्यको मालिक हो, त्यसैले उसको वाणी स्वतन्त्रता निर्बाध हुन्छ ।



लोकतन्त्रमा कुनै खास राजनीतिक वर्ग हुनुहुँदैन । एकथरीले शासन गरिरहने शेष अरूचाहिँ शासित भइरहने प्रथालाई लोकतन्त्र भनिँदैन । वास्तवमा अरूले पालै नपाउने प्रथालाई रुढ, कर्मकाण्डी जडता भन्नुपर्नेमा लोकतन्त्र भनेर बदनाम गरिँदैछ । अनि एउटा वर्ग बन्न पुगेको छ, राजनीति गर्नेको र त्यही वर्ग पार्टीको बोर्ड टाँग्दै गजधम्म उपरखुट्टी लगाएर बसेको छ, पहिला-पहिलाको जमिनदारी प्रथामा जस्तै । बाबु कि आमा, कोही भने आमाबाबु दुबै राजनीतिज्ञ, तिनका छोराछोरीले राजनीति नै गर्नुपर्ने (गर्नै हुँदैन भनेको होइन, दौराको फेर समातेर गर्नेलाई भनेको), राजनीति नगरे, राजनीतिज्ञ बाबुआमाको पदको प्रभावमा राज्यबाट लाभ लिने कि धन कुम्ल्याएर विदेश गएर बस्ने र विस्तारै बाबुआमा पनि उतै । धन चोरेर भेला गर्ने (अन्यायपूर्वक धन सञ्चयलाई शास्त्रले चोरी भनेको छ) आचार-विचार सबै त्यागेर भ्रष्टाचार गर्ने अनि मर्ने बेलामा देशै त्यागेर अन्तै बस्ने, यो प्रचलनजस्तै बन्न गएको छ । झन्डै-झन्डै राजनीतिक, सामाजिक मान्यताकै रूपमा स्थापित भएको छ । त्यसैले प्रश्न गर्‍यो कि अर्घेलो हुन जान्छ । उत्तर पाइँदैन । उल्टै गाली खाइन्छ ।

निर्वाचनपूर्व हात जोड्दै भोट माग्न आएको त्यही मान्छे सत्तामा पुगेपछि अर्कै बन्छ, मतदातालाई सके त भेटै दिँदैन, दिइहाले उपदेश दिन थाल्छ । काम गर्न पो पठाएको उपदेश सुन्न त होइन । तर बाटो ओगटेर लावालस्कर लिएर हिँड्छ, राज्यको धन खर्च गरेर मञ्च खडा गर्छ र उल्टै मतदातालाई नै हप्काउँछ । खिसिट्युरी र गिल्ला गर्छ । अरू कोही होइनन्, आफैं सर्वज्ञाता हुँ भन्ने ठान्छ । यही दुश्चक्र दोहोरिएको दोहोरियै छ । हिजो प्रतिपक्षमा आज सत्तामा, हिजो सत्तामा हुने आज प्रतिपक्षमा छ । जो जता बसे पनि एउटै जनता हेपाहा बेहोरा-बानी एउटै छ । देखिरहेका छन्, धेरैले उसले सुनौलो रंगको राजसी कुर्सी बनाएको छ, त्यहाँ उहिल्यै विदा भएका महाराजा भावमा बस्छ र प्रश्नोत्तर कहाँ-कहाँ... प्रवचन दिन थाल्छ । जबकि चाहिएको त प्रवचन होइन, भिजन हो, राजसी प्रस्तुति होइन, कार्यसूची हो, आसपास लस्कर होइन, कार्यक्रमको कार्यान्वयन हो । ऊ बिर्सिन्छ, यी निर्बलजस्ता देखिने यी मान्छे एक्ला छैनन्, हजारौं-लाखौं-करोडौं छन् । यिनै जस्ता मान्छेले फ्रान्समा राज्यक्रान्ति गरेका हुन्, भारतलाई स्वतन्त्र बनाएका र नेपालको राजसंस्थालाई धुलोमा मिलाइदिएका हुन् । राजासंस्था फालेको अर्थ अर्को राजा ल्याउन होइन, आफूजस्तै मान्छेलाई सत्ता दिएपछि आफ्नो पीरमर्का बुझ्छ भनेर हो । राजाहरू फुक्का छाडा थिए र जनता बाँधिएका थिए । लोकतन्त्र ल्याउनुको तात्पर्य जनतालाई बन्धनमुक्त बनाउनु र शासकलाई नियमबद्ध अनुशासनमा बाँध्नु थियो । तर जो शासनमा पुग्छ, उही राजा बन्ने भए, ऊ फुक्का तर जनता बाँधिनुपर्ने भए त्यस्तो पद्धतिलाई लोकतन्त्र शब्दले अलंकृत गर्दैमा त्यो लोकतन्त्र भइहाल्दैन । शासक र शासित एकैखाले मानिस नहुने प्रथा धेरै समय टिक्दैन । लोकतन्त्रमा शासितले शासकमा आफ्नो प्रतिविम्ब देख्नुपर्छ । देखिएन भने त्यस्तो प्रथाविरुद्ध फेरि विद्रोह हुन्छ ।

लोकतन्त्रमा शासित, शासितै रहिरहने हुँदैन । शासक शासितका स्थानमा तथा शासित शासक बन्ने मार्ग खुला हुनुपर्छ । एउटैले सधैं गजधम्म ओगटेर बस्न पाइँदैन र त्यसरी बस्न दिनु पनि हुँदैन । यतिन्जेल हामी जे देखी, भोगिआएका छौं, यसलाई नै लोकतन्त्र हो भनेर नझुक्किऊँ । यो त वास्तवमा लोकतन्त्र नभएर चुनावी दंगल अर्थात् कुस्तीजस्तो मात्र भएर रहेको छ । यस्तो हुँदैन लोकतन्त्र, किनभने शासनमा शासितको पालो आउनुपर्छ, नित्य नवीन कल्पनाशील पुस्ताका लागि बाटो खुला हुनुपर्छ । एकै पुस्ताका मान्छे पुस्ताभर शासनमा बस्ने प्रथा लोकतन्त्रको परिकल्पना अन्तर्गत पर्दैन । साथै जनता बाँधिने तर सत्ताधारी फुक्का हुने नियम कानुनलाई तानाशाही चालचलनको अंग भन्नुपर्छ, बिर्सेर पनि लोकतन्त्रसम्मत भन्न मिल्दैन, भन्नै हुँदैन ।

# स्वास्थ्यका लागि सुमधुर संगीत



डा. धनरत्न शाक्य

बिहानै कुनै गीत वा धुन सुने लामो समय त्यही मनमा आइरहन्छ । थाहै नपाइकन गुनगुनाइन्छ । पार्टी वा समारोहमा ठूलो आवाजमा गीत घन्किरहेको हुन्छ । सवारी साधनमा शृंखलाबद्ध बजिरहेका हुन्छन् । तपाईंले सुनिरहने, गुनगुनाइरहने गीतले पार्ने मनोसामाजिक प्रभावलाई कहिल्यै केलाउनुभएको छ ? गीत-संगीत जनजीवनको अभिन्न अंश भएको छ । चाहे पनि नचाहे पनि हरेक घरमा श्रव्य र दृश्य रूपमा गीत भित्रिन्छन् । लोक, आधुनिक, पप, हेभिमेटल, र्‍यापजस्ता रूपमा मानव मनका भाव बोकेर गीत-संगीत रेडियो, टेलिभिजन, इन्टरनेट लगायतका माध्यमबाट घन्किन्छन् । बाल, किशोर, युवा, वयस्क वा वृद्ध सबै आआफ्नै जानी-नजानी गीत-संगीतमा डुबेकै छन् ।

गीत-संगीतले सर्जकलाई मानसिक तुष्टि, वृत्ति विकास, पहिचान दिन्छ । श्रोतालाई मनोरञ्जन, शान्ति, चेतना, मानसिक आहत प्रदान गर्छ । गीतमै समाज, संस्कृति र युगको चित्रण हुन्छ । सर्जकको समग्र मनस्थिति, स्वास्थ्य, चेत, विवेक स्तर, श्रोताको रुचि, मनोसामाजिक स्थिति, विश्व संगीत, समय र समाजको दिशा, रीति, प्रवृत्ति आदिबाट गीत-संगीत प्रभावित रहन्छ । गाउँ, सहर, सबैतिर सबै परिस्थितिमा बजाइने गरिन्छ, गीत-संगीत । यसको मानव मन, व्यवहार, प्रवृत्ति, स्वास्थ्य र समग्र समाजको दिशानिर्देशसम्ममा चेत अचेत रूपमा असर हुन्छ ।

गीत सुन्दै गाडी चलाउने, कारखानामा काम गर्ने, भान्छा वा घरगृहस्थ गर्ने गरिन्छ । आजभोलि बहुसंख्यक मोबाइल फोनमा इयरफोन जोडेर गीत सुन्दै हिँड्छन् । मानिसको नसा-नसामा गीत-संगीतको असर र प्रवृत्ति सल्बलाउने निश्चित छ । गीत-संगीत संवेदनशील विषय हो । विशाक्त, विकृत र नकारात्मक सन्देश दिने गीत-संगीतबाट भने कालान्तरमा नकारात्मक प्रवृत्ति विकास हुन्छ । विकृति फिँजाउनेहरू सर्जकका नाममा कलंक हुन् । खुसी, उत्साह, उपलब्धि, सफलता वा अवसरजस्ता सकारात्मक अनि दुःख, निराशा, घृणा, धोका, अधोगति, विरह, विकृतिजस्ता नकारात्मक मानव मनस्थिति गीत-संगीतले समेटेका हुन्छन् । गीतमै आह्वान, समाज सुधार, राष्ट्रप्रेमको भावना लगायतका सन्देश हुन्छन् । चाडपर्व, चालचलन, संस्कृतिको चिनारी गीतमा हुन्छ । गीतमा समाजको चित्र र प्रवृत्ति उद्धृत हुन्छ ।

नेपाली समाज संस्कार, घरपरिवार, नातागोता र मानवीय सम्बन्धलाई महत्त्व दिन्छ । नेपाली गीतमा केटाकेटी, महिला-पुरुषको सम्बन्धले प्राथमिकता पाएको देखिन्छ । यसले अभिभावक, भ्रातृत्व र अरू सबैजसो सम्बन्धलाई ओझेलमा पारेको छ । पुस्तौं-पुस्ता र निरन्तरको अवलोकनबाट बालसुलभ मनमस्तिष्कमा यो प्रवृत्तिकै रूपमा स्थापित हुने जोखिम छ । एकलकाँटे, मतलबी र एकल परिवारको समाजमा यो प्रवृत्ति अझ शक्तिशाली रूपमा देखिँदैछ । अरू खालका मानवीय सम्बन्ध अपहेलित हुने प्रवृत्तिलाई नेपाली गीतले मलजल नगरुन् ।

**विषाक्त, विकृत र नकारात्मक सन्देश दिने गीत-संगीतबाट कालान्तरमा नकारात्मक प्रवृत्ति विकास हुन्छ ।**

नेपाली गीतमा नारी सौन्दर्य अत्यधिक र पुरुषार्थ कम चित्रित छ । नारीको सुन्दरता वर्णन, फेसन, मादकता र अश्लीलताको वकालतमा नेपाली गीतमा कुनै नियम, सीमा देखिँदैन । मानौं, लेख्न, प्रशंसा र बखान गर्नका लागि अरू सुन्दर र उल्लेखनीय गुण, चरित्र वा कुरा छैनन् । नारी सौन्दर्यजस्तै सत्य, सुन्दर र शाश्वत कुरा, गुण र प्रसंगले यथोचित स्थान पाए भोलिको पिढीमा सन्तुलित दृष्टिकोण विकास हुन्छ । मानव जीवन र समाजका लागि चर्चा हुनुपर्ने बैंस र शारीरिक सौन्दर्यमात्रै त पक्कै होइन होला ।

पिरतीको प्रसंगमा सभ्य-असभ्य, स्वस्थ-अस्वस्थ, उचित-अनुचित, सामान्य-असामान्य, साधारण-असाधारण, लौकिक-अलौकिक अनुरोध, प्रस्ताव, आह्वान धेरै गीतका मर्म हुने गर्छन् । अनुनय, धम्की वा तटस्थ रूपमा राखिने प्रस्तावका कुरा गीतमा अभिव्यक्त हुन्छन् । भौतिक सुखभोगदेखि भट्केको मानिस र आत्मालाई जीवन मार्गमा डोर्‍याउने दिव्य सल्लाह र अनुरोधसम्म अटेको हुन्छ, गीतमा । समाजमा हरेक खालका, क्षमता र प्रकृतिका मानिस हुन्छन् । बच्चा, किशोर लगायत मानसिक रूपले अपरिपक्व मानिसलाई यस्तो मर्मले वशिभूत तुल्याउन सक्छ । मायामा मान्छे अन्धो हुने भनिए पनि वास्तवमा हरपल कुनै कुरा अवलम्बन गर्नुअघि सोचविचार पुर्‍याउनुपर्छ । गर्नलाई केटाकेटी बीचमा प्रेममात्रै हो कि जीवन र समाजलाई सही मार्गमा डोर्‍याउन अरू पनि कुरा छन् ? संवेदनशील भएर गीत सिर्जना हुनुपर्छ ।

प्रेममा फस्दा, फसाउँदाका अनुभव, अतिशयोक्तिपूर्ण बेलिविस्तार र चित्रण भएका गीत कम छैनन् । मायाका नाममा आफ्नो मनसँग लहसिएको, हारेको र लाचारी, तृष्णा, आशक्तिका भाव गीतमा हुन्छन् । यसले कामको सिलसिलामा टाढिएर बसेका श्रीमान-श्रीमतीलाई दिग्भ्रमित त पार्दैन ? विछोड, विरह, असफलता, धोका गीत-संगीतको लोकप्रिय र सर्वाधिक हावी भएको प्रसंग र प्रवृत्ति हो । प्रायः सदावहार र लोकप्रिय गीतमा प्रेमका पीडापूर्ण नियति समेटिएको पाइन्छ । मानौं, उदासी नेपाली मनको जीर्ण प्रवृत्ति हो । मानव मन सन्तुलन गर्ने गीतहरू चाहिँदैनन् ? ममा सधैं कौतुहल हुन्छ ।

गुनासो, बदला, असन्टुष्टि, आरोप-प्रत्यारोप अर्को नकारात्मक तर प्रवृत्तिगत मर्म देखिन्छ, नेपाली गीत-संगीतको । आवेश र आवेगमा होमिने अनि परिणाममा जलेपछि एकले अर्कोलाई दोष दिने, सराप्ने वा चुपचाप सहने वा आफैंलाई अस्वस्थ पीडामा डुबाउने आशय व्यापक रूपमा चित्रित गरिएको हुन्छ । सम्बन्धमा मर्यादा, विवेक, धैर्य र जटिलता रोकथामको सन्देशपूर्ण गीत-संगीत आवश्यक छ कि छैन ? असफलता, विछोडको परिस्थितिमा हतास, निराश, अन्धकार, सर्वनाश भएको अर्थमा आत्महत्या, मृत्युसम्म रोज्ने आशयका विशाक्त र नामर्दिपन ओकल्ने गीत कम छैनन् । महिला-पुरुषको माया मानवीय जीवन, समाज र संवेदनाका अरू धेरै अंशमध्ये एक हो । अतिशयोक्तिपूर्ण रूपमा किन महत्त्व दिने ? अरू अंशलाई बिर्सेर जीवन, भविष्य र आत्मविश्वासै डगमगिने सन्देश गीतमा नदिँदा के होला ? मिलन र रोमाञ्चकता आजभोलि लोकप्रिय प्रसंग बन्दैछ । यसले श्रोतामा ऊर्जा र कौतुहलता थप्छ ।

drdhanashakya@yahoo.com

*डा. शाक्य स्नायु, दुर्व्यसन तथा मनोरोग विशेषज्ञ हुन् ।*



काठमाडौंको वसन्तपुरमा पुनर्निर्माण भइरहेको कृष्ण मन्दिरलाई क्यानभासमा उतार्दै एक कलाकार । विनाशकारी भूकम्पको तीन वर्ष बितिसक्दा पनि त्यस बेला क्षतिग्रस्त धार्मिक-सांस्कृतिक सम्पदाहरूको जीर्णोद्धार अपेक्षित गतिमा हुन सकेको छैन । तस्बिर : कविन अधिकारी

# जस्तो क्षण उस्तै नाचगान

काठमाडौं (कास)- मेलापात जाँदा होस् या कुनै पर्व मनाउँदा, जन्मँदा होस् या मृत्यु हुँदा, तामाङ समुदायमा समयअनुसारका गीत र नाच छन् । समयअनुसार गीत गाउँदै नाच्ने र गीतको बोलअनुसार अभिनय गर्ने परम्परा अझै पनि छ । तर बिस्तारै यो परम्परा लोप हुँदै गएको विज्ञहरू बताउँछन् । नेपाल पर्यटन बोर्डमा आयोजित तामाङ ज्ञान महोत्सवको अन्तिम दिन बिहीबार तामाङ समुदायमा प्रचलित र लोपोन्मुख गीत, नाच र नाटकबारे बहस चल्यो ।

'तामाङ लोक नाटक' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै प्रवीण पुमाले दोइला, घेवा, छेस्युग, दोरा, झ्युङा, छ्योत्पा, भाक्पा, स्याब्रु, डम्फु, छेची, म्हेन्दोमायालगायत तामाङ जीवनशैली, उत्पत्ति, संस्कृति, परम्परा झल्किने विभिन्न लोक नाटकको चर्चा गरे । त्यस्तै रमेशकुमार तामाङले 'तामाङ गीतसंगीत' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै ताम्बा गीत, शेरगमला व्हाई (प्रार्थना गीत), डम्फुसेङाला व्हाई (डम्फु उत्पत्तिको गीत), रुइला व्हाई



(थर उत्पत्तिको गीत), म्हेन्दोमाया लगायतका लोक गीतहरू चर्चा गरे । 'यी गीतहरूको अभिलेखीकरण र व्याख्या विश्लेषणमा काम हुन सकेको छैन,' उनले भने । प्रतिभा पुनले 'तामाङ लोक नाच' बारे कार्यपत्र प्रस्तुत गरिन् । उनले प्रदेश नम्बर ३ को तामाङ समुदायमा २० वटा लोक नाच रहेको बताइन् । 'तर तामाङ जाति भन्नेबित्तिकै मानिसलाई सेलो नाच नै याद आउँछ,' उनले भनिन्, 'अरू नाचबारे पनि अनुसन्धान गरी प्रकाशमा ल्याउनुपर्छ ।' यो

## तामाङ ज्ञान महोत्सव

सत्रको अध्यक्षता गर्दै प्राज्ञ पुष्कर गुरुङले 'अघिल्लो महिना मात्रै राजधानीमा सम्पन्न सेलो महोत्सवमा तामाङ लोक नाटक हेर्न पाएको' बताउँदै लोक नाटकलाई आधुनिक स्टेजमा ल्याउनुपर्ने औंल्याए ।

पहिलो सत्रमा भने आदिवासी साहित्यिक अभियानका अभियन्ता काजीमान थिङले तामाङ समुदायको संस्कृति र यसमा आएको विचलनबारे प्रकाश पार्दै आफ्नो मौलिकता र संस्कृतिबारे अनभिज्ञ रहेको दाबी गरे । उनले धार्मिक र सांस्कृतिक हिसाबले पवित्र बुद्धमन्त्र राखिएको खादाको महत्त्व बुझाउन नसक्दा अरू वस्तुले प्राथमिकता पाएको दाबी गरे । तामाङ बस्तीलाई तामाङ संस्कृति र खानाको पर्यटकीय गन्तव्य बनाउन सकिने सम्भावना उनले औंल्याए । महोत्सवमा 'नेपालको राजनीतिक आन्दोलनमा तामाङ जातिको योगदान' माथि रामबहादुर बुढाले कार्यपत्र पेस गरे ।

लेखक एवं राजनीतिकर्मी सीताराम तामाङले विस्तारै तामाङको भूमि, ताम्बा परम्परा, लामा परम्परा संकटमा पर्दै गएको बताए । अन्तिम दिन खोजराज गोले, सिङ्ग मोक्तान तामाङ, अनिसकुमार थोकर, आरके तामाङ, सामसूर्य तामाङ, बालकृष्ण बल र मवि दोङ तामाङले कार्यपत्र प्रस्तुत गरे ।

पुस्तक, पुरानो सांस्कृतिक सामग्री, भेषभूषा प्रदर्शनीसहितको महोत्सव यसपटक लोभलाग्दो सहभागिता रहेको महोत्सव संयोजक गणेश योञ्जनले बताए । अन्तिम दिन फूलमान वल निर्देशित छोटो फिल्म 'सेलफोन' समेत देखाइयो ।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

घरजग्गा एकदम लीनेले मात्र ९८६० ९३४८६४

सुकेधारा, कपनआकाशेधारा, कपनचुनिखेल घरजग्गा, खरिदबिक्री ९८४१३४५००५

चन्द्रज्योती बांसबारी ०-९-०-० सस्तो ९८२३४००८००, ९८६१५४७०५८

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

लोलाङ्गहाईटमा अतिसस्तो सांढेतिनतल्ले नयांघर 9861552438

सिभिलहोम्स् धापाखेलको सातौतल्लामा रहेको २ बेडरुम भएको अपाटमेन्ट बिक्रीमा सम्पर्क 9801813132

सांगामा ३१-रोपनी जग्गा विक्रीमा सट्टापट्टाको व्यवस्था ९८४०७०४५१०

बुढानिलकण्ठको पञ्चकन्यामार्गमा २६ फुटेबाटोमा १ रोपनी विक्रीमा, ९८४१२६४६०४

सानेपाहाईट स्टारहस्पिटल अगाडी रिङरोडबाट १कित्ताभित्र १-३-०-० माबनेको आधुनिक कम्प्लेक्सबिक्रीमा तुरुन्तैलिनेलाई विशेषछुट 9849897245

धापासी राममन्दिरमा नयांघरहरू १,९९,००,०००- १,३५,००,०००। ९८५१०१७६२०

भैंसेपाटी सांगामा ५० आना 9851102115

गोठाटार, काडाघारी, मुलपानीमा आकर्षक टुक्रा विक्रीमा, 9851078707

नयांबानेश्वरमा ०-३-०-०, वालाजु माछापोखरीचोकमा ०-७-०-० 9851027364

काठमाण्डौं उपत्यकामा investment को लागि नाफामुलक ३/४ देखि ८ आनाका टुक्रा जग्गाहरू विक्री गर्न चाहने विक्रेताले सम्पर्क 9813747504

घरजग्गा खरिदविक्रीलाई कुमारलामा रियलस्टेट ९८५१०४५८२४, ०१४७२०५२९

इमाडोलको एकतल्ले घर बिक्रीमा 9851016450

धुम्बराही मण्डीखटार रामदेव आश्रम नजिक पाँचआनामा बनेको एकतल्लेघर विक्रीमा 1,55,00000/- 9851156566

मालीगाउंमा ०-८-०-० जग्गा बिक्रीमा ९८१०२१००५७

चक्रपथ नारायणगोपाल चोकनजिकै ०-५-०-०, ०-६-०-०, 9851210655

सुकेधारा न्युकोलोनी दक्षिणमोहडा ०-५-३-०, ०-५-०-०, 9855068777

आकाशेधारा चोक नजिकै ०-५-२-१-०, 9851265324

मण्डिखाटार हात्तिगौंडा ०-४-२-०, ०-५-३-०, ०-४-०-०, 9851249307

बुढानिलकण्ठ कृष्ण मन्दिरपछाडी १४लाख देखी १९लाख सम्मको घडेरी बिक्रीमा 9823233702 9840135160

घरजग्गा, Banglows, Apartments खरिदविक्री www.gurungproperties.com, 9813339738

धुम्बाराही 0-11-0-0 flatsystem VIP घर ६ करोड, भैसेपाटी आवास 0-8-0-0 Banglow ५ करोड, बुढानिलकण्ठ 0-8-0-0 Banglow ४ करोड 9813339738

पेप्सीपूर्वमा पिचसडकमा १५,००,०००। सुडालमा ४,००,०००। ९८०८८१५६२८, ९८४०२०८४३४

लुभु हाइवे नजिकै घडेरी 9849688214

**हेटौंडा उपमहानगपालीका- ११मा आर्कषक घडेरी मात्र ७,००,०००/- देखी ९८०८८६९८३७**

काडाँघारी गोठाटार ०-३-०-० बनेको नयाँघर १,२५,००,०००/- 9843933695

विर्तामोड चारपानेमा चारबिघा डाइरेक्ट ९८५१०१४५४९

लाजिम्पाटको Hotel Gangiong MBL Towerको पछाडि ६आना घर-जग्गा बिक्रीमा 9813013400

**भक्तपुर बागेश्वरी १५मिटर बाटोमा १-रोपनी १-करोड १०-लाख ९८४९०८५८९५**

नयांबानेश्वर मिनभवन नजिक जग्गा विक्रीमा, ९८६०१०३१३४

कावासोतीमा घडेरीहरू विक्रीमा सिधासम्पर्क 9841162309

दरवारमार्गमा २-८-०-० जग्गा विक्रीमा, ९८५१०५०३०५

हेटौंडा सुनाचुरी हाईवेसंगैको सुविधासंपन्न घडेरीहरू धुरको ८०,०००। घरहरू १८,००ं००। ९८५१००९३३२

सर्लाही लालबन्दीमा ०-०-१५ तु.बिक्रीमा ६,३५,०००। सट्टापट्टा 9841226704

ईमाडोल प्रेट्रोलपम्प नजिक साडेदुइतला घर बिक्रीमा, ९८५१०७८६५३

हात्तीवन सागै घर १,३५,००,०००।–, ९८४९७१५०८४

प्लट जग्गा चाहियो ०१–४७८४३२९, ९८५११५६५७५

लाजिम्पाट नेपालबैंकबाट ३०० मिटरभित्र ०-६-०-० माबनेको साढेदुई तल्लेघर तुरुन्तैबिक्रीमा 9860193128

लुम्बीनीको पर्साचोक बुद्धगार्डेननजिकै १ विघाजग्गा दोहोरोबाटोभएको ९८४१५६६९७९, ९८०२०३९२२७

भोटेबहालको घर बिक्रीमा ९८४१९१८५५३, ९८०८९०३१९९

बुढानिलकण्ठ हाइवे रुद्रेश्वरचोकैनिर ३०मि. पश्चिमपट्टी प्राईमलोकेशन १६ फिटे चालु पिचबाटोमा ४,५,६, ९ आनाको टुक्रा बिक्रीमा प्रतिआना रु. ३५,५०,०००। साथै एकमुष्ट २६आना दिनसकिने डाईरेक्टसम्पर्क 9841890261, 9841129372

**लुभु-चांगाथली बसपार्कसंगै घरहरू विक्रिमा ९८५१११५६३३/ ९८५१०२०५६२**

मैतिदेवी चोकनजिकै करिब २० आना जग्गा प्रतिआना ४०लाख एकमुष्ट लिनेले मात्र सम्पर्क गर्नुहोला ९८१८७९०७८५

गौशालाबाट रातोपुल आउंदा भित्री पिचबाटोमा चारतले घरसहित २४आना जग्गा बिक्रीमा प्रतिआना ४०लाख ९८२३६११९२१

फास्टट्र्याकनजिकै १रोपनी जग्गा बिक्रीमा ९८१८९८४१८०, ९८५१०३७९४७

जडीबूटी चोकनजिक आकर्षकघडेरी तुबिक्रीमा ०-५-०-०, 9851092676

बुढानिलकण्ठ हाईटमा ०-९-२-० जग्गा 9851039813

म्हेपी मन्दिरमुनी मेनबाटोमा ४.३ आनामा बनेको चाइनिज ईटाको तिनतल्ले घर तु.विक्रीमा ४००२२८१, ९८४०४२८७००

तिनकुने कान्तिपुर हस्पिटलको पछाडि चौकुना मिलेको पिचबाटोमा ०-२-२-० जग्गाबिक्रीमा 9841130716

ग्राण्डी हस्पिटलनजीक २०मिटर बाटोमा ०–१८–०–० जग्गा विक्रिमा ९८५१०७९३४८

कपन बालुवाखानीमा ४आनाजग्गा बिक्रीमा ९८४१०७३०२८

भक्तपुर ददिकोट चारमा मेनबाटोबाट दुइकित्ताभित्र ०-४-२-० जग्गाविक्रिमा 9810158802

ठिमी कमेरोटार आयोजनामा अरनिकोहाइवे नजिक ०-३-२, ०-४-० 9851093511

दहचोकमा प्रतिआना ८.५ लाखमा घडेरीहरू 9851157633, 9851037413

मिनभवन हाइवेमा जोडिएको ०-२-३, तिनकुने हाइवेमा जोडिएको ०-७-३-०, गट्ठाघरमा ०-३-०-०, ०-३-२-०, बनेपा भैंसीपाटी हाइवेमा जोडिएको १७आना जग्गा 9851029955

सितापाईला, नागार्जन न.पा-६, रिङरोडबाट २.५ कि.मि.को दुरीमा आधुनिक घरहरू बुकिङ्ग तथा बिक्रिमा, ९८५११८१७५७, ९८५११८००१६, ९८४१४७४६३७ मूल्य रु १करोड ६०लाख

सतुङ्गल गुर्जुधारा हाईवेनजिक नयांघर बिक्रिमा ९८४३६३५४९२

५०%जग्गा ५०% नगद काठमाण्डौं, चितवन र हेटौंडामा ६करोड सम्मको जग्गा चाहियो ९८६९६५०३५८, ९८६५५४७७७७

लोकन्थलीमा ०-६-०-० बिक्रीमा घर सित्तैमा ९८५१०५७४१९

नयाँबजारमा ०-१२-२-० घरसहित बिक्रीमा 9813965984

भक्तपुर च्यामासिङ्ग बसपार्कनजिकै ०-५-०-० बिक्रिमा ९८६१५०४२५९, ९८४१४२९५१७

काभ्रेस्थली पदमतालको घर विक्रिमा 9813357351

नारायणथानमा ०-२०-०-०, धुम्बाराहीमा ०-१२-०-० जग्गाहरू, भाटभटेनीमा १-०-०-२ जग्गामा बनेको वंगला विक्रिमा, ९८५१०६१७४४

टोखाबजारनजिकै जग्गाबिक्रीमा आनाको तेह्रपचास चारआनाएकपैसा ९८२३८५६०३१

नयांनैकापमा ०–४–०–० मा बनेको आधुनिक घर विक्रिमा ९८६० ९७५१५०

कन्ट्रक्सनलाई कामदार ठेकेदार चाहियमा ९८४०१६९२१६

कन्ट्रक्सन प्रोजेक्टलाई डन्डी, सिमेन्ट, ईट्टा, काठ चाहियो ९८५१०६९५२४

रानीबारी मेनरोडमा आकर्षक घरजग्गा, ९८५१११५६०६

बालकोट वृहस्पति चोकबाट १०० मिटरभित्र १४आना, गाईघाट बजारमा ११ धुरमा बनेको तिनतलेघर, ३.५ आनामा बनेको २.५ तले नयाँघर ग्रिनहिलसिटी भित्र 9851093308, 9849364488

## सवारी साधन

Scorpio Xuv गाडीहरू भाडामा, 9808872109, 9842262730

२०१०-११ i10 गाडीहरू चाहियो 9840257874

मारुतीभेन 2012 आठसिट तु.बिक्रीमा 9849271898

२०१२ **मोडलको Winger गाडी रुटपरमिट सहित बिक्रीमा** ९८५१००८७३५, ९८५१०४५२०९

अल्टो २०१२ सिल्भरकलर सस्तोमा ९८४१०७३०२८

2010 Chevrolet, Spark LT 9,25,000 9841278571

2013 मोडलको सिल्भर कलरमा i10 Sportz गाडी चाहियो: 9860243790

## मेशिन औजार

सोलार फिल्टर बोरिंग प्लम्बिङ्ग 9841441798

ठूल्ठूला जेनरेटर खरिदविक्री वाटरपम्प होलसेलकोलागि 9849669465 www.kirloskarkathmandu machinery. com

Sale/Sale /Sale 125-KVA Diesel Generator (Made Kirlosker) 14-KVA Diesel Generator ( made Kuboto Japan) Plastic Grinding machine ( 5-hp) Contact 9851173904

## सम्पर्क

Study in Australia Education Loan Visa Documentation 9841173329

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851032044

धितोराखी लोन चाहिएमा ९८५११६२ ९३९, ९८८००८३९३०

जस्तोसुकै कामदार चाहिएमा 01-4260314, 9803451752

Cheap Reseller Hosting http://www.iwrahost.com.np 9841389251

Cash Deposit बिधार्थीका लागी 9815151535

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

Australia Visa documentation, bank loan, cash deposit 4421920, 9851057183

CASH DEPOSIT धितो/फुकुवा ९८४९९६३३९९, ९८४१९७९५०८

सेकेन्डहयाण्ड फर्निचर इलोक्ट्रोनिक्स खरिदबिक्री 9851234047

Cash Diposit घितोफुकुवा ऋणलगानी ९८१८७२२१५७

जग्गा धितोराखी कर्जा चाहिएमा 9869284713

Cash Deposit विदेशकोलागि सस्तोमा 9803453019

सस्तोमा Cash Deposit ९८६०६८९०४१, ९८४२६२२०८४

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

Seychelles आफ्नै होटलमा Cook, Barman, Guard 9861968870

धितोफुकुवा Cashdeposit धितोराखी ऋण 9851087256, 01-4414312

Visit, tourist, student visa 9851049517

Cash deposit विद्यार्थिको लागी 9863427257

सबैभन्दा सस्तोमा CASH DEPOSIT धितोफुकुवा DOCUMENTATION 9862582000

अति राम्रो चलिरहेको रेष्टुरेन्टको लागी सम्बन्धीत क्षेत्रमा ज्ञान भएको पार्टनर चाहियो ९८६८५३००७५

Tution Contact School Students Koteshwor, Narephat 9880431136

Black turmeric (काली हल्दी) youtubeमा हेर्नुहोस् तपाईको समस्याको समाधान गर्छ 9840915411

## विविध विक्रीमा

नयाँबानेश्वरमा चलिरहेको पसल बिक्रीमा 9841935770

क्षेत्रपाटी अस्पताल अगाडीको चस्मापसल बिक्रीमा 9841271995

बानेश्वरमा चलिरहेको खाद्यपसल बिक्रिमा ९८६६४०५०५४

नयांबानेश्वरको फेन्सी पसल बिक्रीमा ९८४३०४५३३६

इज्जतकासाथ रेष्टोरेन्टहरू, पसलहरू, गेष्टहाउसहरू काठमाडौंमा ९८६९४८७१६०

रेष्टुरेन्ट गेष्टहाउस संञ्चालन गर्न मिल्ने होटलबिक्रिमा ९८५११२८०४४

ब्युटीपार्लर विक्रिमा मध्यबानेश्वर २,५०,००० ९८४९६३०२५०

रेष्टुरेन्ट बौद्ध गेट नजिकै ९८४३५३३९९०

नयाँवानेश्वरको फेन्सीपसल तु:बिक्रीमा 9816023564, 3,50,000/-

चलिरहेको क्याफे बिक्रीमा बसुन्धारा ९८६१०९३९१६

कौशलटारको क्याफे तु.बिक्रीमा छ ९८६१९२३२९२

बसन्तपुर चोकको लेडिज जुत्ता चप्पल पसल बिक्रीमा ९८४१०५८३१७

बालाजु बाइपासमा फेन्सी पसल ९८४०५५९४०४

क्याफे विक्रिमा जमल चोक ९८०८५९४९६६

कोटेश्वरमा चलिरहेको डान्सबार विक्रीमा 9851070038, 9849146246

चलिरहेको क्याफे विक्रिमा पेप्सीकोला 9803827605

कुमारीपाटी, ललीतपुरमा चलिरहेको Cafeविक्रीमा 9841198598/ 9818897673

टोखा नगरपालीका तथा स्कुलनजिक चलिरहेको रेष्टुरेन्ट बिक्रीमा ग्रिनल्याण्डरोड बसुन्धारा 9848780505 9810628803

दैनिक ५०,०००। भन्दा बढीको ब्यापार भईरहेको खाद्य, ग्यास सहितको किराना पसल बिक्रीमा ९८२४५३७७३२

मिठाई तथा फलफुल पसल १५,००,०००।- ९८१७९७८५९७

स्पोर्टस पसल बिक्रीमा नंयाबानेश्वर ९८५५०६९२१५

फेन्सी पसल विक्रिमा सिनामगंल 9841191803

दरबारमार्गको रक्सी पसल बिक्रीमा ९८१८९८४१८०, ९८५१०३७९४७

व्यस्त ठाउको खाजाघर सस्तोमा ९८१३५२३२४०

मैतीदेवीमा चलिरहेको रेष्टुरेन्ट बिक्रीमा ९८०८६७२९७९

भिसा आइसकेकाले पचपन्नलाख लगानीको चकाचक चलिरहेको गेष्टहाउस/रेष्टुरेण्ट पैतालिसलाखमै बिक्रीमा(आधा क्यास, आधा किस्तामा) 9818417369

नयांबजारमा चलिरहेको तन्दुरी रेष्टुरेन्ट तु.बिक्रीमा ९८२३६८३४३४

जुत्ता पसल विक्रिमा सिनामंगल 9823603431

उत्कृष्ट गर्ल्स होस्टेल शंखमूल, 9808857001

कारणवशं न्युरोडको रेष्टुरेन्ट बिक्रिमा, 9805972575

होटलको सेकेन्डहेन्ड सामानहरू चाहियो 9813523240

मानभवन, ललितपुरको होटेल विक्रीमा, 9849874074, 9861848280

पुरानो भाटभटेनीस्थित लेडिज वेयर पसल बिक्रिमा ९८५११६८१३२

सस्तोमा चलिरहेको खाजाघर नयांबसपार्क ९८०३३७१३४८

नयाा बसपार्कमा चलिरहेको गेष्टहाउस ९८६१७५८५५५

इमाडोल गाविस चोकमा कस्मेटिक पसल ९८६५४५२९८५

अनामनगरको रेष्टुरेन्ट बिक्रिमा/ पार्टनरमा ९८४१२११४३३

हस्पिटलसंगैको होटेल बिक्रीमा महाराजगंज १६,००,०००/- ९८४१९५२१५३

फेन्सि पसल विक्रिमा बालकुमारीचोक 9844472094

सिनामंगलको फेन्सि पसल विक्रिमा 9808195737

रोपलताज होटल विक्रिमा तिलगंगा-९ एयरपोर्ट 9801133188

ब्वाइज होस्टल बिक्रीमा अनामनगर ९८२२८१२८५६

कालीमाटीको होटलविक्रिमा २८०००० 9814387474

१४ बर्षदेखि चलिरहेको(होटल) चियापसल घरायसीकारणले गाउफर्किनु पर्नेभएकोले इच्छुकले ०१४३८८२७१ भित्रिबाहीरी कोठाभाडा १७५०० लागत ७,५लाख

चौधबर्षदेखि चलिरहेको फलफुल, जुसपसल बिक्रीमा गोंगबु छलाखमात्र ९८०३५८४२५१

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

मेसिनबाट घरको पानीटैंकी सफाई ९८५११५२२९९

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

भ्याकुमबाट सेफ्टीटैंकी सफाई ४४८७६७७, ४४८५९९९, ९८५१०५२२९९

सेफ्टीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9860386626

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841663344

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल ट्वाईलेट जामखोल्ने ७७५। मर्मतगरिन्छ ९८५१०१९८८९

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीट्यांकी सफाई ठूलोगाडीमा मेसिनबाट 5251092, 9851024364

प्लम्बिङ इनारसफाई ढलजडान जामखोल्ने ९८५१११६०२२

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9823693670

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१६६३६६८

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टीटैंकी सफाई सस्तोमै १५००/ ९८५१०८८५९२

ढलमंगाल ट्वाईलेट जामखोल्ने १५०। ९८४१९५५२९१

ढलट्वाईलेट, मंगाल सस्तोमा जामखोल्ने 9813867373

## भाडामा

ललितपुरमा तुरुन्त घरफ्ल्याट भाडामा लिनदिन 9851245478

ललितपुरमा घर फ्ल्याट लिनदिन 9860407367

फ्ल्याट, बँगला, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homeKtm.com 9801117335

भाडामा, लिनदिन कुमारलामा रियलस्टेट ०१४७२०४६०, ९८४९४२७६२६

पेप्सीकोला सनसिटीमा ४ वेडरुमको सेमिफर्निस एपार्टमेन्ट 9840200004

थापागाउं, नयांबानेश्वरमा घर भाडामा, ९८०१०००३२६

सनराईज होम्सको घर भाडामा 9813174690

सितापाइलामा ६रोपनी जग्गा भाडामा ९८५११८४०३७

तुरुन्तातुरुन्तै घरफ्ल्याट भाडामालिन दिनपरेमा 9805125192

ललितपुर, कठमाडौमा घरफ्ल्याट लिनदिन ९८४१३५८६८४

**मध्येबानेश्वरमा कम्पाउण्ड भएको घर भाडामा चाहियो 9841215893**

सुन्धारामा अफिसकोलागि कोठा भाडामा ९८४९९८१७५५, ४२४९७०१

ललितपुरमा घरफ्ल्याट लिनदिन ९८४९२८५७१४, ९८५१०४३६५९

पुतलीसडकको क्याफे/सटर अफिसलाई Space ९८५१०२७९१३

सानोभऱ्याङमा गोदाम अफिसकोलागी उपयुक्त साढेतिनतल्ले भवनभाडामा ९८५१००१२६५

गौशालाबाट रातोपुल बिचमा २४आना जग्गामा बनेको चारतले भवन, होटल, अफिस, गोदाम, होस्टेलको लागि भाडामा मासिक २ लाख ९८२३६११९२१

घरसमेत जग्गा करिव २०,०००-वर्गफिट स्थान-लप्पु कुमारीपाटी मुलसडकबाट १००-मीभित्र २०-देखि २५-कारपार्कीङ्ग गर्नसकिने सम्पर्क- ९८५११७३९०४

डल्लु चागलमा बंगला भाडामा ९८४३१४१८०५

चोभार टौदहपोखरी नजिक फ्ल्याट भाडामा 9851057131

विभिन्न व्यापारीक प्रयोजनकोलागी स्टलबुकिङ्ग खुल्लाछ कौशलटार 9841205413

सीतापाईलामा ११कोठाको घरभाडामा ९८५११८४०३७, ९८१३४१४५७६

www.rentalnepal.com घरफ्ल्याट ,वंगला भाडामा लिनदिन/खरीदबिक्री ५५२२८९९, ९८५१०७५१८८

## चाहियो

Salesboys/ Salesgirls Urgent 9821964324, 9851038458

कलंकी अफिसलाई कर्मचारी 9823788909, 9851024779

सातदोबाटोको नयांअफिसलाई अफिस्टाफहरू अर्जेन्ट27,500/- 9818846992, 9861848292 सबैलेगनमिल्ने

खानबस्नसहित कलंकीमा कर्मचारी 9813374034, 9846819731

सेसा कम्पनीलाई कर्मचारी आवश्यकता कंलकीचोक 9818306803

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,000/- 9823280255

आकषर्क तलबसहित एकान्तकुनामा कर्मचारी आवश्यकता 9806525154, 9861766825

चावहिल KLtower सँगैको अफिसलाई स्टाफ 9861028530, 9800663675

कर्मचारी आवश्यकता सातदोबाटो 9803730449, 9860012372 तलब समझदारीमा

नयांअफिस बालाजुलाई थपकर्मचारी 9818349301, 9823565408

Unique संस्थालाई खानबस्नसहित कर्मचारी बल्खुचोक 9823091703, 9860909328

बेकरीकोलागि मिस्त्री,हेल्परहरू ६०००-२००००। ९८०८७३६२८०, ९८०३०२९६०७

तिनकुनेचोकैको SS-Nepalलाई अफिस्टाफहरू अर्जेन्ट 21,500/- खाजाभाडा बोनस, जोकोहिले गर्नसकिने 01-5199302, 9818282550

वेरोजगारहरूलाई रोजगारको सुर्वण अवसर 20,500/-(कामगरेजति) चावहिलगोपीकृष्ण 9823691949, 9861497188

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 15000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

गोंगबु अफिसलाई कर्मचारी 01-4020315, 9813261320, 9842942464

कोटेश्वर, कलंकी,चावहिल बानेश्वर अफिसलाई Receptionist, IT Sector अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू तु.चाहिया 18500 +गाडीभाडा, 9813345228, 016913221

भक्तपुरमा सामानहरू उत्पादन प्याकिंगगर्नेमा पढेनपढेका महिलापुरुषहरू 18,500/ +भाडाखाजा सबैलेगर्नमिल्ने 9813866659, 9741148053

सेक्यूरिटीगार्ड बस्नेब्यवस्था भएको १५,०००।- 9803687770

MST Compani मा कर्मचारीहरू १८५००, ९८१८७०२५६५

पेपरकटिङ्ग, अगरबत्ती, डल्समा रु.२६,०००।- कामघरैमा ०१-४३६३०५८, ९८०३४६११८०

टेकु भन्सारचोकमा पढेनपढेका महिला/पुरुष कामदार अर्जेन्ट २५,०००।- ९८१३५८६५२२

**अफिसलाई कर्मचारी अर्जेन्ट २५५००।- 9823009208**

धुपअगरवति डलकुसनमा धमाधम रोजगार २५५००।- 9860815876

सातदोबाटो ग्वार्कोअफिसलाई विभिन्नअन्तराष्ट्रिय कस्मेटिक, गिफ्टआइटमका सामानहरू उत्पादनर प्याकिडगर्नेमा पढेनपढेका महिलापुरुष 18,500/- गाडिभाडा 01-5540920, 9813830958

Unique अफिसलाई खानबस्नसहित कर्मचारी 9808179676 बल्खु

**अफिसलाई SLC/+2 कर्मचारी 9841574773,** 9823295113 **गट्ठाघरचोक**

मित्रपार्क अफिसमा बेरोजगारहरूलाई रोजगार Rs. 21,500 9860912207, 9810286955

चक्रपथको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 21,500/ 9813077113

कोटेश्वरको सेकुवाकर्नर एण्ड रेष्टुरेन्टलाई कुक-१, वेटर्स-२, मसाल्ची-१, ९८२३८४०४५७, ९८४०७७७९८४

१ हप्ताकोलागी गाउामा गएर टपरा र सिन्के चाउमिन बनाउन सिकाउने प्रशिक्षकहरू चाहियो, सम्पर्क: ९८४१४५७८७७, ०१४३७९७५४

NCDB अफिसलाई कर्मचारी बालाजुचोक 9813109357, 9869540591

कस्मेटिकभित्र इमान्दार कर्मचारी 15,500/- 9809403955, 9843197516

भारतको प्रतिष्ठित सहरहरूको सरकारी कम्पनिहरूमा ड्युटिगर्ने १५०भु.पु., सिभिल सुरक्षागार्ड अर्जेन्ट, संचयकोष, बोनस, खानबस्न, विमाकोसुविधा तलब: भु.पु-३२,०००।-, सिभिल-२२,४००। ०१४९१६६८९, ९८५११५०५२३, ९७४१४२७४००

कुक, वेटर चाहियो ९८५११७५७३९, ९८६११५८०६७

**अफिसलाई कर्मचारी 9808149316, 9851195509 सिनामंगलचोक**

लुम्बीनी तन्दुरीको लागि अनुभबी अलराउण्डर कुक ९८४३२०९२०५

Salesboys/ Salesgirls अर्जेन्ट आवश्यकता चावहिलचोक 9851043920, 9815855212

कम्प्युटर डिजाईनर, फलेक्स मेसिन अपरेटर तु.चाहियो ९८४११७५३१५

कपाल काट्ने मान्छे चाहियो 25000/- 9807184754

EXPERIENCED COOK WANTED (Chinese, Indian/ Nepali/ Continental) 9851223363, 9841293033, 9808276546 Kutisaugal, Lalitpur

विमाकम्पनीमा कर्मचारीहरूको आवश्यकता 18000/-, 9851003391

कलंकी, कालिमाटी, सामाखुशी,बल्खु अफिसलाई रिसेप्सन, आइटि सेक्टरमा अर्न्तराष्ट्रिय गिफ्टआइटम उत्पादन, प्याकिङ पढेनपढेकाले गर्नमिल्ने कामदार तुचाहियो Job100% 18,500+ गाडीभाडा 9813716301, 9840783401

कोटेश्वरमा वेटर, कुक, हेल्पर 9840103838

Communication Officer पदमा स्थायी पदपुर्तिकोलागि केहि+2 Pass गरेका महिलाहरू तुरुन्त आवश्यक, संपर्क ९८४१६३५९१७

Water Treatment Plant (WTP) Technician तुरुन्त आवश्यक, संपर्क ९८४१६३५९१७

दैनिक १००० कमाउने अवसर ९८६९०११६९४, ९८१८६९७४१८

Preprimary Montessori Trained Teachers 9841781941

Vacancy for Civil, Architecture Engineer 9851006541

कस्मेटिकभित्र कर्मचारी 13,500/- 9808078115, 9851193913

कस्मेटिक कम्पनीलाई कर्मचारी आवश्यकता 9818595468

**वेटर-बारिष्ता, मसाल्ची न्युरोड 9808807518, 9869134008**

अर्जेन्ट नवकलाकारको आवश्यकता विभिन्न विधाहरूमा 9808248639

तुरुन्त सेफ चाहियो ठमेल 01-4251720

ड्राईभर हेब्भी, लाईट, मिनि, रिसेप्सन ब्याचलर पास बाईक लाईसन भएको तलब २०-२१हजार मार्केटिङ्ग बाईक लाईसन भएको केटाहरू चाहियो 9803359221, 01-4355018, 9818324829

गार्मेन्टको लागि सिलाई जानेको २०-जना स्टाफहरूको आवश्यकता 9841717196, 9803409065

सेक्यूरिटीगार्ड खानेबस्ने ब्यवस्था १०,०००।- 9808323444

कोरियन, जापानिज टिचर ९८४१७९४५३४, ९८१८३०१९८०

ललितपुरमा फ्रेसहाउसलाइ कर्मचारी चाहियो 9841195429

फोटो स्टुडियोको लागि फोटोग्राफर तु.चाहियो ९८१०२७६५७१

अलराउण्डर कुक चाहियो भक्तपुर ९८१८२४११९८

क्यान्टीनकोलागी मसाल्चि १००००। खानबस्नसुबिधा ९८२३१५३१९९

मिनरलवाटर फ्याक्ट्रीको लागि ४ वर्ष अनुभवी मार्केटिंग चाहियो ९८५११२२२९९

भारतमा क्रुजलाईनमा सेक्युरिटिगार्ड किचेनस्टाफ चाहियो तलब पदानुसार 9869598450, 9808743378

पढेनपढेका महिलापुरुष कामदारहरू अर्जेन्ट १५,०००।- ०१-४४८७८७८, ९८०८३२२२३१

Salesboys, Salesgirls सुकेधारा 9818255860, 9851010159

लेडिज/ जेन्स डान्सर, वेर्टेस, ९८६१७३२०१६

लेडिज, जेन्स वेटर चाहियो इमाडोल ५२०४१९१

English Teacher wanted for Lower Secondary with perfect English Language Bhaktapur 9841970841

Computer Primary English Lower Secondary 4258718 Chhetrapati 9741092344

बाईकहोल्डर एकाउन्टेन कपडा पसलभित्र सेल्सगर्ल सेल्सब्वाई 9866254437

Receptionist, CMA, Cook, Harisiddhi, 5250665, 9849829513

म्युजिक भिडियोमा मोडलहरूको आवश्यकता ९८५१०२४६१२

दक्ष घरेलु महिला कामदार तलब १०,०००/- 9841939066

मोबाइल पसलकोलागी एककेटा,एककेटीचाहियो सामाखुसी ९८१६११९४९०

बाइक होल्डर -२ ९८६१०३१५५०, ४३६५२३४

Science, Math, Social, Science, Account, Grade Teachers, AllLevel, 01-4366202, 9851053997

कुक, हेल्पर, मसाल्ची चाहियो सरस्वतीनगर, कपन ९८४१०७४७८१

Secondary English Teacher 9851154859, 4472091 Mitrapark

गार्मेन्टको लागि मार्केटिङ्ग चाहियो ९८४१४६८६६९

फोटो स्टुडियोलाई कर्मचारी सेसमती ९८५१०८७०८२

नेपालगंज होटेललाई Allrounder, Chinese, Thakali कुक तुरुन्तै चाहियो, 9818710834

काठमाण्डौं बाहिरजाने महिला स्टाफ ९८१८३४८४५६

घरमा पार्टटाइम सफाई पुरुष ९८१०२८६३६८ कालिमाटी

आफ्नै Bike Scooter भएको Delivery Boy 4248680

केही अनुभवी सेक्यूरिटीगार्ड चाहियो, एरिया-पाटन, 9849885586, 9808732413

कुक २०,०००।- वेटर ८,०००।- डिस्वासर ८,०००।- 9823491593

पसलमा स्कुटीभएको लेडिज मार्केटिङ्ग बानेश्वर 9841609055

+2 कर्मचारी ग्वार्कोचोक 9841518958, 9823602975

Urgently Wanted IELTS Teacher 4421920, 9851057183

International प्रोजेक्टलाई कर्मचारी खानबस्न मित्रपार्क 9851087809

कस्मेटिक कम्पनीलाई स्टाफ अर्जेन्ट 9866876757

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 12,500/- 9813644084

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०६१३३१

ढलमंगाल, ट्वाइलेट जामखोल्ने १०० 9849998884

सेफ्टीट्याङ्की, ढलट्वाईलेट, मंगाल जामखोल्ने 9851024676

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल ट्वाईलेट जामखोल्ने १५०। 9841266950

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9851039094

जुनसुकै कम्पनीका LED ग्यारेन्टीकासाथ बनाइन्छ ९८५१००१५२८, ०१४३५७२६४

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9860053124

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9841921113

फ्रिज, वासिङ्गमेसिन, माइक्रोवेभ, LED घरैमामर्मत ९८५११५६१२३, ९८१३३९८५३९

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841072969

ढलट्वाईलेट जामखोल्ने ग्यारेण्टीमा निर्माणपनि 9843052042

TV, Computer ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

घरैमा T.V., फ्रिज 01-4464254, 9841296192

TV LED जुनसुकैकम्पनीको ग्यारेन्टिकासाथै मर्मत ९८४१७९३५८६, ९८१०३६४२११

## भर्ना

Free IELTS Japanese Korean 01-4422685

## तालिम

CTEVT मान्यताप्राप्त ल्यापटप, हाउसवाइरिङ्ग, मोबाईल, प्लम्बिङ्ग, मोटररिवायन्डिङ्ग, एसीफ्रीज, ०१४२७४२१७, ९८१८३९७५३४

प्लम्बिङ हाउसईलेक्ट्रिसीयन, इण्डस्ट्रियलईलेक्ट्रिसीयन कम्प्युटरफ्रि ९८५११७७३४१

CTEVT मान्यता मन्टेश्वरीतालिम 9851098136, 01-4475063

निशुल्कमा मोवाईल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

मोबाईल Laptop हार्डवेयर इलेक्ट्रोनिक्स इलेक्ट्रिकल एसीफ्रिज:-9860235388, 4495581

ड्राइभिङ्ग ग्यारेन्टीमा सिक्न बसुन्धरा 9851001856

## उपचार

**योनशक्ति बढाउने हर्बल सप्लिमेन्ट 9851030269**

घुंडादुखेको निकोपार्न, जांडरक्सी छुटाउन 9849051161

पायल्स फिस्टुलाफिसरको बिनाअप्रेशन उपचार 01-4381352

**योनपावर बढाउन कोरियन हर्बल सप्लिमेन्ट 9851014602**

Sextoys, Lubes, Condoms, Herbal suppliment 9810051707

मृगौला बिग्रेको नयांपुरानो 9841483186, 01-5552303

जडिबुटीबाट पिनासको उपचार ग्यारेन्टी निको पारिन्छ ९८१३१९६८७०

## पशुपंक्षी

मुना भेटेरिनरी हस्पीटल प्रा.लि. मुनाभेटफर्मा, मेजर/माइनर अप्रेशन, कुकुर/विरालो खरिदविक्रि, उपचार होमसर्भिस, तालिम, आवशिय सुविधा चौविसैघण्टा इमर्जेन्सी सेवा-उपलब्ध लगनखेल ०१५५२२ ९८६/५५२४९४२, ९८४१५४९६८८

## बिहावारी

अस्ट्रेलियाको पी.आर. र अमेरिकाको ग्रिनकार्ड होल्डर, डबल एमबिए तथा अस्ट्रेलियामा राम्रो नोकरी भएको कश्यप गोत्रकी ४० बर्षीय, क्षत्री कन्याको लागि योग्य क्षत्रि वा ब्राह्मण वर चाहियो, ९८६३२२५९४२, इमेल: kshatrib2018@gmail.com

नेवारहरूमा जर्मन, अष्ट्रेलिया, अमेरिका, लण्डनका डाक्टरहरूले बरबधुमा 9808475714

बैंक अफिसर छोरालाई क्षेत्रीबधु ९८६३३८३९९९

बिजनेसमा मास्टर्स केटालाई २५-२८ बर्षसम्मको महर्जन बधुले सिधासंपर्क ९८१३०७२५१८

४१ वर्षकोवरलाई आफैसँग राख्नेवधुले सम्पर्क 9818812825

# चित्रकारहरूले नै किन्छन् चित्र



**मधु शाही**, काठमाडौं

बिहान चियाको चुस्की लिँदै गर्दा होस् या दिनभरिको कामले गलेका बेला, कलाकार सौरगंगा दर्शनधारी जसै लिभिङ रुममा पुग्छिन्, उनको आधा थकान पर भाग्छ । भित्तामा राखिएका चित्रहरू भिन्नै आनन्द पाउँछिन् उनी । कालोपुल घर भएकी उनी थकान मेट्न लिभिङ रुममा घण्टौं बिताउने गर्छिन् ।

अझ लिभिङ रुममै राखिएको वरिष्ठ चित्रकार शशीविक्रम शाहको एउटा पुरानो चित्रले सौरगंगालाई धेरै पटक जिज्ञासु बनाइदिन्छन् । प्रिन्टमेकिङ मिडियम, त्यसमा पनि पोट्रेट आकृति । उनी त्यसमा युनिकनेस देख्छिन् । सौरगंगाका अनुसार, सन् १९७५ ताका शाहले आर्ट सिक्दै गर्दा बनाएको चित्र हो यो ।

'उहाँ सुरुमा प्रिन्टमेकिङ गर्नुहुँदो रहेछ,' उनले भनिन्, 'घोडा त पछि मात्रै बनाउन थाल्नुभाको रे !'

प्रिन्टमेकिङ चित्रकलाको एउटा विधा हो । सौरगंगा पनि प्रिन्टमेकर हुन् । दस वर्ष पहिले उनी शाहको कुपण्डोलस्थित घर पुगेकी थिइन् । चित्रकला नियाल्ने क्रममा उनले शशीको प्रिन्टमेकिङ त्यसमा पनि पोट्रेट भेट्टाइन् ।

'म यो किन्छु नि,' सौरगंगाले शाहलाई भनेको सम्झिन्छन् । उस बेला शाहले आफूले 'काम सिक्दा बनाएको चित्र भएकाले राम्रो छैन, नलैजाऊ' भनेका थिए । सौरगंगालाई भने त्यही काँचो चित्रमा परिपक्वता मात्रै हैन, ऐतिहासिकता पनि देखिन् र किनिन् ।

'अहिले शशी सरको यस्तो चित्र कहाँ पाउनु ?' उनले भनिन् ।

वरिष्ठदेखि युवा कलाकारसम्मका सिर्जना संकलन गरेर राख्नुको मज्जा भिन्नै रहेको सौरगंगाको अनुभव छ । एकातिर कलासँगै निश्चित कालखण्डको शैली र ज्ञानको संकलन हुन्छ भने अर्कातर्फ कलाकारको सम्मान पनि ।

'एकअर्काका चित्रकृति किन्नु भनेको बजारको निर्माण गर्नु पनि हो,' उनले भनिन्, 'त्यही भएर यो संस्कार आवश्यक छ ।' सौरगंगाले शाहसँगै शंकरराज सिंह सुवाल, एरिना ताम्राकार, आशा डंगोलजस्ता चित्रकार कलाकृतिहरू पनि संकलन गरेकी छन् ।

अर्का चित्रकार ज्योतिप्रकाश विके चित्र संकलन गर्नुमा दुई कारण देखाउँछन् । कलाकारको सम्मान गर्नु अनि आफ्नै सम्पत्ति थप्नु । 'कला संकलन गर्नु भनेको सम्पत्ति भण्डारण गर्नु पनि हो,' उनले भने ।

कुपण्डोल बस्ने ज्योतिले शशीविक्रम शाह, विजय थापा, किरण मानन्धर, पुरन खड्का, केके कर्माचार्य, डिराम पाल्पाली, रमेश खनाल, हिमेश शाहसहित केही बंगलादेशका कलाकारका समेत चित्र संकलन गरेका छन् । उनको बैठक कोठा चित्रैचित्रले भरिएको छ ।

'पाहुनाले चारैतिर चित्र हेरेर रमाइलो मान्नुहुन्छ,' उनले भने, 'कला बुझाउने यो पनि राम्रो तरिका हो । कलाकारको मर्म कलाकारले नै नबुझे कसले बुझ्छ ? मैले त किस्तामा पैसा तिरेर पनि किनेको छु ।'

चित्र किनेर संकलन गर्ने चित्रकारमध्ये राजन काफ्ले पनि एक हुन् । उनको चाबहिलस्थित घर पुग्ने जोकोहीले भित्तामा सजाइएका चित्र देखेर उनको सोख अनुमान लगाउन सक्छन् । राजनसँग अहिलेसम्म उत्तम नेपाली, शशीविक्रम शाह, दुर्गा बराल, सरोज रञ्जित, मोहन खडका, मनुजबाबु मिश्र, किरण मानन्धर, बुद्धि गुरुङ, सीमा शाह लगायतका चित्र छन् ।

> 'एकअर्काका चित्रकृति किन्नु भनेको बजारको निर्माण गर्नु पनि हो । अर्कातिर, चित्र जति पुरानो भयो उति अमूल्य हुदै जान्छ ।'

राजन चित्र संकलनको मामिलामा अनौठा पनि छन् । उनलाई आफूले बनाएका चित्र पटक्कै मन पर्दैनन् । र, उनी चित्र साइनो जोड्नकै लागि मात्रै पनि किन्दैनन् । 'हेर्दा जुन चित्रकारको चित्रले मन छुन्छ उसैको किन्छु,' उनले भने, 'कसैलाई खुसी बनाउन हैन, आफैं खुसी हुन किन्छु ।'

दस वर्षदेखि उनी निरन्तर आर्ट कलेक्सन गर्दै आएका छन् । किन्नुभन्दा पनि सम्हालेर राख्ने कसरी भन्ने चुनौती सबैभन्दा ठूलो छ । राजनले संकलन गरेका चित्रहरू आफू जीवित रहेसम्म नबेच्ने बताउँछन् । चित्र बेच्नुपर्ने स्थितिचाहिँ नआओस् भन्ने कामना गर्छन् उनी ।

चित्रकार मनीषलाल श्रेष्ठ, एरिना ताम्राकार, सुदर्शन राणा पनि चित्र किन्न मन पराउँछन् । सुदर्शनले चित्र संकलन गर्नुका पछाडि बेग्लै कथा छ । उनले बुबा (झसेन्द्रविक्रम राणा)बाट यस्तो पाठ सिकेका हुन् । चित्रकारसमेत रहेका झसेन्द्र पछि सेनामा सिभिल इन्जिनियरका रूपमा कार्यरत रहे । उनी केही समय चित्र कोर्थे । तर, त्यस बेला आफ्ना बुबाले आय आर्जन नहुँदा र चित्रकारले अरूका पनि चित्र किन्नुपर्छ भन्ने धारणा नहुँदा खासै कला संकलन नगरेको सुदर्शनले बताए । अहिले उनलाई लाग्छ, 'सायद उति बेला केही चित्र बुबाले संकलन गर्नुभएको भए ?'

चित्रमा इतिहास, पुर्ख्यौली सभ्यता र संस्कृतिसमेत झल्किने हुँदा सुदर्शनले आफ्नो राणाकालीन पुर्खाका चित्रकला त्यत्ति देख्न नपाएको बताउँछन् । राणाकालीन कलाकृति कस्तो हुन्थ्यो ? भने जति डकुमेन्टेसन हुन नपाएको सुदर्शन बताउँछन् । उनी निश्चित कालखण्ड जीवित राख्न पनि चित्र संकलन गर्न आवश्यवक रहेको औंल्याउँछन् । उनीसँग केही वरिष्ठ चित्रकारसँगै युवा पुस्ताका सिर्जनाहरू बढी छन् ।

मनीषलाललाई चित्रमा समेटिएको विचारले प्रभावित भएपछि मात्रै किनूँजस्तो लाग्छ । 'चित्र कस्तो बन्यो भन्दा पनि त्यसमा उठाउन खोजेको वैचारिक तर्क के हो भन्ने पक्षले मन छुन्छ,' उनले सुनाए, 'यस्ता चित्र सकेसम्म किन्छु ।' उनीकहाँ कृष्ण मानन्धर, चिराग वाङदेल, वत्सगोपाल वैद्य, शशीकला तिवारी, शशीविक्रम शाह, कपिलमणि दीक्षित, जुपिटर प्रधान, बिन्दु गुरुङ लगायतका सिर्जना छन् ।

एरिना ताम्राकारका चित्र देशविदेशमा प्रख्यात छन् । उनको कलाका फचान थुप्रै छन् । यद्यपि उनी आफैं पनि अन्य कला र कलाकारकी फचान हुन् । उत्तम नेपाली, किरण मानन्धर, शशीविक्रम शाह, मनुजबाबु मिश्र, एससी सुमन, रमेश बाराही, अनिल प्रजापतीलगायत कलाकारका चित्रहरूसमेत उनले संकलन गरेकी छन् । शयन कक्षदेखि बैठक कोठासम्मका भित्ताहरू चित्रैचित्रले भरिएका छन् ।

एरिनालाई चित्र जोड्नु भनेको समयलाई कैद गर्नु हो भन्ने लाग्छ । 'चित्र भनेको जति पुरानो उति अमूल्य हुँदै जान्छ,' उनले भनिन् ।

कला समीक्षक मुकेश मल्लका अनुसार चित्रकला संकलन गर्न जति सजिलो छ उति त्यसको व्यवस्थापन गर्न समस्या रहेको बताए । आफूले खासै चित्र नकिनेको बताउँदै उनले थपे, 'चित्र किन्नैपर्ने कलाकार औंलामा गन्ने भेटिन्छन् । किनेर मात्रै भएन, राख्ने कहाँ ?'

# समयलाई समात्दै यादव !

**कान्तिपुर संवाददाता**

काठमाडौं- समय समयको कुरा ! वरिष्ठ फिल्मकर्मी एवं गीतकार यादव खरेल समयको खेल बुझ्छन् । विसं २०२८ मा चलचित्र विकास बोर्डको अध्यक्ष छँदा उनले फिल्म अर्काइभिङका लागि जोजोसँग भिडियो छ, उपलब्ध गराउन आग्रह गर्दै विज्ञापन छपाएका थिए । त्यो बेला मदन पुरस्कार पुस्तकालय (मपुपु) का संस्थापक अध्यक्ष कमलमणि दीक्षितले राणा महाराजका दुइटा भिडियो उनलाई दिए । ती भिडियोका छुट्टै कहानी छन् । अहिले भने यादव आफैं मपुपुसमक्ष आफ्ना फिल्म र अन्य सिर्जना अर्काइभ गरिदिनुपर्‍यो भन्दै बिहीबार पाटनढोका पुगेका थिए ।

आफ्ना 'समग्र सिर्जना' कारमा हालेर पुस्तकालय पुगेका उनलाई छोरा सम्राट र अन्यले प्रेमपिण्ड, लोभीपापी, नासो लगायत फिल्मका पोस्टर बोकेर पुस्तकालयको बुइँगल उक्लिन सघाए । बाँसैबाँसले बनेको पुस्तकालय भवनमा उनले फिल्मका पोस्टर अड्याए । र, फिल्म अपलोड गरिएको हार्ड ड्राइभ, माउन्ट गरिएका पोस्टर र सिडीहरू पुस्तकालयका अध्यक्ष कनकमणि दीक्षितलाई थमाए ।

'समयलाई समात्ने प्रयत्न हो मेरो,' खरेलले मुस्कुराउँदै भने, 'वर्तमानलाई त समाउन सकिएला, तर विगत उम्किन्छ । त्यसलाई आंशिक रूपमा भए पनि समात्न खोज्दै छु ।'

अहिलेको जमानामा प्रविधिले आफूलाई आँखैअगाडि आउट डेटेड गरेको देख्न सकिने उनले बताए । यो बेला सिर्जनाको भरपुर शोषण भइरहेको भन्दै निराशा व्यक्त गरे । यीबाट बच्ने उपाय खोज्दा मपुपु नै सबैभन्दा उचित विकल्प लागेको उनको भनाइ थियो । खरेलले विसं २०२० देखिका आफ्ना गीत, किताब, फिल्म, एल्बमका कभर, सीडी एल्बम, किताबका कभर, फिल्मी पोस्टर, पम्पलेट, टेलिभिजन स्टिकर र भिडियोहरू मपुपुलाई हस्तान्तरण गरेका छन् ।

बजारमा आइसकेका सिर्जना आफ्नो मात्र नभएर समाजको हुने खरेलले बताए । समाजको नासो समाजलाई नै फर्काएको उनको भनाइ थियो । उनले सिर्जनाहरूको दुरुपयोग भइरहेकाले यसको रोकथामका लागि पुस्तकालयलाई दिनु ठीक लागेको अभिव्यक्ति दिए । 'यी सामग्री व्यापारिक प्रयोजनका लागि प्रयोग नगरिऊन्,' उनले सर्त सुनाए, 'अन्वेषण, अध्ययन र अनुसन्धानका लागि पुस्तकालय परिसरमा मात्र प्रयोग होऊन् । यी सामग्री सार्वजनिक प्रयोग हुँदा यादव खरेलको संग्राहलयबाट प्राप्त भएको कुरा उल्लेख गरियोस् ।'

पुस्तकालयका अध्यक्ष दीक्षितले व्यापारिक प्रयोजन कदापि नहुनेमा खरेललाई आश्वस्त पार्दै उनीमार्फत अन्य स्रष्टाका परिवारजनलाई पनि ऐतिहासिक दस्तावेज संग्रह गर्ने ऊर्जा मिलोस् भन्ने चाहेको बताए ।

'नेपालको आधुनिक युगको सांस्कृतिक प्रतिनिधित्व गर्ने यादव दाइका सिर्जना संग्रहित गर्न पाउँदा हामी खुसी छौं,' दीक्षितले भने, 'अन्य स्रष्टाका परिवारजनले पनि यसमा चासो दिनुपर्छ ।' आधुनिक युग (२००७ सालयता) को संरक्षण गर्ने बेला आइसकेको उनको भनाइ थियो ।

खरेलले 'आदिकवि भानुभक्त', 'चेलीबेटी', 'श्रीस्व स्थानी', 'वसन्ती हावा', 'गैरी खेतको' जस्ता फिल्म मपुपुलाई दिएका छन् । विसं २०२० र ३० को दशकमा एनलग प्रविधिमा बनेका यी फिल्म खरेल पुत्र सम्राटले डिजिटल भर्सनमा रूपान्तरण गरेका रहेछन् । 'फिल्म भनेको साहित्य हो,' सम्राटले भने, 'यसको संरक्षण आवश्यक छ । बुबाका फिल्म र पुराना गीतहरू सरकारी निकायमा धुलो लागेर थन्किएका थिए । मैले भेटेजति ल्याएर डिजिटलाइज र रेस्टोर गरेको छु ।' सम्राटकै पहलमा 'आदिकवि भानुभक्त' र 'प्रेमपिण्ड' अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्निया, लस एन्जलसमा डिजिटलाइज/रेस्टोरेसनपछि अर्काइभिङ गरिएको छ ।

सञ्चारकर्मी समेत रहेका खरेलले नेपालका सरकारी निकायले अर्काइभिङको परम्परा सिक्दै नसिकेको र जान्दै नजानेको बताए । विसं २०२८ मा आफू विकास बोर्डको पहिलो अध्यक्ष हुँदा नै फिल्म अर्काइभको पहल सुरु गरेको उनी सम्झन्छन् । 'म पछिकाले निरन्तरता दिएनन्,' उनी भन्दै आएका छन्, 'त्यो बेला फेला परेका फिल्म पनि सिंहदरबार आगलागी हुँदा हराए । कपितपय फिल्म राजदबार लगिएका थिए, त्यहाँबाट फिर्ता आएनन् ।' भिजिअल इतिहास सुरक्षित राख्दा देशको कलासंस्कृतिसँगै त्यो बेलाको जगत् बुझ्न सकिने उनको भनाइ थियो ।

> 'वर्तमानलाई त समाउन सकिएला, तर विगत उम्किन्छ । त्यसलाई आंशिक रूपमा भए पनि समात्न खोज्दै छु ।'

हस्तान्तरण समारोहमा वरिष्ठ पत्रकार राजेन्द्र दाहाल, गायक लोचन रिजाल, पुस्तकालयका अभिलेखाध्यक्ष समिक मिश्र लगायतले पनि अर्काइभिङको महत्त्वबारे कुरा राखेका थिए । 'म अचेल बेलायतको क्रिस्मस लिट्रेचर सेरिज हेरिरहेको छु,' पत्रकार दाहालले भने, 'उनीहरूले सय वर्षअघिका कुरा पनि सुरक्षित राखेका छन् । हामीचाहिँ हिँडदै छ, पाइला मेटदै छ शैलीका छौं ।' लोचनले यावदको पालाको बौद्धिकतालाई अहिलेको बौद्धिकतासँग प्रयोग गर्न पाए नौलो स्तर उत्पादन गर्न सकिन्थ्यो कि भन्ने कौतुहलता व्यक्त गरे ।



**वरिष्ठ फिल्मकर्मी एवं गीतकार यादव खरेल (बीच) आफ्ना फिल्म र अन्य सिर्जना संग्रहका लागि बिहीबार मदन पुरस्कार पुस्तकालयका अध्यक्ष कनकमणि दीक्षितलाई हस्तान्तरण गर्दै । साथमा वरिष्ठ पत्रकार राजेन्द्र दाहाल ।** *तस्बिर : कान्तिपुर*

### निरन्तर खोज

नेपाली भाषाका पुराना कृति पल्टाउन चाहनेलाई अहिले मपुपुको विकल्प छैन भन्दा फरक नपर्ला । यहाँ विसं १८२० देखिका पुस्तक संग्रहित रहेको र अहिलेसम्म ४० हजार किताब, ५७ सय पत्रपत्रिका भेला भइसकेको पुस्तकालयका दीपक अर्याललले जानकारी दिए । पुस्तक र पत्रपत्रिकाको चाङसँगै यहाँ प्रचार, पम्पलेट, अडियो/भिडियो सामग्री पनि संग्रह गर्दै आएको उनले अवगत गराए । 'नेपाली भाषाका कृतिको सबैभन्दा ठूलो संकलन यही छ,' उनले भने, 'अब यादव खरेलबारे पनि केही चाहिए यहीँ आए हुने भयो ।'

पुस्तकालयलाई यादवले झैं आफैं सामग्री उपलब्ध गराउनेहरू एकातिर छन् भने पुस्तकालय स्वयं पनि खोज र अनुसन्धानमा जुट्ने गरेको अभिलेखाध्यक्ष मिश्रले जानकारी दिए । '२०७२ को भूकम्पपछि हामीले असनको एउटा राजभण्डारी परिवारले जतनसाथ राखेको १९ औं शताब्दीका कागजपत्र फेला पार्‍यौं,' उनले भने, 'ती राजभण्डारी सरकारी जागिरको सिलसिलामा त्यो बेला जुम्ला पुगेका रहेछन् । लालमोहर छापसहितका कागज हेर्दा अहिले अनौठो लाग्छ ।'

पुस्तकालयमा विसं २०१५ को निर्वाचनका बेला प्रयोग भएका चुनावी पर्चा, पम्प्लेट आदि सुरक्षित छन् । अध्यक्ष दीक्षितले आफूहरूसँग भएका कतिपय सामग्री वास्तवमा सम्बन्धित निकायले राख्नुपर्ने बताए । 'हामी त छापा माध्यमको अर्काइभ गर्ने संस्था हौं,' उनले भने, 'फोटो, अडियो/भिडियोका लागि छुट्टै अर्काइभ हुनुपर्छ । अहिले त्यो नभएकाले हामीसँग आएका चिज सुरक्षित राखेर पछि ती खुले भने वा सरकारले व्यवस्था गरे उसैलाई दिन्छौं ।'

## शैली संक्षेप

### तीन सर्जकलाई सम्मान

काठमाडौं (कास)- नेपाल स्रष्टा समाजले यस वर्ष स्रष्टा सम्मान तीन स्रष्टालाई अर्पण गर्ने भएको छ । शास्त्रीय शैलीका रचनाकार स्व नारायणदत्त शास्त्रीलाई शुभद्रा विश्वराज स्रष्टा सम्मान, साहित्य र सञ्चारका क्षेत्रमा साधनारत स्रष्टा सिर्जना शर्मालाई दमन्ता खनाल स्मृति नारी स्रष्टा सम्मान र रमेश शुभेच्छुकलाई प्रसिद्ध कँडेल स्मृति युवा सम्मान गरिनेछ । स्रष्टा शास्त्रीलाई मरणोपरान्त सो सम्मान अर्पण गर्न लागिएको हो ।

सबै पुरस्कारमा जनही ११ हजार १११ रुपैयाँ र ताम्रपत्र रहेको छ । यसअघि समाजद्वारा स्थापित योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान नीलम कार्की र योगमाया न्यौपानेलाई तथा अभियन्ता राष्ट्रिय सम्मान वरिष्ठ इतिहासकार ज्ञानमणि नेपाललाई प्रदान गरिएको थियो ।

### नेपालीमा महाश्वेता देवी




काठमाडौं (कास)- भारतीय साहित्यकार महाश्वेता देवीको पुस्तक 'अक्लान्त कौरव' नेपालीमा आएको छ । कथाकार तथा अनुवादक इस्मालीद्वारा अनुवादित पुस्तक शिखा बुक्सले छापेको हो । पुस्तकमा महाश्वेता देवीको जीवनी, व्यक्तित्व र कृतित्व पनि समावेश छ । यसअघि शिखा बुक्सले महाश्वेता देवीकै 'हजार चौरासीकी मा' को नेपाली अनुवाद ल्याएको थियो ।

### डाबरको तीज महोत्सव




काठमाडौं (कास)- महिला सशक्तीकरण र उद्यमशीलताको उद्देश्यले डाबर नेपालको उत्पादन डाबर गुलाबरीले भृकुटीमण्डप प्रदर्शनी हलमा तीज महोत्सव सुरु गरेको छ ।


महोत्सवको यो सत्रौं संस्करण चार दिनसम्म चल्नेछ । स्थानीय उद्यमी महिलाहरूले बनाएका उत्पादनलाई प्रदर्शनीमा राखिएको छ । विमेन्स क्रिएसन सेन्टरद्वारा आयोजित महोत्सवमा दुई सयभन्दा बढी स्टल रहेको विज्ञप्तिमा उल्लेख छ ।

स्त्रीरोग विशेष
यस अस्पतालमा अन्तराष्ट्रिय प्रणालीबाट अत्याधुनिक उपकरणहरू प्रयोग गरी सम्पूर्ण स्त्रीरोगको प्रभावकारी परीक्षण तथा उपचार गरिन्छ ।
• Free Check-up
• 50% Discount on Treatment
ह्वाइ इन्टरनेशनल हस्पिटल प्रा. लि.
मित्रपार्क, चावहिल-७, काठमाडौं, (नेपाल टेलिकम अगाडि)
फोन: ०१-४४८१६१६, ९८१८८२६७६६
खुल्ला हुने समय: बिहान ८:३० बजेदेखि ५:०० बजेसम्म (हरेक दिन)
पुनश्चः चाडपर्व र विदामा पनि अस्पताल खुल्ला रहनेछ ।

पाईल्स, फिसर र फिस्टुलाको आधुनिक उपचार !!
तपाईको मलद्वार र मलासयमा हुने पाईल्स, फिसर र फिस्टुला लगायतको रोगको समस्याको लागि चाइना ग्रेटवाल स्वास्थ्य केन्द्र प्रा.लि.को हेमोराइड्स शाखा प्रयासरत छ । यस स्वास्थ्य केन्द्र नेपाल सरकारबाट स्विकृत प्राप्त स्वास्थ्य केन्द्र हो ।
Free Check-up
50% Discount
HCPT
• हामी दक्ष, अनुभवि चिकित्सकहरुद्वारा बिना कुनै जोखिमको उपचार गर्छौं ।
• अमेरिकि HCPT सहितका आधुनिक उपकरणबाट तपाईको मलद्वार सम्बन्धी रोगको परिक्षण र उपचार गर्छौं ।
• यस केन्द्रमा भएका उपचारमा कुनै समस्या नआएको जानकारी गराउँदछौं ।
PAN: 302170562
चाइना ग्रेटवाल हेल्थ सेन्टर प्रा.लि.
चावहिल चुच्चेपाटि काठमाण्डौ ।
सम्पर्क: ४४८०२३३, ९८५१२११५९९
पुनश्चः विदा र चाडपर्वमा पनि हामी तपाईको सेवामा समर्पित छौं ।



# भारतीय पत्रकार नैयरको निधन



नयाँदिल्ली (एजेन्सी)- भारतीय पत्रकार कुलदीप नायरको निधन भएको छ। उनको नयाँदिल्लीस्थित अस्पतालमा उपचारका क्रममा निधन भएको हो। उनी ९५ वर्षका थिए। उनका श्रीमती तथा दुई छोरा छन्।

नैयरले द स्टेट्सम्यान र इन्डियन एक्सप्रेसको सम्पादकका रूपमा कार्य गरेका थिए। पत्रकारका रूपमा नैयर विभिन्न समाचार संस्था तथा द टाइम्सको लन्डन संवाददातासमेत थिए। उनी भारतका पूर्वप्रधानमन्त्री लालबहादुर शास्त्रीको प्रेस सूचना अधिकारीका रूपमा समेत कार्य गरेका थिए।

मानवअधिकारकर्मीका रूपमा समेत परिचित नैयरले सन् १९९० मा बेलायतस्थित भारतीय उच्चायुक्तको कार्यालयमा सेवा गरेका थिए। उनी सन् १९९७ मा भारतको राज्यसभा सदस्यमा मनोनीत भएका थिए।

भारतीय राष्ट्रपति रामनाथ कोभिन्दले 'संकटकालताका लोकतन्त्रका लागि क्रियाशील वरिष्ठ सम्पादक तथा लेखक, कूटनीतिज्ञ र विधायकको मृत्युको समाचारले निकै दुःख लागेको' जनाएका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नायरको निधनप्रति दुःख व्यक्त गर्दै 'देशले एक महान बौद्धिक व्यक्तित्व गुमाएको' बताएका छन्। 'कुलदीप हाम्रो समकालीन पुस्ताका भीमकाय बौद्धिक व्यक्तित्व हुन्,' उनले भनेका छन्, 'आफ्ना विचारमा स्पष्ट र निडर नैयरले देशको हितका लागि गरेको योगदान अनन्तकालसम्म स्मरणीय रहनेछ।'

नैयरका समसामयिक राजनीतिक तथा पत्रकारिता विषयका १५ पुस्तक प्रकाशित छन्। त्यसमध्ये इन्डिया आफ्टर नेहरू, इमर्जेन्सी, इमर्जेन्सी रिटोल्ड, विदाउट फियर : द लाइफ एन्ड ट्रायल अफ भगत सिंह र उनको आत्मकथा बियोन्ड द लाइन्स चर्चित छन्।

# महाअभियोग लगाए अर्थतन्त्र धराशायी : ट्रम्प

वासिङ्टन (एएफपी)- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूविरुद्ध महाअभियोग लगाइए अमेरिकी अर्थतन्त्र धराशायी हुने दाबी गरेका छन्। चुनावी अभियानका क्रममा दुई महिलालाई गरिएको गैरकानुनी भुक्तानीपछि राष्ट्रपतिमाथि महाअभियोग लगाइने हल्लाबीच ट्रम्पले बिहीबार फक्स एन्ड फ्रेन्डस् कार्यक्रममा अन्तर्वार्तामा दिएका हुन्।

अन्तर्वार्ताका क्रममा उनले महाअभियोगपछि बजार ध्वस्त हुने दाबी गर्दै सबै जना गरिब हुने बताए। 'म तपाईंलाई भन्छु, यदि मलाई महाअभियोग लगाइयो भने बजार ध्वस्त हुन्छ।' ट्रम्पले भने, 'मलाई लाग्छ, सबै गरिब हुनेछन्।' उनले आफूले निकै महान् कार्य गरेको दाबी गर्दै भने, 'मलाई थाहा छैन, यस्तो व्यक्तिलाई तपाईं कसरी महाअभियोग लगाउन सक्नुहुन्छ।'

आफूसँग सम्बध रहेका दुई महिलालाई तिरेको रकमले चुनावी अभियानसम्बन्धी नियमविपरीत नरहेको पनि ट्रम्पको दाबी छ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प बिहीबार फक्स एन्ड फ्रेन्डस् कार्यक्रममा अन्तर्वार्ता दिँदै। *तस्बिर : एजेन्सी*

उनका पूर्व वकिल माइकल कोहेनले सन् २०१६ मा भएको राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा गैरकानुनी रूपमा रकम भुक्तानी दिएको बुधबार स्वीकार गरेका थिए। चुनावी अभियानका क्रममा पोर्नस्टार स्टोर्मी ड्यानियल्स र प्लेब्वाई मोडेल कारेन म्याकडगलाई रकम भुक्तानी दिइएको कोहेनले अदालतसमक्ष स्विकारेका हुन्।

अन्तर्वार्तामा ट्रम्पले 'उक्त रकम चुनावी अभियानबाट नभई व्यक्तिगत रूपमा भुक्तानी गरिएको' जनाए। उनले कम जरिवानका लागि कोहेनले बनावटी कुरा गरेको दाबी गरेका छन्। 'त्यो रकम मेरो व्यक्तिगत हो,' अन्तर्वार्ताका क्रममा ट्रम्पले भने, 'मैले पहिले नै टीट गरिसकेको छु। उक्त रकम मेरो चुनावी अभियानको होइन्।' तर यसअघि ट्रम्पले त्यस्तो भुक्तानी एकपटक मात्र गरिएको थाहा भएको बताएका थिए।

कोहेनले राष्ट्रपति ट्रम्पको आदेश र संयोजनमा रकम भुक्तानी दिएको बताएका थिए। कोहेनको स्विकारोक्तिसँगै ट्रम्पमाथि कानुनी जोखिम बढाएपछि ट्रम्पले चुनावी अभियान नियम उल्लंघन नगरेको दाबी गरेका छन्। गत जुलाईमा सार्वजनिक भएको एक श्रव्य टेपमा ट्रम्प र कोहेनले राष्ट्रपतीय चुनावअघि रकम भुक्तानी दिने सम्बन्धमा छलफल गरेका थिए। तर उक्त भुक्तानीबारे भने संघीय चुनावी आयोगमा जानकारी गराइएको थिएन्।

अमेरिकी चुनावी कानुनअनुसार चुनावलाई प्रभावित पार्ने उद्देश्यका साथ गरिने कुनै पनि आर्थिक कारोबारबारे जानकारी गराउनुपर्छ। कोहेन एक दशकभन्दा लामो समयसम्म ट्रम्पको व्यक्तिगत वकिल रहेका थिए।

यसअघि भर्जिनियाको जुरीले ट्रम्पका चुनावी अभियान प्रमुख पल म्यानाफोर्टलाई विभिन्न मुद्दामा दोषी ठहर गर्दै सजाय गर्ने आदेश दिएको थियो। उनीमाथि धोखाधडी, कर छली तथा विदेशी बैंकमा गोप्य खाता सञ्चालनमा दोषी ठहर गरिएको हो। ट्रम्पले भने उक्त घटनाप्रति दुःख व्यक्त गर्दै म्यानाफोर्ट 'असल मानिस' रहेको प्रतिक्रिया दिएका थिए।

# 'नेपालको संविधान विश्वकै उत्कृष्ट'

लन्डन (कास)- आयरल्यान्डका राष्ट्रपति माइकल डी हिगिन्सले सन् २०१५ मा संविधानसभाबाट जारी नेपालको संविधान लोकतान्त्रिक, समावेशी र विधिको शासनका मूल्य र मान्यता समाहित विश्वकै उत्कृष्ट संविधान भएको बताएका छन्।

नेपाल-आयरल्यान्डबीच दौत्य सम्बन्ध स्थापनाको बीस वर्ष पुगेको अवसरमा नेपाली दूतावासद्वारा आयरल्यान्डको राजधानी डब्लिनमा आयोजित कार्यक्रममा बोल्दै राष्ट्रपतिले गत वर्ष सम्पन्न आमनिर्वाचनले नेपालमा राजनीतिक स्थायित्व हासिल भई आर्थिक विकासको निम्ति मार्ग प्रशस्त भएको बताए।

उनले नेपाल र आयरल्यान्डबीचको सरकारी सम्बन्धलाई अब जनस्तरमा समेत विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। 'साहित्य, संगीत, कला र संस्कृतिको आदानप्रदानका माध्यमबाट जनस्तरमा सम्बन्ध विस्तार गर्न सकिन्छ', आयरल्यान्डको राजधानी



डब्लिनमा आयोजित कार्यक्रममा हिगिन्सले भने, 'भौगोलिक रूपमा आयरल्यान्ड र नेपाल टाढा रहे पनि दुई मुलुक कला, साहित्य, संगीत, संस्कृति र प्रकृतिको समृद्धि एवं शान्ति, मैत्री, भ्रातृत्व र विश्व बन्धुत्वप्रतिको समान आस्थाका कारण धेरै नजिक छन्।'

डब्लिनस्थित कूटनैतिक नियोगहरूले आयोजना गर्ने कार्यक्रममा आयरल्यान्डका राष्ट्रपतिको उपस्थिति विरलै हुने गरेकामा नेपाली दूतावासद्वारा आयोजित कार्यक्रममा सहभागी भई हिगिन्सले आयरल्यान्ड र नेपालले एकै दिन संयुक्त राष्ट्रसंघको सदस्यता हासिल गरेको समेत स्मरण गरे। उनले विभिन्न अन्तर्राष्ट्रिय मुद्दामा नेपाल र आयरल्यान्डको साझा धारणा रहेको र संयुक्त राष्ट्रसंघको तत्वावधानमा यी दुई मुलुकले विश्वमा शान्ति स्थापना गर्न आआफ्ना सैनिक परिचालन गरिरहेको समेत बताए।

उनले नेपाल प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताले भरिपूर्ण समृद्ध राष्ट्र भएको उल्लेख गर्दै विविधताबीचको एकतालाई सदियौंदेखि जोगाएर राखेका नेपाली जनता धन्य रहेको पनि उल्लेख गरे।

आफ्ना चार काव्यकृति र तीनवटा राजनैतिक ग्रन्थ प्रकाशित भएको उल्लेख गर्दै हिगिन्सले बेलायत र आयरल्यान्डका लागि नेपाली राजदूत सुवेदीले आफ्ना प्रतिनिधि कविताहरू नेपाली भाषामा अनुवाद र सम्पादन गरी 'माइकल डी हिगिन्सका प्रतिनिधि कविता' का रूपमा प्रकाशन गरेकामा कृतज्ञता व्यक्त गरे।


## हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००५ पौष १९

स्वर्गारोहण : २०७४ श्रावण २१

**स्व. मिथिला बिष्ट**

हाम्री प्रातः स्मरणीय ममतामयी श्रीमती मिथिला बिष्टको **वार्षिक पुण्यतिथि**मा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। स्वर्गारोहणको शोकको घडिमा हामीमा समवेदना व्यक्त गर्नु हुने नाताकुटुम्ब, संघसंस्था, एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**पति** : मधु सुदन बिष्ट

**छोरा बुहारीहरू** :
मानस/कञ्चन बिष्ट
मधुर/चन्दा बिष्ट


**दाजु भाउजु**:
श्रीमती प्रेमकुमारी बिष्ट
श्रीमती सुशिला बिष्ट
श्रीमती विद्या बिष्ट
श्रीकृष्ण/धनकुमारी बिष्ट

**नातिनी** :
मरिषा बिष्ट

**भाई बुहारी** :
निरञ्जन बिष्ट
श्रीमती शकुन्तला बिष्ट

भतिजा/भतिजि, भान्जा/भान्जी, नाती/नातिनी
एवम्
**समस्त बिष्ट, परिवार**

## हार्दिक श्रद्धाञ्जली



जन्म २००१।०१।१८

स्वर्गारोहण २०७५/०४/२६

स्व. नारायण मान सिं डंगोल

यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्थामा कार्यरत कर्मचारी श्री उमेश मान डंगोलका पूजनीय तथा प्रातः स्मरणीय पिता नारायण मान सिं डंगोलको मिति २०७५ श्रावण २६ गते असामयिक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
परिवार

## बर्गिकृत डिस्प्ले

**आकर्षक घर जग्गा बिक्रीमा**
• महाराजगंज चुनदेवी हाइटमा पूर्व मोहोडाको १ रोपनी कम्पाउण्ड भएको बंगला बिक्रीमा
• दरबारमार्गमा ६ आना जग्गा बिक्रीमा
सम्पर्क: ९८५१०३२७२५

**ज्योतिष**
गुरु तिर्थराज निरौला
हस्त रेखा-चिना विशेषज्ञ
पुस्तौदेखि सेवा प्रदान गर्दै आउनुभएको गुरुबाट उद्योग व्यापार, सन्तान, वास्तु, कालसर्पयोग, ग्रहदशा, विवाह बन्धन, ब्रतबन्ध, जमिन खरिद/बिक्री, ज्ञात-अज्ञात समस्या, चिना, टिप्पन, हस्तरेखा जस्ता हरेक समस्याको लागि सम्पर्क गरी भाग्योदय मार्गदर्शन प्राप्त गर्नुहोला।
G5 (ग्राउण्ड फ्लोर) सृष्टि भवन, सिद्धचरणचोक, धर्मपथ (जुद्ध सालिकको दक्षिणतर्फ न्युरोड, काठमाडौं)
Ph: 4247792, 9851001397
सबै ठाउँबाट निराश व्यक्तिले पनि भेटेर लाभ उठाउनुहोस्।

**Wanted**
A reputed trekking and travel agent is looking for an assistant manager to work full time. Candidate must be fluent in English, good communication skills, basic computing and accounts. French Speaking and writing will be prioritized.
Please send bio-data at: atalantenepal@gmail.com

**ज्योतिष**
श्री श्री १००८ महन्त स्वामी सत्यनारायण
हस्तरेखा चिना विशेषज्ञ
४० वर्ष देखि सेवा प्रदान गर्दै आएको गुरुबाट उद्योग व्यापार, सन्तान, वास्तु, कालसर्पयोग, ग्रहदशा, बन्धन, जमीन खरिद/बिक्री, वर्त-वन्धन, ज्ञात-अज्ञात समस्या, चिना, टिप्पन, हस्तरेखा जस्ता हरेक समस्याको लागि सम्पर्क गरी भाग्योदय मार्ग दर्शन प्राप्त गर्नुहोला।
श्री रामाकृष्णा इम्पोरियम, पहिलो तल्ला, पसल नं. 132K, विशालबजार, न्युरोड, काठमाण्डौ
9841313004, 9843936998
(सबै ठाउंबाट निराश व्यक्तिले शिघ्र सम्पर्क गर्नुहोला)

**WANTED**
1. English Teachers
Level: Secondary & College
Required Number: Few
Qualification: M.A./M.Ed. or Equivalent
2. Mathematics Teacher
Level: Secondary
Required Number: 1 (One), Residential
Qualification: B.Sc./ B.Ed. or Equivalent
CONTACT IMMEDIATELY!
Principal
WEST POINT SCHOOL/COLLEGE
Beni Bazar, Myagdi
069-520472 (Office); 9857640440, 9847633840
E-mail: westpoint.520472@gmail.com

**चौकस, ढोका, पार्केट**
खोजे जस्तै, रोजे जस्तै एकै ठाउँमा उचित मूल्यमा

● सिजनिंग गरिएको काठबाट बनाइएको ढोका तथा झ्यालका चौकसहरु
● आकर्षक, बलियो काठबाट बनेका रेडिमेड ढोकाहरु
● UPVC को आकर्षक ढोका
● काठको पार्केट तथा लेमिनेटेड पार्केट
०१-४६२२१५८, ९८५१०८१५५८, मीनभवन, शान्तिनगर गेट (पेट्रोलपम्पसँगै)
०१-४३०१६४१, सितापाइला चोक

**युवा ज्योतिष — सुरेशराज गिरी**
ख्यातिप्राप्त युवा ज्योतिषद्वारा आधुनिक पद्धतिबाट तपाईहरुको भूत, वर्तमान, भविष्य पहिल्याउन तथा बास्तु सम्बन्धी परामर्श एवं समाधानका लागि सम्पर्क राख्नुहोस्
आकाश भैरव, बिशालबजार, एकतल्ला माथि, न्यूरोड, काठमाडौं
Shop No. 132 "C"
9851149039, 9818131050

**जस्तोसुकै कुलत-मुक्ति**
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिइ छुटाउन
अनुहारको दाग, चायाँपोता र डण्डिफोर हटाउन
हाईट बढाउन STEP-UP
मोटोपना, हिपथाई बढाउन घटाउन | महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउन
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
सम्झनुहोस नेपालभरि फ्रि होम डेलिभरी छ।
हेलो शप नेपाल
कोटेश्वर City-Tower, 9808650895, 9868200286, 01-2298352
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**कोरियन भाषा पढ्न धेरै वर्ष नलगाउ पास गर्न भ्याली कन्सल्टेन्सी मा जाउ**
सिप तथा रोजगार सहितको कोरियन भाषा दैनिक ४ घण्टा class
२ वटा exam गराईने
आफ्नै होस्टेल भएको
Valley Consultancy
सम्पर्क: चाबहिल : ०१-४४७५३०१, नयाँ बसपार्क : ०१-४३६४४३१, झापा : ९८०१४५२७४०

**४१ कर्मचारीहरू अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2, साधारण लेखपढ गर्न जान्ने/नजान्ने | सुविधा:- गाडीभाडा:-१०० |- खाजा:-१०० |-
तलब: Parttime: 18,000/- Fulltime: 36,000/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल
01-4493437, 9813994099
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

**७१ कर्मचारीहरू अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2, साधारण लेखपढ गर्न जान्ने/नजान्ने | सुविधा:- गाडीभाडा:-१०० |- खाजा:-१०० |-
तलब: Parttime: 18,500/- Fulltime: 36,500/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल
9823206405, 9869687922
नोट: महिला, पुरुष, विद्यार्थीलाई विशेष प्राथमिकता

**घर सहित जग्गा विक्रिमा**
एकान्तकुना चक्रपथसँगै जोडिएको तीन साईड मोहडा भएको १६ आना १ पैसामा बनेको २ १/२ तल्लाको घर र कम्पाउण्ड सहित विक्रिमा
(सानिमा बैंक ठिक अगाडी एकान्तकुना, ललितपुर)
सम्पर्क: ९८५१००८१०९, ९८४१७९८७१५

**कर्मचारी आवश्यकता**
भगवान महावीर जैन नीकेतनको लागि स्नातक वा सो सरहको उपाधी हासिल गरेको, कम्प्युटर सम्वन्धी राम्रो ज्ञान भएको, अंग्रेजी, नेपाली तथा हिन्दी बोल्न सक्ने, धार्मिक भावना/आचरण भएको, दुई पाग्रे सवारी साधनको ड्राईभीङ लाईसेन्स भएको मुख्य व्यवस्थापक (Chief Manager) को आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।
अनुभव : गेष्ट हाउस वा होटल तथा यस्तै प्रकृतीका संस्थाहरुको संचालनमा व्यवस्थापक भई कार्य गरेको अनुभव भएको।
पारिश्रमिक : योग्यता अनुसार नेगोसिएसन गर्न सकिने।
भगवान महावीर जैन नीकेतन, कमलपोखरी
सम्पर्क : ०१-४४१८६१९

**VACANCY**
A Fine dining Restaurent located at Bhaisepati, Lalitpur
Restaurent Manager (M/F) -1
Head Waiter/Waitress (F) -2
Waitress -2
Cashier (F) -1
Coffee Maker (M/F) -2
Contact: 9849422539

**VACANCY**
A Fine dining Restaurent located at Bhaisepati, Lalitpur
HEAD COOK -2
Asst. COOK -2
Kitchen Helper -2
Steward -4
Contact: 9849422539

**सेक्यूरीटी आवश्यकता**
तालिम गरेका-नगरेका, सबैका लागि पुरुष: ३० जना, महिला: २० जना
नाईट, डे, खाएर बसेर जुन गर्नपनि मिल्ने (६,८,१०,१२ घण्टा)
तलब: 14000-16000
योग्यता: साधारण लेखपढ
दसैं तिहार आकर्षक बोनस
9823005384, 9861728590

**CTF Montessori Training**
3 Months (Junior Diploma Course)
1 Month (Advance Diploma Course)
Teej Special Discount Offer 35%
Job guarantee
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-4265637, 9851299632

**JAPAN**
Jan/April Intake
कुनै संस्थालाई गाह्रो भए हामी जापान एप्लाई गरी दिन्छौ
SHIRITSU
Ktm Tel : (01) 4421139
पोखरा चिप्लेढुङ्गा | East West
Tel : (061) 620949
Mo. : 9851085368

**कपाल उमार्ने**
Hair Building Fiber
हाईट बढाउने-Step-Up, जाँड-रक्सी छुटाउने, मोटोपन बढाउने घटाउने, चायाँपोतो हटाउने, Breast बढाउने घटाउने
Home Delivery
Global Fitness Shop
चावहिल, मेडिकेयर हस्पीटल अगाडी
01-4461711, 9851057632, 9803464971

**४१ कर्मचारी अर्जेन्ट**
काम: अफिस भित्रै
No Interview, 100% Job
योग्यता: Test/SLC/+2 above (साधारण लेखपढ गर्न जान्ने/नजान्ने)
तलब: Part Time : 19,500 Full Time : 37,500
समय: Morning/Day/Evening/Night
चक्रपथ, बसुन्धराचोक
9808962167, 9840361899
SEE दिएकाले पनि गर्न मिल्ने

**भर्ना हुने सुवर्ण अवसर**
सि.टि.ई.भि.टि. को १८ महिने
ल्याब असिस्टेन्ट कार्यक्रममा (केहि सिटहरु बाँकी छ।)
एस.इ.इ. मा न्युनतम E ग्रेड प्राप्त हुनुपर्ने
कम्युनिटी हेल्थ एकाडेमी
सम्पर्क: 9851-102-101, 9851-171-761

**TEACHERS VACANCY**
The school announces vacancy in the following posts for an immediate start.
1.Grade Teacher ( Class 1 & 2)
2.Computer Teacher (Secondary Level)
3.Account Teacher (PT), Class 10
Experienced teachers with fluency in English may apply by sending their CVs to the email address below. Attractive salary and ongoing training on the UK teaching style available for competent candidates.
PRASIDDHA MODEL SCHOOL
Balaju Height, Boharatar
Ph.: 4383366, 9802067060
Email: prasiddha.pms@gmail.com

**WANTED**
1. Secondary Level Science/ Maths Teacher (6:00am to 1:00pm)
2. Middle Level Incharge (Full time)
3. Middle Level English Teacher (Full time)
4. Hostel Warden
Fluency in written and spoken in English is a must
Budhanilkantha, Kathmandu
9801179189, 9801179188

**लेखापालको आवश्यकता**
यस मयुर यातायात प्रा.लि. को लागि निम्न दक्षता र अनुभवी भएको योग्यता पुगेका ईच्छुक नेपाली नागरीकहरुबाट दरखास्त आव्हान गरीएको छ।
– लेखामा स्नातक गरी कम्पनी लेखामा अनुभव प्राप्त
– यस क्षेत्रमा कम्तिमा पनि ५ बर्ष अनुभव प्राप्त भएको
– Accounting Software चलाउन सक्ने
सम्पर्क:– ४२७०३६६, ९८५१०६७८४७

**TEACHERS WANTED OUT OF VALLEY**
Sec. Computer BE (Darbandi) 35,000+L&F
Sec. Opt Math 31,500+20,000+L&F
Sec. Social 31,500+18,000+L&F
Sec. Science, Math 35,000+L&F
Sec. English, Social, Math, 25,000+L&F
Sec. Account, Nepali 25,000+L&F
L. Sec Science (Darbandi) 23,500/-
Lower Sec. Science, Math, English, Social 18,000/-
Horizon 01-4301287, Bafal-13, Kalanki 9849168482
E-mail: horizoneducation70@gmail.com

**कर्मचारी अर्जेन्ट**
एक कस्मेटिक कम्पनीको विभिन्न पदहरुमा तत्कालै केहि महिला/पुरुष चाहियो। राम्रो समयदिन सक्ने व्यक्तिहरुले आजै सम्पर्क राख्नुहोला।
तलब: ११००० देखि १६०००
संख्या: १० महिला/पुरुष
थप सुविधा: दशै बोनस, गाडीभाडा, अफिस युनिफर्म
बसुन्धाराचोकैमा
9801123252, 9849085951
थप सुविधा: दशै बोनस, गाडीभाडा, अफिस युनिफर्म

**पानी उद्योगका लागि आवश्यक मेशिनहरू बिक्रीमा**

नेपालभर ५० वटा भन्दा धेरै पानी उद्योगहरुमा जडान गरी सफलता पूर्वक संचालन गर्न सफल अत्याधुनिक प्रबिधिबाट निर्मित Automatic Bottle Filling Machine हामी संग सुपथ मुल्यमा रहेको जानकारी गराउदछौं। साथै RO Treatement Plant र पानी उद्योगलाई चाहिने जुनसुकै मेशिनहरुका लागी हामीलाई सम्झनुहोस्
TP Trade Link Pvt. LTD
Kuleshwor - KTM Ph: 4285743
9851112988, 9851158661
web: tptradelink.com

**WANTED**
A reputed company requires Asst. Sales Marketing - 3 nos.
Service Area for Kathmandu, Butwal and Biratnagar
Min. Qualification 10+2 with 2 wheeler licence holder
Send their resume at Mobile: 9851158453
praveen@mahavirnp.com
amit@mahavirnp.com

**घरजग्गा किनबेचमा नयाँ विश्वास**
property360
M&S Tower Pulchowk
9802600333/ 888

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# अर्थ वाणिज्य




## पारित भयो मन्ट्रियल महासन्धि

काठमाडौं (कास)- प्रतिनिधिसभाले अन्तर्राष्ट्रिय हवाई परिवहनसम्बन्धी मन्ट्रियल महासन्धि सर्वसम्मतिले पारित गरेको छ। नेपाल अब यो महासन्धिको सदस्य मुलुक भएको छ। संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसलाई 'अन्तर्राष्ट्रिय हवाई परिवहन विषयक नियमहरू एकीकरण गर्ने सम्बन्धमा व्यवस्था भएको महासन्धि (मन्ट्रियल महासन्धि, १९९९)' भनेको छ। यो महासन्धि पारित भएबाट अन्तर्राष्ट्रिय उडान दुर्घटना तथा अन्य घटनामा नेपालीले विदेशीसरह क्षतिपूर्ति पाउनेछन्।

हवाई यात्रामा हुने जोखिम कम गर्न र यात्रुको सुविधालाई संसारभर एकैखालको बनाउन क्यानडाको मन्ट्रियलमा सन् १९९९ मे २८ मा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले यो महासन्धि पारित गरेको थियो। यसमा हालसम्म १ सय ३१ देशले हस्ताक्षर गरिसकेका छन्। नेपालका दुवै छिमेकी चीन र भारत यसका पक्ष राष्ट्र हुन् भने सार्क सदस्य पाकिस्तान र माल्दिभ्सले पनि अनुमोदन गरिसकेका छन्। नेपाल अब १३२ औं राष्ट्र भएको छ। हवाई उडानसँग सम्बन्धित वार्सा महासन्धि १९२९ र त्यसको हेग प्रोटोकल १९५५ को नेपाल सदस्य राष्ट्र भए पनि यसका व्यवस्थाहरूले यात्रीमैत्री व्यवस्था गर्न असमर्थ भएकाले मन्ट्रियल महासन्धिको पक्ष राष्ट्र हुन जरुरी थियो।

**यो महासन्धि पारित भएबाट अन्तर्राष्ट्रिय उडान दुर्घटना तथा अन्य घटनामा नेपालीले विदेशीसरह क्षतिपूर्ति पाउनेछन्**

संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार यो महासन्धि लागू भएपछि नेपाल उडान गर्ने अन्य देशका वायु सेवा कम्पनीहरूले प्रत्येक यात्रुको दायित्व तय गर्नुपर्ने हुन्छ। पर्यटकले दुर्घटना वा हवाई अव्यवस्थापनका कारण भोग्नुपरेको कष्ट वा क्षतिको यसले तोकिएको क्षतिपूर्ति सुनिश्चित गर्नेछ। यो पारित भएको ६० दिनपश्चात् लागू हुनेछ। मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेका अनुसार सरकारले यो महासन्धि पारित गरेको जानकारी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनलाई गराउनुपर्छ। यता आन्तरिक उडानका यात्रुलगायतको दायित्वबारे छुट्टै कानुन तर्जुमा गर्नुपर्ने हुन्छ।

यो महासन्धि लागू भएका देशमा यात्रुको सामान डेलिभरी गर्न हवाई कार्गोले ढिला गरे वा ओसार्ने क्रममा सामानको नोक्सानी भए प्रतिकेजी १९ एसडीआर (स्पेसल ड्रइङ राइट्स) तिर्नुपर्छ। एसडीआर भनेको अन्तर्राष्ट्रिय मुद्रा कोषले तय गरेको मानक मुद्रा हो, जो हाल एक एसडीआर बराबर १.४० अमेरिकी डलर (१५४.३५ नेपाली रुपैयाँ) हुन आउँछ।



राजधानीको असनमा बिहीबार क्वाँटी किन्दै महिला। जनैपूर्णिमामा गेडागुडीको मिश्रण मिलाएर खाने चलन रहेको छ। *तस्बिर : कविन अधिकारी*

## केरुङमा रोकिए करोडौंका सामान

**केरुङमा राखिएका ४ कन्टेनरबाट सामान चोरी भयो : व्यवसायी**

■ बलराम घिमिरे

रसुवा- रसुवागढी नाकासहित तीन स्थानमा गएको पहिराले यातायात अवरुद्ध भएपछि नेपाल ल्याउन लागिएका व्यापारिक सामान चीनको केरुङमा थन्किएका छन्।

रसुवागढीको नाका नजिकैको पहिरो, घट्टेखोलाको पुललाई बाढीले पुऱ्याएको क्षति र गोसाइँकुण्ड गाउँपालिका ५ को खोपाङ भीरको पहिरोले यातायात अवरुद्ध भएको हो। तीन साताअघिबाट यातायात अवरुद्ध भएपछि हालसम्म झन्डै १ हजार २ सय कन्टेनर केरुङमै थन्किएका हुन्। आयात गर्न लागिएका अधिकांश सामग्री दसैं र तिहारसँग सम्बन्धित छन्।

यातायात अवरुद्ध भएपछि रसुवा भन्सारको कारोबार ठप्प भएको छ। तातोपानी नाका बन्द भएपछि प्रमुख नाकाका रूपमा सञ्चालित रसुवागढीसमेत अवरुद्ध हुँदा व्यवसायीले झन्झट बेहोर्नुपरेको छ। स्याउलगायत कुहिने सामग्रीहरू व्यवसायीले बोकाएरै राजधानी ल्याइरहेका छन्। आयात ठप्प हुँदा दैनिक लाखौं राजस्व असुल हुने नाका सुनासान छ।

गोदाममा राखिएका र कन्टेनरमा लोड गरिएका सामान असुरक्षित भएको व्यवसायी टपेन्द्र तिमिल्सिनाले बताए। यसबाट व्यवसायीले करोडौंको घाटा व्यहोर्नुपर्ने अवस्था छ। 'तीज पर्वका लागि झिकाइएका सामान त यो वर्ष राजधानी नआउने भयो,' अर्का व्यवसायी शैलेश पौडेलले भने, 'लोड गरिएका कन्टेनरका सामान चोरी हुन थालेको छ।' केरुङमा रहेको ४ कन्टेनरबाट सामान चोरी भएको उनले बताए। 'तीजका लागि ल्याएको सौन्दर्य र तयारी पोसाक अधिक छ। दसैंका सामान पनि छिट्टै राजधानी भित्र्याउन नसके बिक्री गर्न सकिँदैन,' उनले भने।



नेपाल प्रवेश गर्न केरुङ नाकामा लामबद्ध मालबाहक कन्टेनर। *तस्बिर : कान्तिपुर*

सडक कार्यालय नुवाकोटले यातायात सञ्चालन हुन अझै केही दिन लाग्ने अनुमान गरेको छ। सडक डिभिजन प्रमुख निरज शाक्यका अनुसार गोसाइँकुण्ड गाउँपालिकाको घट्टे खोलाको पुल मर्मत भइरहेको छ। पुलको ढलानको काम सकिएको छ। 'पुल एक सातामा सञ्चालनमा ल्याउने तयारी गरेका छौं,' शाक्यले भने। तर, रसुवागढी नाका र त्रिशूली नजिककैको खोपाङ भीरको पहिरो पन्छाएर यातायात सञ्चालनमा ल्याउन समय लाग्ने उनको अनुमान छ। यी दुवै पहिरा जटिल खालका छन्। माटो पन्छाएर वा तलबाट तारजाली लगाएर खुलाउन सकिँदैन। ब्लास्टिङ गरेर खोल्नुपर्ने हुन्छ। ब्लास्टिङका लागि नेपाली सेनाको सहायता लिनुपर्ने हुन्छ। अध्ययन गर्न मध्य पृतना हेटौंडाको नेपाली सेनाको टोलीले बुधबार अनुगमन गरेको थियो। अनुगमन प्रतिवेदन सेनाको हेडक्वार्टरमा बुझाउने र त्यसपछि काम हुनेछ।

सडक अवरुद्ध भएपछि नाकाबाट व्यवसायीहरू सामान छाडेर फर्केका छन्। केरुङमा सामान राख्ने गोदामसमेत पाइन छाडेको व्यवसायीहरूले बताएका छन्। नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष बच्चु पौडेलका अनुसार व्यवसायीको टोलीले भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रघुवीर महासेठसँग भेटेर सडक सञ्चालनका लागि पहल गरिदिन आग्रह गरेको छ। 'सरोकारवाला सबैसँग अनुरोध गरेका छौं,' उनले भने, 'यातायात अवरुद्ध हुँदा सबैभन्दा बढी व्यवसायी मर्कामा परेका छन्। एकातिर व्यापारीले लाखौं घाटा व्यहोरिरहेका छन्, अर्कातर्फ सरकारको राजस्व संकलन ठप्प छ।'

राजधानीलगायत मुलुकका मुख्य बजारहरूमा चिनियाँ सामानकै वर्चश्व छ। दसैंमा चिनियाँ तयारी पोसाकको बढी माग हुने गरेको छ। यहाँबाट मुख्यतः तयारी पोसाक, फर्निचर, स्टेसनरी सामान, जुत्ता, चप्पल, ब्याग, मेसिनरी औजार, स्याउ, लसुन, मखमल कपडा, कम्प्युटरका पार्टसलगायत व्यापारिक सामान आयात हुने गरेको छ।

## ब्याज बढाएरै बैंक नाफामा

■ यज्ञ बञ्जाडे

काठमाडौं- सञ्चालनमा रहेकामध्ये २२ बैंकले गत वर्ष निक्षेप र कर्जाबीचको ब्याजअन्तर (स्प्रेड) बढाए। यो नै बैंकहरूको नाफा वृद्धिको प्रमुख कारण बन्यो। डेढ वर्षयता लगानीयोग्य पुँजीको अभाव भएको गुनासो गर्दै आएका बैंकको नाफा भने लोभलाग्दो छ।

गएको वर्ष वाणिज्य बैंकहरूले ५३ अर्ब १३ करोड रुपैयाँ खुद नाफा आर्जन गरे। यो बैंकहरूको कुल आयबाट कुल खर्च र कर घटाएर आएको शुद्ध नाफा हो। अघिल्लो वर्षको तुलनामा गत वर्ष यस्तो नाफा करिब २३ प्रतिशतले बढेको छ। यो अर्थतन्त्रको औसत वृद्धिदरभन्दा धेरै बढी हो। अघिल्लो आर्थिक वर्षको अन्त्यमा ती बैंकहरूको यस्तो नाफा ४४ अर्ब ८४ करोड रुपैयाँ थियो।

चौथो त्रैमासको वित्तीय विवरणअनुसार बैंकहरूको नाफा वृद्धिको प्रमुख स्रोत ब्याज आम्दानी नै छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष २२ वटा बैंकहरूको कर्जा निक्षेपबीचको ब्याज अन्तर (स्प्रेड) बढेको छ। बाँकी बैंकहरूको स्प्रेड घटेको छ। यसको अर्थ व्यवसाय विस्तारका लागि नयाँ क्षेत्र पहिचानसहित 'नवप्रवर्तन' ल्याउनुको साटो ऋणको ब्याजदर वृद्धिमै बैंकहरूले ध्यान केन्द्रित गरे भन्ने हो। केही बैंकहरूको स्प्रेड राष्ट्र बैंकले तोकिदिएको अधिकतम ५ प्रतिशतभन्दा पनि बढी छ। प्रकाशित वित्तीय विवरणअनुसार २१ बैंकहरूको स्प्रेड ४ प्रतिशतभन्दा बढी छ। जसमध्ये चारवटा बैंकको स्प्रेड ५ प्रतिशत बढी छ। ती बैंकहरूको स्प्रेड राष्ट्र बैंकले दिएको अधिकतम सीमाभन्दा धेरै हो। राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले ५ प्रतिशतभन्दा बढी ब्याजअन्तर राख्न पाउँदैनन्। यो वर्षको अन्त्यसम्म वाणिज्य बैंकहरूले स्प्रेड साढे ४ प्रतिशतमा झारिसक्नुपर्ने नयाँ निर्देशन छ।

बैंक तथा वित्तीय संस्थाले निक्षेप र कर्जाबीचको ब्याजअन्तर धेरै गराएकै कारण औसतभन्दा बढी वृद्धिदर हासिल भइरहेको पूर्वसचिव रामेश्वर खनालले बताए। मुलुकको आर्थिक विकासका लागि आवश्यक लगानी (पुँजी) जुटाएर बैंकहरूले महत्त्वपूर्ण योगदान पुऱ्याए पनि उपभोक्ताले व्यवयाय विस्तारको लाभ प्राप्त गर्न नसकेको उनको भनाइ छ। 'बैंकहरूमा निक्षेपमा सकेसम्म कम ब्याज दिने र ऋणमा सकेसम्म बढी ब्याज उठाउने प्रवृत्ति हाबी छ,' उनले भने, 'यही कारण अर्थतन्त्रको औसत वृद्धिदर करिब १५ प्रतिशत हुँदा बैंकहरूको मुनाफा वृद्धिदर त्योभन्दा बढी छ।' यद्यपि मुलुकको आर्थिक वृद्धिमा धेरै योगदान पुऱ्याउने सेवा क्षेत्रहरूमा बैंकहरूको ठूलो लगानी केन्द्रित भएकाले त्यसले समग्र आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुगेको उनले दोहोऱ्याए।

'विद्यमान परिस्थितिको फाइदा उठाउँदै केही बैंकहरूले स्प्रेड धेरै बढाए,' पूर्वबैंकर ससिन जोशीले भने, 'तर, यसलाई सामान्यीकरण गर्न मिल्दैन।' उनको विचारमा वर्षको नाफा वृद्धिदर अस्वाभाविक होइन।' रकमका आधारमा मात्र बैंकहरूको नाफा बढेको रूपमा हेर्न नहुने उनले बताए। 'रकमका आधारमा अघिल्लो वर्षको तुलनामा गत वर्ष बैंकहरूको नाफा बढेको छ। तर, पुँजी वृद्धिको अनुपातमा निरन्तर रूपमा घटिरहेको छ,' उनले भने, 'अघिल्लो वर्ष १७ प्रतिशत रहेको बैंकहरूको सम्पत्तिको प्रतिफल गत वर्ष साढे १४ प्रतिशतमा झरेको छ।'

**व्यवसाय विस्तारका लागि नयाँ क्षेत्र पहिचानसहित नवप्रवर्तन गर्नुको सट्टा ऋणको ब्याजदर वृद्धिमै बैंकहरूले ध्यान केन्द्रित गरेका छन्**

गत वर्षमा २८ वटा बैंकहरूको चुक्ता पुँजी करिब ३४ अर्ब रुपैयाँले बढेर २ खर्ब ३३ अर्ब रुपैयाँ पुग्यो। अघिल्लो वर्षको तुलनामा गत वर्ष बैंकहरूको पुँजी १७.१८ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्षको अन्त्यमा बैंकहरूको चुक्ता पुँजी १ खर्ब ९८ अर्ब ८६ करोड रुपैयाँ थियो। बैंकहरूको गत वर्षको खुद नाफा वृद्धिदर चुक्ता पुँजी वृद्धिदरभन्दा बढी हो। यसैगरी गएको वर्ष वाणिज्य बैंकहरूमा साढे ३ खर्ब रुपैयाँ निक्षेप संकलन गरे। यो अघिल्लो वर्षको तुलनामा १६.७७ प्रतिशतको वृद्धि हो। सोही अवधिमा बैंकहरूले थप ३ खर्ब ७६ अर्ब रुपैयाँ लगानी विस्तार गरे। यो २१.६७ प्रतिशतको वृद्धि हो। यसबाट बैंकले सम्पत्ति र दायित्वबीच सन्तुलन मिलाउन नसकेको स्पष्ट हुन्छ। बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलनको तुलनामा कर्जा विस्तार दर उच्च रहेकाले वित्तीय क्षेत्र असन्तुलित अवस्थामा रहेको राष्ट्र बैंकले पनि स्वीकार गरेको छ। राष्ट्र बैंकले हालै सार्वजनिक गरेको गत आर्थिक वर्षको आर्थिक तथा वित्तीय प्रतिवेदनमा यस्तो उल्लेख छ।

गत वर्ष अधिकांश महिनाहरूमा बैंकहरूको ब्याजदर उच्च रह्यो। लगानीयोग्य रकम अभाव भएको बहानामा बैंकहरूबीच निक्षेपको ब्याजदर वृद्धिको होडबाजी नै चल्यो। त्यो नियन्त्रणका लागि बैंकर्स संघले पटकपटक ब्याजदर नबढाउने सहमति (भद्रसहमति) नै गर्नुपऱ्यो। जुन अहिले पनि लागू छ। सोही सहमतिअनुसार अहिले पनि बैंकहरूले ग्राहकलाई मुद्दती निक्षेपमा ११ र साधारण बचतमा ७ प्रतिशतभन्दा बढी ब्याज दिन पाउँदैनन्। यसरी निक्षेपको ब्याजमा सीमा तोकिएपछि राष्ट्र बैंकको सीमामा बसेर ऋणको ब्याज बढाउन उनीहरूलाई बाटो खुला भयो। गत वर्ष अधिकांश बैंकहरूको स्प्रेड बढ्नुको प्रमुख कारण पनि यही हो।

आधार ब्याजदर (बेसरेट) भन्दा तल ऋण दिन नपाइने राष्ट्र बैंकको निर्देशन र फराकिलो स्प्रेडका कारण गत वर्ष बैंकहरू राम्रो नाफा आर्जन गर्न सफल भएको चार्टर्ड एकाउन्टेन्ट एवं पूर्वबैंकर अनलराज भट्टराईले बताए। उच्च दरले बढेको आयातले बैंकको विदेशी विनिमयको कारोबार, प्रतीतपत्रलगायत अन्य गैरबैंकिङ आम्दानी उच्च दरले बढेकाले बैंकहरूको वृद्धिदर उच्च देखिएको उनको भनाइ छ। 'गएको तीन वर्षमा बैंकहरूको सञ्चालन खर्च करिब १० अर्ब रुपैयाँले बढ्यो, सोही अवधिमा बैंकहरूले करिब २ खर्ब रुपैयाँ पुँजी बढाए,' उनले भने, 'थपिएको पुँजीमा १० प्रतिशतको मात्र प्रतिफल मान्दा पनि करिब २० अर्ब रुपैयाँ बैंकहरूले कमाए। यही प्रतिफलले बैंकहरूको सञ्चालन लागतलाई धानेकाले नाफा वृद्धिदर राम्रो देखिएको हो।' आउँदा दिनमा बैंकहरूले हालको जत्तिकै नाफाको वृद्धिदर टिकाइराख्न मुस्किल रहेको उनको अनुमान छ।

गएको दुई वर्षयता सेयरधनीको प्रतिफल (रिटर्न अन इक्विटी-आरओई) घटदो क्रममा छ। यो प्रवृत्ति चौथो त्रैमासको वित्तीय विवरणमा पनि देखियो। आरओईको अर्थ बैंकमा बैंकमा लगानी गरिएको पैसाले कति प्रतिफल दिन सक्छ भन्ने हो। गत वर्ष अधिकांश बैंकका सेयरधनीको प्रतिफल घट्यो। राष्ट्र बैंकको निर्देशनअनुसार २४ महिनामा चार गुणा चुक्ता पुँजी बढाउनुपरेको र बढेको पुँजीको तुलनामा बैंकहरूको व्यावसायिक विस्तार हुन नसकेकाले आरओई घटेको बैंकरहरूको गुनासो छ। गत आर्थिक वर्षमा ५ वटा बैंकहरूको मात्र आरओई २० प्रतिशतभन्दा माथि छ। गत वर्ष एक दर्जनभन्दा बढी बैंकहरूको आरओई २० प्रतिशतभन्दा बढी थियो।



# मरिच बरामद

सिमरा (कास)- भारततर्फ लुकाइछिपाई लैजान खोजिएको २ हजार ३ सय किलो सेतो मरिच सशस्त्र प्रहरीले बरामद गरेको छ । सशस्त्र प्रहरीले रेगनिया घाटबाट नम्बर नखुलेको भारतीय टयाक्टरबाट ४६ बोरा मरिच बरामद गरेको हो । भित्रबाट सेतो र बाहिरबाट पहेंलो रङको बोरामा प्याक गरिएको उक्त मरिच भारतमा महँगो भाउमा बिक्री हुने भएकाले तस्करी बढेको अनुमान सशस्त्र प्रहरी बल बाराका गणपति बलराम पोखरेलको छ । नेपाली बजारमा सेतो मरिच १ हजार ५ सय रुपैयाँ किलो र कालो मरिच ७ सय रुपैयाँ प्रतिकिलोमा खरिद बिक्री हुने गरेको कलैयाका किराना व्यवसायी ज्ञानेश्वर यादवले बताए । 'भारतीय बजारमा मरिचको मूल्य उच्च रहेकाले यसको तस्करी बढेको हुन सक्छ,' उनले भने, 'मरिचको तस्करी बढेको आफूले पनि सुनेको छु ।' भियतनामबाट नेपाल भित्र्याइएको मरिच पछिल्लो समय भारतमा तस्करी हुने गरेको छ । 'निश्चित मापदण्ड तोकेरै मरिच भारतमा आयात हुन्छ,' स्रोतले भन्यो, 'त्यसले माग धान्न नसकेपछि नेपालबाट लुकाई छिपाई मरिच भारत पुऱ्याइन्छ ।'

# लसुनले भाउ पाएन

■ हरि गौतम

रुकुम पश्चिम- मूल्य नपाएपछि यहाँको एउटै वडाको तीन सय क्विन्टल लसुन बिक्री भएको छैन । मुसीकोट नगरपालिका १० का किसानले उत्पादन गरेको लसुन उचित मूल्य नपाएपछि बिक्री नगरेका हुन् ।

गत वर्षको तुलनामा यो वर्ष लसुनले मूल्य पाएको छैन । व्यापारीहरूले गत वर्षको भन्दा ४० रुपैयाँ कम मूल्यमा लसुन किन्छौं भनेपछि किसानले लसुन बेचेका छैनन् । गत वर्ष प्रतिकिलो १ सय २० रुपैयाँमा लसुन बिक्री गरेका किसानले यो वर्ष ८० रुपैयाँमा मात्रै लसुन बिक्री गर्न मानेका छैनन् । '८० रुपैयाँले हाम्रा लागत नै उठ्दैन कसरी बिक्री गर्नु,' लसुन उत्पादक किसान झुपलाल खड्काले भने, 'एकैपटक ठूलो अन्तरमा घटाइएको मूल्यमा हामी कसैले लसुन बिक्री गर्न सकेका छैनौं ।'

विभिन्न टोलमा उत्पादन भएको तीन सय क्विन्टल लसुन किसानको घरमै थन्किएको छ । समयमै लसुन बिक्री नभएर खराब भएर जाने भन्दै किसान चिन्तित बनेका छन् । अर्का किसान खम्बुबहादुर खड्काले घाटा हुने भएपछि कसैले पनि लसुन नबेचेको बताए । 'हाम्रो यो चुन र गलम्पाटी टोलमा घरघरै लसुन उत्पादन भएको छ,' उनले भने, 'व्यापारीले तोकेअनुसार हाम्रो दुःख उठ्दैन । त्यसैले हामी कसैले लसुन बेचेका छैनौं ।' उनले आफू र झुपलाल खड्काले ५०/५० क्विन्टल लसुन उत्पादन गरेको जानकारी दिए ।

१० नम्बर वडाका करिब ४० घरधुरीले लसुन उत्पादन गरेका छन् । एउटा घरमा २ देखि ५० क्विन्टलसम्म लसुन थन्किएको वडा अध्यक्ष गोपेश्वर केसीले बताए । 'यस विषयमा नगर कार्यपालिकामा पनि छलफल भएको थियो,' उनले भने, 'नगर कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृत माधवप्रसाद शर्मालाई बजार पहिचान गर्ने जिम्मा दिएको छ ।' हालसम्म पनि लसुनको उचित मूल्य दिने बजार नभेटिएको अध्यक्ष केसीले बताए । यातायात सेवा नहुँदा पनि किसानले थप हैरानी व्यहोर्नुपरेको उनको भनाइ छ ।


## साधारण सभा सम्बन्धि सूचना

यस वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) को मिति २०७५ श्रावण १७ गते बसेको कार्य समितिको बैठकको निर्णय अनुसार यस संस्थाको २७ औं वार्षिक साधारण सभा तल उल्लेखित मिति, स्थान र समयमा हुने व्यहोरा सम्बन्धित सम्पूर्ण सदस्य महानुभावहरुलाई जानकारी गराउँदछौं ।

**कार्यक्रम:**
**मिति** : २०७५।०५।२३ गते शनिवार
**स्थान** : Carnival Restro and Meetings, विजुलीबजार
**समय** : विहान १० बजे

पुनश्चः सम्पूर्ण सदस्य महानुभावहरुलाई यहाँहरु कै घर ठेगानामा पत्राचार गरिएको जानकारी गराउँदै कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भईदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

ENPHO
Creating Eco Societies

सदस्य सचिव
अञ्जली मानन्धर शेर्पा



त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय
शंकरदेव क्याम्पस

## पूर्व विद्यार्थीहरूका लागि सूचना

नेपालमा वाणिज्य/व्यवस्थापन शिक्षाको विकास तथा प्रवर्द्धनमा शंकर देव क्याम्पसको अग्रणी भूमिका रहेको तथ्य सर्वविदितै छ । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको एक अग्रणी क्याम्पसको रुपमा रहेको यस शंकर देव क्याम्पसमा **B.B.S., M.B.S., B.B.A., B.I.M., B.B.M.** तथा **M.B.M** जस्ता शैक्षिक कार्यक्रमहरु संचालन भएको व्यहोरा अवगत नै छ । वार्षिक ८००० (आठ हजार) को हाराहारीमा भर्ना भई अध्ययनरत रहेका र यस क्याम्पसबाट उत्पादित जनशक्ति पूर्व मेचीदेखि पश्चिम महाकाली र विदेशमा समेत रहेर देश विकासको निम्ति विभिन्न क्षेत्र तथा तहमा काम गरिसकेका र गरिरहेका छन् । यस क्याम्पसमा अध्ययन पूरा गरी राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा रहेका सम्पूर्ण इच्छुक पूर्व विद्यार्थीहरुलाई सहभागी गराई व्यवस्थापन शिक्षाको उन्नयनका लागि शंकर देव क्याम्पस पूर्व विद्यार्थी समाज (Almuni) गठन गर्ने उद्देश्य रहेकोले निम्न मिति, समय र स्थानमा भेलाको आयोजना गरिएको सहर्ष जानाकारी गराउँदै यसै सूचनालाई आधार मानी यहाँहरुको गरिमामय उपस्थितिको लागि अनुरोध गर्दछु ।

**मिति:** २०७५ असोज २० गते, शनिबार
**समय:** बिहान ठीक ८:०० बजे
**स्थान:** शंकर देव क्याम्पस, पुतलीसडक । - **क्याम्पस प्रमुख**



## Invitation for Sealed Bids

Sanima Bank Limited invites sealed bids from the interested licensed Network Service Providers and Internet Service Providers having five years' experience for installation, implementation and support of Intranet/Internet services at braches/counters/ATM sites and VLAN based connectivity with third party service providers having service coverage at different geo locations of the nation and serving continuously at least in Three Class 'A' banks.

The bid documents with specifications and details can be obtained during office hours till August 30, 2018 except public holidays upon payment of NPR 1,000/- non-refundable. Each bidder should submit a bid bond with validity of 90 days/cash deposit/DD/good for payment cheque equivalent to 5% of total bid amount.

The supplier should submit a copy of valid registration of VAT/PAN as applicable, evidence of tax file or tax clearance certificate up to last fiscal year, certificate of experience, network topology, guaranteed uptime, escalation matrix and support structure.

Original signed copies of all the bid documents along with a copy of related certificates should be submitted to General Service Department, in a sealed envelope by 3:00 P.M. on August 31, 2018. The bank solely reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

SanimaBank www.sanimabank.com
P.O. Box No.: 20394, 'Alakapuri', Naxal, Kathmandu | Ph No.: +977-1-4428979
Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com



## जग्गा खरिद गर्ने सम्बन्धी सूचना

यस नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडलाई आफ्नो कार्यालय भवन बनाउनको लागि जग्गा आवश्यक भएको हुँदा जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरुले निम्न शर्तहरुको अधीनमा रहने गरी आजको मितिले ७ (सात) दिनभित्र यस बैंकको का.जि., का.म.न.पा., वडा नं. १, दरबारमार्गस्थित केन्द्रीय कार्यालयमा अवस्थित सामान्य सेवा विभागमा सिलबन्दी प्रस्तावपत्र पेश गर्नुहुन पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. जग्गा का.जि., का.म.न.पा., पुतली सडक, कमलादी, दरबारमार्ग, नागपोखरी, कमलपोखरी, लाजिम्पाट क्षेत्र अन्तर्गतको हुनुपर्नेछ ।
२. जग्गाको क्षेत्रफल कम्तीमा ५ रोपनी हुनुपर्नेछ ।
३. सिलबन्दी प्रस्तावपत्रका साथ बिक्री गरिने जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहित सम्बन्धित जग्गाधनीबाटै प्रस्तावित बिक्री मूल्य समेत स्पष्ट रुपमा खुलाई प्रस्तावपत्र पेश गर्नुपर्नेछ ।
४. बिक्री गरिने जग्गाको चालु आर्थिक बर्षसम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नुपर्नेछ ।
५. बिक्री गरिने प्रस्तावित जग्गामा जाने बाटो स्थलगत रुपमा साथै नापी नक्सामा समेत स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।
६. पेश हुन आएको प्रस्तावपत्र मध्ये बैंकलाई उपयुक्त लागेको एवम् चित्त बुझ्दो प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गा धनीलाई सम्पर्क गरिनेछ र बैंकलाई अनुपयुक्त एवम् चित्त नबुझ्ने खालको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिनेछैन ।
७. यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा यस बैंकको का.जि., का.म.न.पा., वडा नं. १, दरबारमार्गस्थित केन्द्रीय कार्यालयमा अवस्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

प्रधान कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन न.:- ४२४२५३०
४२२८२२९
एक्टेन्सन नं :- ३७१
फ्याक्स :- ४२२६३४९
४२२८९२७



RIMS-Nepal
Development through resource management

## INVITATION TO BID

Resource Identification and Management Society-Nepal (RIMS-Nepal) in Financial and Technical Support of Deutsche Welthungerhilfe e.V. (WHH) and World Food Program (WFP) is implementing its program **"Enhance resilience and improve adaptation to shocks and to the effects of climate change - EQ PRRO"** in Dhading District. Therefore, eligible bidders are invited to submit sealed bids for the items mentioned in the table below:

| S. N. | Description of Materials | Approx. Amount of Work |
|---|---|---|
| 1. | Supply of Agricultural Seeds (Rayo, Raddish, Pea, Onion, cabbage and Cauliflower) | NPR 400,000.00 |
| 2. | Supply of Hermetic Bag | NPR 640,000.00 |

**Terms & Conditions:**

- Further Specification on the above items along with the downloadable Bid form is available on our official website i.e. www.rimsnepal.org.np.
- The submission deadline is 7th September 2018 before 4:30 PM. Document received after the deadline shall not be accepted.
- RIMS-Nepal reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid without assigning any reason whatsoever.

**Resource Identification and Management Society-Nepal (RIMS-Nepal)**
**Yagyashwor Marga-13, Kalanki, Kathmandu**
**Phone No: 01-5224091, 5224094, P.O Box No: 2464 (Kathmandu)**
**Email: rims.rimsnepal@gmail.com, rims@rimsnepal.org.np**
**Web: www.rimsnepal.org.np**



World Vision

## World Vision International Nepal
Date of first publication: 24 August 2018

### Request for Expression of Interest (EOI) for Partnership

World Vision is a Christian relief, development and advocacy organisation dedicated to working with children, families and communities to overcome poverty and injustice. World Vision serves all people regardless of religion, race, ethnicity or gender. World Vision International Nepal (WVIN) has been operational in Kathmandu valley since 2001. WVIN is looking for a competent NGO partner to implement the **"Building Resilience with Children in Kathmandu's Brick Kilns"** project in Kathmandu district.

Therefore, interested NGOs registered in Kathmandu are invited to submit their Expression of Interest (EOI) in prescribed format along with required documents within **2 September 2018.** Detail information about prescribed format of EOI, template of the organizational profile and all required documents can be downloaded or requested to use below link and address.

**Link: http://bit.ly/brick_kiln**
**Email: shaurabha_subedi@wvi.org**

**Detail information can also be collected during office hours (Monday to Friday) from the following address:**

**World Vision International Nepal**
**PO Box No. 21969**
**KC Tower, Ward No. 13,**
**Kusunti, Lalitpur**
**Tel. 01 554887**

**Note** : *Telephone enquiries will not be entertained after submission of the EOI. WVIN reserves the right on its decision on acceptance or rejection of expression of interests. EOIs received after the deadline will not be accepted.*



Government of Nepal
**Ministry of Education, Science and Technology**
**Enhanced Vocational Education and Training Project- Second (EVENT-II)**
Kathmandu, Nepal

**Invitation for Expression of Interest (EoI) for Quality Improvement Grant (QIG) To CTEVT Constituent, affiliated Partnership institutes, Technical Education in Community Schools (TECS) and Private Institutes**

**Credit Number: 6142NP**
**Project ID Number: P163018**

## Expression of Interest

**First Date of Publication: 2075-05-08 (24August 2018)**

1. The Government of Nepal has received the World Bank financing support for the Enhanced Vocational Education and Training Project-Second [EVENT-II] and intends to apply part of the fund for Quality Improvement Grant (QIG) to strengthen the technical educational system in Nepal.
2. The QIG support will be provided to those institutions that improve performance on an agreed set of indicators on the basis of a formula. The project invites applications from interested CTEVT Constituent, affiliated partnership institutes, Technical Education in Community Schools (TECS) and Private Institutions providing TSLC or Diploma Program indicating their interest for receiving QIG.
3. The applying institutions must submit EoI with the required information/documents indicating that they are qualified to receive the grants.
4. The guidelines for submitting EoI and other relevant matters are included in the EoI format which is available at EVENT - II Project Secretariat Office or at the EVENT website.
5. The EoI can be submitted in a written form (hardcopy) to the address below by **2075-06-07 (September 23, 2018)** within office hours. If the last date of submission of the EoI happens to be a public holiday, the next working day will be the last date for submission.
6. Selection of institutions will be made based on the QIG Implementation Guidelines.
7. Eligibility criteria and allocated quota of technical school are available at the EVENT- II Project Secretariat, Buddhanagar, Kathmandu or at the EVENT website- www.event.gov.np.
8. EVENT-II reserves the right to shortlist or not shortlist any or all the applicant(s) without assigning any reason whatsoever. Interested applicant may obtain further information from the Project Secretariat Office from the address below:

Attn: EVENT Project-II, Buddhanagar, Kathmandu
Phone Number: 4786311, 4786411 and4786550 Email: info@event.gov.np
Website: www.event.gov.np


## छोटकरी

### एनसेलले ल्यायो 'लेट्जगो'

काठमाडौं (कास)- एनसेलले सार्वजनिक यातायातको सेवालाई सहज बनाउने एप 'लेट्जगो' ल्याएको छ । यो एपले उपत्यकाभित्र सार्वजनिक सवारी साधनमा यात्रा गर्ने व्यक्तिले अब आफ्नो रुटमा चल्ने बसको सहज रूपमा पूर्वजानकारी लिई नजिकैको बिसौनीबाट बस चढ्न सक्नेछन् ।
एनसेलले राम लक्ष्मण इनोभेसन्ससँग सहकार्य गर्दै 'लेट् जगो' ल्याएको जारी विज्ञप्तिमा उल्लेख छ । लेट्जगो शुक्रबारदेखि सञ्चालनमा आउने एनसेलको सिम प्रयोगकर्ताले उक्त एपको सेवा लिँदै बस स्टचान्डमा लामो प्रतीक्षा गर्नुपर्ने झन्झटबाट मुक्त हुने दाबी कम्पनीको छ ।

### युनाइटेड सिमेन्टको योजना




काठमाडौं (कास)- युनाइटेड सिमेन्टले हरेक १५ बोराको खरिदमा १ बोरा सिमेन्ट सित्तैमा पाउन सकिने योजना ल्याएको छ । यो योजनाले आम उपभोक्तालाई विशेष लाभ पुग्ने दाबी कम्पनीको छ । ललितपुरको लेलेस्थित आफ्नै चुनढुंगा खानी र धादिङको नौबिसेमा फचाक्ट्री रहेको युनाइटेड सिमेन्टले अत्याधुनिक रोटरी किल्न प्रविधिबाट सिमेन्ट उत्पादन गर्दै आएको जारी विज्ञप्तिमा छ ।

### सिभिलको अनलाइन फी पेमेन्ट

काठमाडौं (कास)- सिभिल बैंकले आफ्नो सबै शाखामार्फत अनलाइन फी पेमेन्ट गर्न सकिने योजना ल्याएको छ । विदेशको उच्च शिक्षा हासिल गर्न दिनुपर्ने अनिवार्य परीक्षाहरू स्याट, जिम्याटलगायतको रजिस्ट्रेसन शुल्क र नेपालमै बसी अध्ययन गर्न सकिने अन्तर्राष्ट्रिय कोर्स एसीसीएमा अनलाइन कोर्सहरूको रजिस्ट्रेसन तथा फी पनि अब विद्यार्थीहरूले सहजै रूपमा सिभिल बैंकका शाखाहरूबाट भुक्तानी गर्न सक्ने जारी विज्ञप्तिमा उल्लेख छ ।

### बिमा सम्झौता

काठमाडौं (कास)- नेपाल इन्भेस्टमेन्ट बैंक र सिटिजन लाइफ इन्स्योरेन्सबीच बैंक बिमासम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र सिटिजन इन्स्योरेन्सका सीईओ पोषकराज पौडेलले हस्ताक्षरण गरेको जारी विज्ञप्तिमा उल्लेख छ ।

### नगदरहित सेवा सम्झौता

काठमाडौं (कास)- आईएमई जनरल इन्स्योरेन्सले नगदरहित अन्तरंग सेवा स्वास्थ्य बिमा योजना ल्याएको छ । उक्त सेवालाई प्रादेशिक तहमा समेत विस्तार गर्ने उद्देश्यसहित इन्स्योरेन्स र नेसनल मेडिकल कलेज वीरगन्जबीच आपसी समझदारीपत्रमा हस्ताक्षर भएको जारी विज्ञप्तिमा छ ।

### प्रभुमा दुई युवा बैंकर थपिए

काठमाडौं (कास)- प्रभु बैंकको उच्च व्यवस्थापनमा दुईजना युवा बैंकर थपिएका छन् । बैंकको प्रमुख सञ्चालन अधिकृत (सीओओ) मा दिनेश थकाली र चिफ क्रेडिट अफिसर (सीसीओ) मा निरज लम्साल नियुक्त भएको जारी विज्ञप्तिमा उल्लेख छ । थकालीले भदौ १ र लम्सालले भदौ ४ बाट कार्यभार सम्हालेको प्रभु बैंकले जनाएको छ ।

## नेपाल स्टक एक्सचेन्ज

७ भदौ २०७५ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ३४४ | ३३५ | ७५०४ | -९ |
| अपी पावर लि | २६५ | २६० | १७०९ | -५ |
| आरम्भ माइक्रोफाइनान्स | ८३९ | ८३६ | ४०० | -३ |
| अरूणभ्याली हाइड्रोपावर | १३३ | १३१ | ५२४२ | -२ |
| एसियन लाइफ इन्स्योरेन्स | ६०२ | ५९४ | १०३५० | -८ |
| बैंक अफ काठमाडौं लि. | २७५ | २७९ | १४१६८ | ४ |
| बरूण हाइड्रोपावर | १३१ | १३१ | ७३० | ० |
| बुटवल पावर क. लि. | ४३४ | ४३४ | १४६४ | ० |
| सेन्चुरी कमर्सियल बैंक | १६७ | १६७ | ७२६० | ० |
| छिमेक लघुवित्त विकास बैंक | ९०० | ९०० | १४७० | ० |
| चिलिमे हाइड्रोपावर | ७२८ | ७१५ | ५०२१ | -१३ |
| सिटिजन बैंक इन्टरनेशनल | २३३ | २३५ | ८८७४ | २ |
| सिभिल बैंक | १४७ | १४८ | ११४७३ | १ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ६५० | ६४८ | ३५९६ | -२ |
| देव विकास बैंक | १२७ | १२९ | ३१६४८ | २ |
| एभरेष्ट बैंक लि. | ६५८ | ६५८ | ५९२७ | ० |
| एभरेष्ट इन्स्योरेन्स | १२१२ | १२२९ | ३९१ | १७ |
| एक्सेल डेभलपमेन्ट बैंक | ३१२ | ३१२ | ५०२ | ० |
| फस्ट माइक्रोफाइनान्स डेभ. बैंक लि | ४०३ | ४०८ | ३४७५ | ५ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | २०६१ | २०६० | ७४७ | -१ |
| गण्डकी विकास बैंक | १९१ | १९२ | २२२८ | १ |
| गरिमा विकास बैंक | १८७ | १८६ | ३६५२ | -१ |
| ग्लोबल आईएमई बैंक लि. | २९४ | २९४ | १८८०२ | ० |
| गुडविल फाइनान्स | १२३ | १२२ | १०९२ | -१ |
| ग्रामीण विकास लघुवित्त | ५६४ | ५५० | ८१६३ | -१४ |
| गोर्खा फाइनान्स | १०९ | ११० | ५६२ | १ |
| हिमालयन बैंक | ५४० | ५३२ | ३२५९ | -८ |
| हिमालयन जनरल इन्स्योरेन्स | ४२२ | ४१९ | ८७७ | -३ |
| हिमालय पावर पार्टनर | २५० | २५५ | ३८० | ५ |
| आईसीएफसी फाइनान्स | १५८ | १५७ | १७१२ | -१ |
| जलविद्युत लगानी तथा विकास क. | १६१ | १६० | २८०४ | -१ |
| जानकी फाइनान्स | १९१ | १९० | ९१० | -१ |
| जनता बैंक नेपाल लि. | १५३ | १५२ | ६९७२७ | -१ |
| ज्योती विकास बैंक | १४४ | १४४ | ३२२५ | ० |
| कैलाश विकास बैंक | २२९ | २३० | ३६४० | १ |
| कालिका माइक्रोक्रेडिट | १२४५ | १२४० | ६१० | -५ |
| कामना सेवा विकास बैंक | १४१ | १४२ | २११४ | १ |
| कन्काई विकास बैंक | १२३ | ११९ | ९२० | -४ |
| कुमारी बैंक लि. | २०३ | २०५ | ७४१० | २ |
| लक्ष्मी बैंक | २३१ | २२८ | ४४९६ | -३ |
| लक्ष्मी लघुवित्त | ९५५ | ९३७ | ६७० | -१८ |
| लाइफ इन्स्योरेन्स | १५७९ | १५६१ | ५१४ | -१८ |
| लुम्बिनी विकास बैंक | १४९ | १५० | ७०४६ | १ |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ५०५ | ५१० | २७३२ | ५ |
| माछापुच्छ्रे बैंक लि. | २०३ | २०१ | १०८४० | -२ |
| महालक्ष्मी विकास बैंक | १८९ | १८७ | ५८३९ | -२ |
| मञ्जुश्री फाइनान्स | १२० | १२० | २०२१ | ० |
| मेघा बैंक | १६३ | १६४ | ४६११० | १ |
| मेरो माइक्रोफाइनान्स | ९८१ | १०१० | ५५६ | २९ |
| मितेरी डेभलपमेन्ट बैंक | २७० | २७० | १४५० | ० |
| मुक्तिनाथ विकास बैंक | ३७८ | ३७७ | ४५२६ | -१ |
| नबिल बैंक | ९४५ | ९४५ | ४७४९ | ० |
| नेशनल हाइड्रोपावर | ७८ | ७७ | १५६८० | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | ७१० | ७०४ | १२४९ | -६ |
| नेको इन्स्योरेन्स | ५०६ | ५०८ | २२३१ | २ |
| नेपाल बंगलादेश बैंक लि. | २०१ | १९९ | १५००९ | -२ |
| नेपाल बैंक लि. | २८५ | २८५ | १८०५० | ० |
| नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक | १२६ | १२५ | २८३ | -१ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | १७८ | १७८ | ६८०९ | ० |
| नेपाल दुरसंचार कम्पनी | ७३० | ७३२ | ५४३० | २ |
| नेपाल इन्स्योरेन्स | ५१३ | ५१५ | ९४२ | २ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ६२७ | ६२६ | ७९७० | -१ |
| नेपाल इन्भेष्टमेन्ट बैंक संस्थापक | ५६५ | ५६२ | १२५५५ | -३ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ९२० | ९१५ | ९४५६ | -५ |
| नेपाल एसबीआई बैंक | ४९५ | ४९५ | ६६४५ | ० |
| नेरूडे लघुवित्त | ५४५ | ५३६ | २१४३ | -९ |
| न्याग्दी ग्रुप | १६७ | १६७ | २५३ | ० |
| एनआईसी एसिया बैंक | ३१४ | ३१३ | २४७२२ | -१ |
| निर्धन उत्थान बैंक | ९४० | ९२७ | २६३ | -१३ |
| एनएलजी इन्स्योरेन्स | ८२८ | ८२८ | ३८८३७ | ० |
| एनएमबी माइक्रोफाइनान्स | १४८४ | १४९० | ४३० | ६ |
| एनएमबी बैंक | ३१८ | ३१० | १६१४१३ | -८ |
| ओरियन्टेल होटल | ४९७ | ५०० | ३८० | ३ |
| प्रभु बैंक | १८३ | १८१ | १४६७९ | -२ |
| प्रभु इन्स्योरेन्स | ४७५ | ४७८ | ५४९६ | ३ |
| प्रिमियर इन्स्योरेन्स | १०४९ | १०४२ | १२१८ | -७ |
| प्राइम कमर्सियल बैंक | २८९ | २८९ | १२२९१ | ० |
| प्राइम लाइफ इन्स्योरेन्स | ५०० | ५०१ | ६८१६ | १ |
| पूर्णिमा विकास बैंक | १५२ | १५० | १२३१ | -२ |
| राधि विद्युत | २२० | २२४ | ३५० | ४ |
| राइराङ हाइड्रोपावर | १४८ | १४८ | २२४० | ० |
| राष्ट्रिय बिमा कम्पनी | १०५९० | १०४०० | २५३ | -१९० |
| रिलायन्स फाइनान्स | ११८ | ११८ | ३९९ | ० |
| रिडी हाइड्रोपावर | ११५ | ११४ | १०१० | -१ |
| आरएमडीसी लघुवित्त | ६५० | ६३६ | ३९१ | -१४ |
| आरएसडीसी लघुवित्त | ४९८ | ५०० | ११६६ | २ |
| सगरमाथा इन्स्योरेन्स | १३२० | १३१५ | ७८५ | -५ |
| सहयोगी विकास बैंक | १९८ | १९८ | २०६ | ० |
| साना किसान विकास बैंक | ११०१ | १०९५ | ६७० | -६ |
| सानिमा बैंक | ३१४ | ३१४ | ७२५८ | ० |
| सानिमा माइ हाइड्रो | ३०० | २९४ | १०९९४ | -६ |
| सांग्रीला डेभलपमेन्ट बैंक | १४४ | १४५ | २०९६ | १ |
| शिखर इन्स्योरेन्स | ९०८ | ९०१ | १५७० | -७ |
| श्रीइन्भेष्टमेन्ट फाइनान्स | १४७ | १४५ | ५०० | -२ |
| सिद्धार्थ बैंक | ३१० | ३११ | ९६५५ | १ |
| सिद्धार्थ इन्स्योरेन्स | ६६४ | ६६५ | ३०४३ | १ |
| सिन्धु विकास बैंक | १२३ | १२५ | १६० | २ |
| सोल्टी होटल | २४१ | २४० | ५३०० | -१ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | ७२८ | ७२५ | ३०५८ | -३ |
| समिट माइक्रो फाइनान्स | ९०० | ८८८ | १२० | -१२ |
| सनराईज बैंक | २१७ | २१६ | ९००६ | -१ |
| सर्पोट माइक्रोफाइनान्स | ८०४ | ७९२ | २४० | -१२ |
| सूर्य लाइफ इन्स्योरेन्स | ५३५ | ५३३ | १३७६ | -२ |
| सूर्योदय लघुवित्त | १४६१ | १४८९ | ७१४ | २८ |
| स्वावलम्बन विकास बैंक | १२१९ | १२२५ | २४९ | ६ |
| स्वदेशी लघुवित्त | १४५५ | १४६० | ११७ | ५ |
| स्वरोजगार लघुवित्त | ७९० | ८०० | १३०० | १० |
| तारागाउँ रिजेन्सी | २६० | २६१ | १०७० | १ |
| युनाइटेड इन्स्योरेन्स | ८६५ | ८५९ | १०० | -६ |
| युनाइटेड मोदी हाइड्रोपावर | १६७ | १६५ | १०७ | -२ |
| उन्नति माइक्रोफाइनान्स | १७२८ | १६९५ | ९० | -३३ |
| विजय लघुवित्त | ६८० | ६७३ | १५५ | -७ |
| वमी माइक्रोफाइनान्स | १०७५ | १०६५ | ११५३ | -१० |

कुल कारोबार मूल्य : २७७,३०८,२६६ कारोबार संख्या : ३,५०२
सेयर संख्या : १,०२०,५९५ नेप्से : १,१७८.५० (३.९२)

# प्रोबायोटिकका उत्पादन 'अयोग्य'

काठमाडौं (कास)- प्रोबायोटिक इन्डस्ट्रिज प्रालिबाट उत्पादित खाने तेल 'खान अयोग्य' भएको फेला परेको छ। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले आकस्मिक निरीक्षण गर्दा उक्त उद्योगको तेल गुणस्तरहीन फेला परेको हो।

'निरीक्षणका क्रममा उद्योगबाट उत्पादित तोरी, भटमास र सूर्यमुखीको प्रशोधित तेलको नमुना र उत्पादनका निमित्त आवश्यक पर्ने अप्रशोधित तेलको नमुना संकलन गरेका थियौं,' बिहीबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सहसचिव एवं प्रवक्ता नवराज ढकालले भने, 'संकलित नमुना गुणस्तर तथा नापतौल विभागको प्रयोगशालामा परीक्षण गर्दा खान अयोग्य भेटियो।'

सनफ्लावर, भटमास र तोरीको तेल अयोग्य भएकाले थप कारबाही घि बढाएको मन्त्रालयले जनाएको छ। 'उद्योग हेर्दा साह्रै सफा थियो। कैफियत छ जस्तो लागेको थिएन,' पत्रकार सम्मेलनमा मन्त्री यादवले भने, 'तर, परीक्षणका क्रममा कैफियत फेला पर्‍यो। उद्योगलाई उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार कारबाहीका लागि अघि बढाएका छौं।'

विभागका महानिर्देशक विश्वबाबु पुडासैनीका अनुसार सनफ्लावर तेलमा एसिड भ्यालु अधिकतम ० दशमलव ४ प्रतिशत हुनुपर्नेमा ० दशमलव ६ प्रतिशत भेटिएको थियो। भटमासको तेलमा प्रिफचाक्ट्रिज एसिड ० दशमलव २५ हुनुपर्नेमा ० दशमलव २ मात्रै थियो। तोरीको तेलमा सपलिकेसन भ्यालु १६८ देखि १७६ हुनुपर्नेमा १९३ पाइएको थियो। चाडबाड नजिकिएकाले अनुगमन थप प्रभावकारी बनाइने बताए। 'चाडबाड आएको छ। गृह, कृषि, आपूर्ति मन्त्रालयको एकबद्धता छ।

# पोल्ट्री सम्मेलन हुँदै

काठमाडौं (कास)- कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कुखुरापालन सम्बद्ध वैज्ञानिकको अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ। कात्तिक ११ देखि १३ गतेसम्म चल्ने 'अन्तर्राष्ट्रिय पोल्ट्री सिम्पोजियम २०१८' मा १० देशका ५० भन्दा बढी वैज्ञानिकले भाग लिनेछन्।

# ६ वर्ष बित्यो पुल बनेन

■ भीमबहादुर सिंह

जाजरकोट- खलंगामा यातायात सञ्चालन भएको दशक बित्यो तर छिन्चु-जाजरकोट सडकको खलंगाबजार जोड्ने पासागाड खोलामा पुल निर्माण हुन सकेको छैन। सडक विभागको चरम लापरबाहीले खलंगाको पासागाड पुल निर्माण ६ वर्षदेखि अलपत्र परेको हो।

परामर्शदाताले हचुवामा गरेको डिजाइनका कारण पुल निर्माण कार्य अघि बढ्न नसकेको सडक डिभिजन कार्यालय चौरजहारीका इन्जिनियर सुशील पौडेलले बताए। पुल निर्माणका लागि ३ करोड लागतमा लुम्बिनी-आशिष जेभी निर्माण सेवा काठमाडौंले ठेक्का लिएको थियो। निर्माणस्थल र डिजाइनको तालमेल नमिल्दा पुल निर्माण अवरुद्ध भएको पौडेलले जनाए। रिडिजाइन नगरी पुल निर्माण गर्न असम्भव भएपछि ढिलाइ भएको उनले बताए। 'पुल निर्माणस्थलको भौगोलिक अवस्था र डिजाइनले मेल नखाँदा निर्माण कम्पनीले निर्माण कार्य सुरु गर्न नसकेको हो,' पौडेलले भने, 'लागत र निर्माण कार्यको तालमेल नमिल्दा पुल निर्माण अघि बढ्न नसकेको हो।'

परामर्शदाता कम्पनीले सात लाखको लागतमा पुलको डिजाइन कार्य गरेको इन्जिनियर पौडेलको भनाइ छ। 'पुलको डिजाइन एक छ, निर्माण स्थलको लोकेसन अर्को छ,' उनले भने, 'कसरी निर्माण सुरु गर्ने ?' परामर्शदाताले ४६ मिटर लम्बाइको पुल डिजाइन गरेको छ।

**२५ मिटर चौडाइ भएको खोलामा ४६ मिटरको डिजाइन**

तर, पासागाड खोलामा सर्भे गर्दा निर्माण स्थलको २५ मिटरभन्दा लम्बाई बढ्दैन। कम लागतमा निर्माण हुने पुलका लागि बढी बजेट खेर फाल्न नहुने स्थानीयको भनाइ छ।

पाँच वर्षअघि निर्माण कम्पनीलाई साइट देखाउने क्रममा गलत डिजाइनको खुलासा भएको थियो। सडक डिभिजनले पुल निर्माणका लागि ३ करोड भुक्तानी नगर्ने भएपछि निर्माण कम्पनीले अझै काम सुरु गरेको छैन। सडक विभागले ठेक्का सम्झौताअनुरूप भुक्तानी दिने भए तत्काल कार्य सुरु गर्ने निर्माण कम्पनीले जनाएको छ। परामर्शदाताले पुलको सर्भे स्थलगत नगरेरै काल्पनिक डिजाइन बनाएको देखिन्छ। पुलको रिडिजाइन भएर लागत यकिन नभएसम्म निर्माण कार्य अघि नबढ्ने प्राविधिकले जनाएका छन्। सडक विभागले चालु आर्थिक वर्षमा पुलको रिडिजाइन गरेर निर्माण अघि बढाउने जनाएको छ।

पुल नबन्दा वर्षातमा यातायात अवरुद्ध हुने गरेको छ। जाजरकोट, डोल्पा र जुम्लाका यात्रुले सास्ती पाएका छन्। पासागाड खोला खलंगा बजारदेखि चार किलोमिटर दूरीमा छ। सडक विभागको लापरबाहीले ६ वर्षअघि टेन्डर भएको उक्त पुलको निर्माण सुरसारसमेत भएको छैन।

विभागको गलत डिजाइनका कारण पासागाड खोलामा पुल निर्माण ढिलाइ भएको हो। सडक विभाग र आईएमईआरसी कन्सल्टेन्सी ललितपुरको चरम लापरबाहीको कारण पुल निर्माण अलपत्र परेको हो। टेन्डर भएको २ वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने पुलको शिल्यान्याससमेत नभएको स्थानीय कृष्ण मल्लले बताए। 'सडक कालोपत्रे भएकै ६ वर्ष बित्यो,' उनले भने, 'तर, पासागाडमा पुल निर्माण सुरु भएन।'

पुल नबन्दा बाढी आएको बखत रातभर सवारी साधन खोला किनारमा राखेर बस्नुपर्ने बाध्यता भएको चालक प्रकाश खत्रीले बताए। डोजरको सहायताबिना यातायातका साधन खोलाबाट निस्कन नसक्ने भएको खत्रीको भनाइ छ।

Unilever
युनिलिभर नेपाल लिमिटेड
हेरिटेज प्लाजा, काठमाण्डौं।
फोन नं. ९७७-१-४१६९१५१ फ्याक्स नं. ९७७-१-४१६९१५२ पो.ब.नं. ७७६५
को
शेयर अभौतिकीकरण तथा बैंक खाता अध्यावधिक गर्ने सम्बन्धी सूचना

यस कम्पनीले आउँदो आर्थिक वर्ष देखि नगद लाभाँश हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरिसकेका शेयरधनी महानुभावहरुले हितग्राही खातामा उल्लेख भएको बैंक खातामा इन्टर बैंक पेमेन्ट सिस्टम (IPS) मार्फत रकम भुक्तानी गरिने हुँदा हितग्राही खाता खोलीसकेका शेयरधनीहरुले आफ्ना हितग्राही खातामा बैंक खाता उल्लेख गरी अध्यावधिक गर्नहुन अनुरोध गरिन्छ।

साथै हाल सम्म आफ्नो नाममा भौतिक (Physical) रुपमा शेयर धारण गर्नु भएका शेयर धनीहरुले हितग्राही खाता खोली आफ्नो शेयर अभौतिकीकरण गराए पश्चात मात्र लाभाँश रकम प्राप्त हुने हुँदा हितग्राही खाता नभएका शेयरधनीहरुले शेयर रजिष्ट्रार सन्‌राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ वा अन्य कुनै पनि निक्षेप सदस्यमा हितग्राही खाता खोल्न हुन सूचित गरिन्छ।

शेयर रजिष्ट्रार
सन्‌राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ४४२८५५०, फ्याक्स नं. ४४२८६८८
वेभसाइटः www.sunrisecapital.com.np
इमेलः info@sunrisecapital.com.np

आवश्यकता JOB VACANCY
A well established Company is seeking for highly motivated, efficient, energetic and competent candidates having 3-4 years of experience in its related field for following posts meeting below required criteria.

Accountant
- Graduate/ Post Graduate in Finance/ Accounting.
- Sound knowledge of Swastik software, Taxation, Company Act & Stock Market.


Business Development Officer
- Graduate or Post Graduate in Marketing.
- Build relationship for Business Development in the field of Infrastructure Development, Construction & Equipment.
- Keep contact with Government Sector, International Agencies, Corporate Clients.
- Liaison with various International Manufacturers, Construction Companies and Equipment Suppliers.

Secretary
- Graduate.
- Secretarial training will be an added value.
- Must have good knowledge of Computer.
- Fluent in both English and Nepali language.

Assistant Officer
- BBA/ MBA (preferably with HR).
- Correspond with National and International Companies.
- Having a good command in English writing and speaking.
- Maintain Database & Documentation.
- Assist the Business Development Team.
- Preferably with 1-2 years of experience.
- Females are highly encouraged to apply for this post.

Please email or post your resume within 7 days to:
E-mail: info@tradelinknp.com Post Box No. 5771, Kathmandu, Nepal

डिलरहरूको आवश्यकता



3 Wheeler को जन्मदाता इटालियन कम्पनी Piaggio (पियाजियो) द्वारा उत्पादित नयाँ Apé City को नेपालका लागि आधिकारिक बिक्रेता एम. भि. दुगड अन्तर्गत विवेक अटोमोबाइल्स् प्रा. लि. ले आफ्नो बिक्री वितरण, कुशल बजार व्यवस्थापन र बिक्री पछि को सरल एवं सहज सेवा विस्तार गर्नका लागि नेपालका तल उल्लेखित विभिन्न सहर/ स्थानहरुमा राम्रो नेटवर्क स्थापना गर्नुभएका एवं बजार विस्तार गर्न इच्छुक कम्पनी/ डिलर/ फर्म/ संस्था तथा व्यक्तिहरुले आफ्नो व्यवसायिक अनुभव, विस्तृत व्यापार योजना र वित्तीय विवरण सहित निम्न ठेगानामा व्यवसायिक साझेदारीका लागि सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

डिलरको लागी आवश्यक स्थानहरु :
सुखड (कैलाली) बाँसगढी (बर्दिया) कोहलपुर (बाँके) जीतपुर (कपिलवस्तु) तुल्सीपुर(दाङ्ग) भैरहवा दमौली(तनहुँ) जलेश्वर इनरवा ईटहरी दमक पर्सा बीरेन्द्रबजार (धनुषा) ओखलढुंङ्गा चौतारा(सिन्धुपालचोक)

विवेक अटोमोबाइल्स् प्रा.लि.
बालाजु औधोगिक क्षेत्र, काठमाण्डौ, मो.: ९८०१३४९१७९, ९८०१५००९३०, ९८०२५४२२५७
ई-मेलः dugarpiaggio@gmail.com

DIPLOMA IN CIVIL ENGINEERING
विषयमा भर्ना सम्बन्धी सूचना
प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरबाट शैक्षिक सत्र २०७५/०७६ का लागि मिति २०७५।०४।१९ गते भएको पूर्णशुल्क तथा मिति २०७५।०४।१२ गते वर्गीकृत छात्रवृतिको लागि भएको प्रवेश परीक्षामा समेत सामेल भई पास लिस्टमा परेका छात्रछात्राहरुले रिक्त कोटामा भर्ना हुनको लागि निवेदन दिनुहुन सुचित गरिन्छ। साथै यो निवेदन CTEVT को नियमानुसार हुने व्यहोरा समेत जानकारी गराईन्छ।
KANTIPUR COLLEGE OF TECHNICAL SCIENCE
Tokha Road, Gongabu, Kathmandu, Nepal
Phone: 01-4361809, 9848250090

के तपाई दक्ष WELDER बन्न चाहनु हुन्छ ?



हामीलाई सम्झनुहोस्



☞ अत्याधुनिक औजारहरु र दक्ष तथा अनुभवी प्रशिक्षक।
☞ तालिम पश्चात स्वदेश तथा विदेशमा अधिकतम तलबमा रोजगारीको लागि पहल गरिने। न्यूनतम शुल्कमा तालिम
नेपाल भ्याली इन्जिनियरिङ्ग एण्ड अटो वर्क प्रा. लि.
(Nepal Valley Engineering & Auto Works Pvt. Ltd.)
बालाजु औद्योगिक क्षेत्र, फोन नं.: ४३६२१०८, ९८१३५९६७७४

VACANCY ANNOUNCEMENT
Aryan College urgently requires qualified and exprienced candidates for the following posts :
1. Adminstrative Staff - Few : BBA or BBS or BA
2. Counceller - Few : BIT/BCA/BBA or equivalent
3. Front Desk Officer - Few : +2 or equivalent
4. Office Boy - Few : Bike licenses holder
(Competent applicants should apply within 7 days)
Aryan School of Engineering & Management
(BE Civil, BIT, BCA & BBA)
Mid-Baneshwor, Kathmandu, Nepal
Phone : 01-4485146, 4482217
Email : info@thearyanschool.edu.np
Web : www.thearyanschool.edu.np

ADMISSION OPEN
World Class Infrastructure
BHM BBA
BACHELOR OF HOTEL MANAGEMENT BACHELOR OF BUSINESS ADMINISTRATION
Aayaam INTERNATIONAL COLLEGE
(A Business School with new Dimension)
Affiliated To Purbanchal University
SCHOLARSHIP Available For Deserving Students
Kumaripati, Lalitpur, Nepal
Ph : 977-1- 5550778, 5537674
E : aayaamcollege@gmail.com
W : www.aayaamcollege.edu.np

Affiliated to Purbanchal University
ADMISSION OPEN
BE Civil - 4 Years
BBA - 4 Years
MBA - 2 Years
Forms Date Submission:
Normal Rate Till: 2075/05/13
Double Rate: 2075/05/20
Note: Last date of form submission for BBA & MBA is till 2075-05-22
Central Engineering College
Head Office: BIJAY BHAWAN, Ramananda Chowk-8, Janakpur, Dhanusha
Tel: 041-527336, Mob. 9854029897, 9801124336
Email: centralegg@gmail.com, www.cecnti.com

Affiliated to Purbanchal University
Admission Open
B. Sc. Nursing 4 Years
PBBN 3 Years
B. Pharmacy 4 Years (8 Semester)
BPH 4 Years (8 Semester)
फारम भर्ने मितिः
२०७५ साउन १८ गते देखि भाद्र १३ गते सम्म
दोब्बर दस्तुरमा भाद्र २० गते सम्म
प्रवेश परीक्षा मितिः पूर्वाञ्चल विश्वविद्यालयको सूचना अनुसार पछि प्रकाशित हुनेछ।
नोटः बिदाको दिन पनि कलेज खुल्ला रहनेछ।
Kantipur Academy of Health Science
[Kantipur Hospital Pvt. Ltd.]
Tinkune, Kathmandu, Ph: 01-4117920, 4112146, Mob. 9810198172
www.kantipuracademy.com.np
info@kantipuracademy.com.np, frontdeskkantipur@gmail.com

सूचना ! सूचना !! सूचना !!!
दरबारमार्ग विकास बोर्डको अनाधिकृत रुपमा दरबारमार्ग क्षेत्रमा भएका तारहरु हटाउने सूचना
काठमाडौंको प्रतिष्ठित क्षेत्र दरबारमार्गमा अनाधिकृत रुपमा राखिएको तारहरु हटाउन बारम्बार गरिएको आग्रहलाई बेवास्ता गरिएकोले यो समस्या निराकरणका लागि बसेको बैठकले आगामी १ हप्ताभित्र सरोकारवाला संघ संस्था वा व्यक्तिहरुले आ-आफ्नो तारहरुको उचित व्यवस्थापन नगरे यस संस्था आफै उक्त अनाधिकृत रुपमा राखिएका तारहरु हटाउन बाध्य हुनेछौं।
सम्पर्कः
दरबारमार्ग विकास बोर्ड
श्री गुरुङ योजना प्रमुख, मो.: ९८५१०६८२६२
श्री यज्ञ राज पाण्डे का. सचिव, मो.: ९८५१०२३०७७

CAREER OPPORTUNITY
For a Reputed 10 + 2
- Girls Hostel Warden (Female-Residential) (Qualification: Bachelors) Age: Priority for 30+
- Academic Counselor (Female) (Graduate in management faculty)
- Staff Nurse (Residential) (Qualification: B. SC. Nursing/ANM/CMA)
Experience : Min. 2 yrs. for all above posts.
Salary : Negotiable for deserving candidates.
Send your application with expected salary at:
evisionus53@gmail.com

PREMIER INTERNATIONAL SCHOOL
NEPAL'S FIRST ib Primary Years Programme, ib Middle Years Programme
VACANCY ANNOUNCEMENT
PREMIER REQUIRES ADDITIONAL STAFF IN THE FOLLOWING POSITIONS

| Subject | Required No. | Level | Qualfication |
|---|---|---|---|
| Librarian / Language Support Teacher | 1 | — | Bachelor |
| IT Assistant | 1 | — | Bachelor |
| IT Assistant (Graphics Designer) | 1 | — | Bachelor |
| HPE Support Teacher | 1 | Secondary | Bachelor |
| English Support Teacher | 1 | Secondary | Bachelor |
| Math Support Teacher | 1 | Secondary | Bachelor |
| Grade Teacher | 1 | Primary | Bachelor |

Premier International School
Khumaltar Height, Satdobato, 5528032, 5549849, 5549773
Note:You can either drop your CV at school reception or send an email at info@premier.edu.np, md.pa@premier.edu.np by 30th August, 2018


भर्ना खुल्यो ! भर्ना खुल्यो !!
स्नातक तहका कार्यक्रमहरूमा:
❖ BSc. Nsg.– ४ वर्षे ❖ PBBN – ३ वर्षे
❖ BPH – ४ वर्षे (८ सेमेस्टर)
फाराम बुझाउने अन्तिम मितिः २०७५ भाद्र १३ गते बुधबार दिउँसो १ बजेसम्म
Yeti Health Science Academy
(Affiliated to Purbanchal University & CTEVT)
कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं (टिचिङ्ग तथा कान्ति वाल हस्पिटलको ठीक पछाडि)
फोनः ४४२८३४९, ४४१८१३४, ४४३९५१२, ४४२०१०२ www.yhsa.edu.np

भर्ना खुल्यो !
पूर्वाञ्चल विश्वविद्यालय बाट सम्बन्धन प्राप्त यस होप इन्टरनेशनल कलेजमा शैक्षिक सत्र २०७५/७६को लागी निम्न कार्यक्रममा भर्ना खुल्यो।
B.Sc Nursing
BPH
PBBN
B Pharmacy
फारम भर्ने अन्तीम मिति : २०७५ भाद्र १३ गते
AN ISO 9001:2015 Certified College
होप इन्टरनेशनल कलेज
सातदोबाटो, ललितपुर
फोन नं. ०१-५१५१९३६, ०१-५१५१८६७
९८५१२३९५३९
www.hopecollege.edu.np | E-mail : info@hoecollege.edu.np

WE ARE HIRING
A reputed & dynamic College in Kathmandu invites application from suitable & qualified persons to fill the vacant positions:
English Faculty Member
Minimum Qualification
Master's Degree with First Division and at least 1 year's related experience
Guidance Counselor
Minimum Qualification
Bachelor's Degree in related field with at least 2 years' related experience
Note: Preference will be given to graduates from Foreign Universities with strong spoken and written English.
Admin Assistant
Minimum Qualification
At least 10+2/equivalent and 1 year's related experience
Mail with CV: vacancy.college@gmail.com

## बर्खामा ग्राभेल

रामेछाप (कास)- बर्खामा सडक ग्राभेल गर्दा लिखु तामाकोसी गाउँपालिकाको धोवीदेखि सिरिसे हुँदै ढाँडे र ओखलढुंगातर्फको यातायात ठप्प भएको छ। हिलाम्मे सडकले नाघीभन्दा तल सवारीसाधन नचल्दा सर्वसाधारण पैदल हिँडन बाध्य छन। जिल्ला आयोजना कार्यान्वयन इकाई अन्तर्गतको ईएपी कार्यक्रमबाट ग्राभेल हुन थालेको हो। सयममै सक्नुपर्ने भएकाले बर्खामा पनि काम गर्नुपरेको आयोजनाले जनाएको छ।



# छोरी जन्मिए बैंक खाता

■ कृष्णप्रसाद गौतम




सुर्खेत- वीरेन्द्रनगर-६, बुद्धपथकी सुशीला थापाले असोज पहिलो साता छोरी प्रतिज्ञालाई जन्म दिइन्। परिवारले जन्म दर्ता गरिदिएको सातामै नगरपालिकाले प्रतिज्ञाको नाममा बैंक खाता खोलिदियो। परिवारले अन्नप्राशनमा जम्मा भएको ७ हजार रुपैयाँ पनि खातामै जम्मा गरिदिए। 'नगरपालिकाले खाता खोलिदिएपछि छोरीका लागि बचत गर्ने प्रेरणा मिल्यो,' आमा सुशीलाले भनिन्, 'छोरी विद्यालय जाँदासम्म ५० हजार रकम जम्मा गरिदिने लक्ष्य छ।'

प्रतिज्ञाको मात्र होइन, वीरेन्द्रनगरभित्र जन्मिएका एक सय ५६ बालिकाको नाममा गत आर्थिक वर्षमा खाता खोलिएको नगरपालिकाले जनाएको छ। जनप्रतिनिधि निर्वाचित भएपछि एक सय दिनको प्राथमिकताभित्र 'छोरी जन्म बचत खाता' कार्यक्रम समावेश गरी निरन्तरता दिएका छन्।

कार्यक्रमले किशोरीमैत्री नगर निर्माण योजनालाई सघाउ पुऱ्याएको नगरप्रमुख देवकुमार सुवेदीले बताए। लैंगिक विभेद घटाउन बचत खाता सञ्चालन गरिएको उनको भनाइ छ। 'नीति तथा कार्यक्रममै समावेश गरेर कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ, यसले राज्यले छोरीलाई सम्झिएको सन्देश दिएको छ,' उनले भने, 'कार्यक्रमले छोरीलाई सम्मान र माया गर्न पनि प्रेरणा दिन्छ।'

भ्रूण हत्या र लैंगिक विभेद न्यूनीकरणका लागि बैंक खाता कार्यक्रम सुरु गरिएको नगरपालिकाले जनाएको छ। छोरी जन्माउँदा अभिभावकले गर्व गर्ने वातावरण बनाउन खोजिएको छ। 'यो अभियानले बैंकिङ पहुँच बढाउन समेत मद्दत गरेको छ,' नगरप्रमुख सुवेदीले भने, 'छोरीलाई हामीले खोलिदिएको खातामा थप रकम जम्मा गरेर अभिभावकले उनको शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकता पूरा गराउन सक्छन्।'

नगरले खातालाई आधुनिक खुत्रुकेका रूपमा विकसित गर्न खोजेको जनाएको छ। वीरेन्द्रनगरले ज्येष्ठ नागरिकको सम्मानका लागि 'बा-आमा चौतारी' कार्यक्रमलाई पनि निरन्तता दिएको छ। प्रत्येक वडामा गएर ज्येष्ठ नागरिकसँग भेटघाट र छलफल गर्दै आएको छ।

यस्तै गुर्भाकोट नगरपालिकाले पनि दुई साताभित्रै बचत खाता सञ्चालन गर्ने गरी 'बालिका जन्म प्रोत्साहन' कार्यक्रम सञ्चालन गर्न थालेको छ। गत आर्थिक वर्षमै सञ्चालन गर्न खोजिए पनि विभिन्न समस्याका कारण कार्यक्रम रोकिएको थियो। सबै वडाबाट बालिका जन्मको तथ्यांक आइसकेको गुर्भाकोटका नगरप्रमुख हस्त पुनले बताए।

'नयाँ प्रमुख प्रशासकीय अधिकृत आउनेबित्तिकै पहिलो काम बालिकाको खाता खोल्ने हुनेछ,' उनले भने, 'वडाबाट पायक पर्ने बैंक, वित्तीय संस्था र सहकारीमा एक हजार जम्मा गरेर नगरपालिकाले खाता खोलिदिनेछ।' नगरपालिकाले खोलिदिएको खातामा अभिभावकलाई थप रकम जम्मा गर्न आग्रह गर्ने प्रमुख पुनले बताए। लैंगिक विभेद हटाउन कार्यक्रमले दीर्घकालीन सन्देश दिने उनको भनाइ छ।

गुर्भाकोटमा छोराछोरी जन्मिए दुई बिरुवा रोप्नुपर्ने नियम पनि बनाइएको छ। करिब एक हजार ५ सय बिरुवा वितरण गरेको छ। 'पर्यावरणमा सहयोग पुऱ्याउन कार्यक्रम सुरु गरिएको हो,' नगरप्रमुख पुनले भने, 'अभिभावकले दुई बिरुवा लैजानुपर्ने अनिवार्य नियम बनाइएको छ, तर आवश्यक परे बढी पनि वितरण गरेका छौं।' नगरपालिकाले सञ्चालन गरेको नर्सरीबाट गतवर्ष करिब १८ हजार बिरुवा वितरण गरिएको थियो। वातावरण संरक्षणमा बालबालिकाको दायित्व बढाउन कार्यक्रम प्रभावकारी हुने उनी बताउँछन्।

दुवै नगरपालिकाले यसका लागि जन्मदर्ता हुनैपर्ने जनाएका छन्। अधिवक्ता दुर्गाप्रसाद सापकोटाले लैंगिक समानताका लागि यो कार्यक्रम प्रभावकारी हुने बताए। 'यसले पुरुषप्रधान सोचाइ निरुत्साहित गर्न सहयोग पुऱ्याएको छ,' उनले भने, 'छोरी जन्मदा अभिभावकमा उत्साह ल्याउन कार्यक्रम प्रभावकारी भएको छ।'

## गरिब परिचयपत्र फिर्ता

बागलुङ (कास)- काठेखोला-३ धम्जाकी हुमा विकले गरिब परिचयपत्र फिर्ता गरेकी छन्। भारतीय सेनाका अवकास प्राप्त श्रीमानको पेन्सनले आफूलाई खान-लाउन पुगेको भन्दै फिर्ता गरेकी हुन्।

आफूले नियमित पेन्सन पाएकाले खानै नपुग्नेलाई परिचयपत्र दिनुपर्ने भन्दै उनले फिर्ता गरेको प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर विकले बताए। घुम्तीटोलीले वितरण गरेकै स्थानमा आएर उनले परिचयपत्र फिर्ता गरेकी थिइन। काठेखोला-८ लेखानीका एक पूर्वसैनिकले पनि परिचयपत्र फिर्ता दिएका छन्। वडा-६ बिहुँका एक किसानले पनि खेती गरेर खान पुगेको भन्दै फिर्ता दिएको गाउँपालिकाले जनाएको छ। स्वस्फूर्त फिर्ता गर्नेहरूले सूचक भर्दा त्रुटि भएको बताए।

सातादेखि बागलुङका विभिन्न गाउँ तथा नगरपालिकामा गरिब परिचयपत्र वितरण भइरहेको छ। वितरणका क्रममा पेन्सन बुझ्ने र बहालवाला कर्मचारी समेत गरिबको सूचीमा परेपछि विरोध हुन थालेको छ। केहीले आफैंले थाहा नपाएको भन्दै फिर्ता गरेका छन्।

'राज्यले चाहेको बेला छानबिन गर्न सक्छ भन्ने सन्देश पाएर पनि केहीले फिर्ता गरेको पाइयो,' अधिकृत विकले भने, 'कतिपय पहिला दिएको सूचनाबाट आफैं लज्जित भएका छन्।' काठेखोलामा मात्र २ सय ५२ अति गरिब, २ सय ५२ मध्यम र २ सय २ जना सामान्य गरिब परिवारमा सूचीकृत भएका छन्।

गाउँमा ऋण दिने, व्यवसायी, शिक्षक र पेन्सन पाइरहेकाहरू समेत यस्तो सूचीमा परेकोमा स्थानीयले आश्चर्य व्यक्त गरे। 'कसरी यस्तो भयो, खोजी पनि गर्दै छौं,' ताराखोलाका नरेश केसीले भने, 'तथ्यांक संकलनकै समयमा केही गडबडी भएको हुन सक्छ।'

कतिपयले खान पुग्दैन भनेर ढाँट्ने र सही सूचना दिएर के होला भन्ने भावना राखेको पाइएको उनले बताए। यसरी फरक तथ्यांक आएपछि ताराखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा पनि विरोध भइरहेको छ। 'धेरैजसोलाई वितरण भइसकेको छ। केहीमा समस्या पनि देखियो,' ढोरपाटनका प्रमुख प्रशासकीय अधिकृत धनप्रसाद पोखरेलले भने, 'मानवीय स्वभाव र त्रुटि भएकाले सच्याएर जान सकिन्छ।' जिल्लामा ११ हजार २ सय १ परिवारको नाम गरिब घरपरिवारको सूचीमा छ। जिससले परिचयपत्र पाउनेलाई निःशुल्क स्वास्थ्य बिमा गराउने निर्णय समेत गरेको थियो।


## फिड द फ्युचर नेपाल-ज्ञानमा आधारित एकिकृत दिगो कृषि (किसान २) परियोजना
### वार्षिक कार्य योजना कार्यान्वयनको लागि आह्वान पत्र (नं.२)

ज्ञानमा आधारित एकिकृत दिगो कृषि (किसान २) परियोजनाले नेपालको सुदुर पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, पश्चिमाञ्चल र मध्यमाञ्चल (प्रदेश नं. ७, ६, ५, ३) का २५ जिल्लाहरु (अछाम, डोटी, डडेलधुरा, बैतडी, कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, दाङ्ग, सल्यान, रुकुम पुर्व, रुकुम पश्चिम, रोल्पा, प्युठान, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, मकवानुर, सिन्धुपाल्चोक, नुवाकोट, काभ्रेपलाञ्चोक) मा कृषिसँग सम्बन्धित व्यापार व्यवसाय बढाउन ईच्छुक नेपाली साना, मध्यम तथा ठुला निजी संस्था, सहकारी, र वित्तिय संस्थाहरु (बैंक, लघुवित्त संस्था, बचत तथा ऋण सहकारी संस्था) बाट वार्षिक कार्य योजना कार्यान्वयनको लागि आह्वान पत्र पेश गर्न आह्वान गरिएको छ। ईच्छुक नेपाली तथा विदेशी गैरसरकारी संघ-संस्थाले पनि आवेदन दिन सकिने प्रावधान भएता पनि व्यवसायमुखी निजी संस्थालाई विषेश प्राथमिकता दिईने छ।

किसान २ परियोजनाको मुख्य उद्देश्य नेपालमा दिर्घकालीन कृषि व्यवसायलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा सामाजिक समाबेशीकरण गरी कृषकहरुको आय-आर्जन बृद्धि गरी गरिवी न्युनिकरण गर्नु रहेको छ। यी उद्देश्य प्राप्त गर्नका लागि यस परियोजनाले गुणस्तरीय कृषि सामाग्री जस्तैः विऊ विजन, मलखाद, वित्तिय कर्जामा पहुँच पुऱ्याई, कृषि प्रसार कार्यकर्ता, सेवा प्रदायक र कृषकको क्षमता अभिबृद्धि गरी कृषकलाई आवश्यक पर्ने सेवा सरल र सुलभ तरिकाले पुऱ्याउने, उन्नत तथा दिगो कृषि उत्पादन प्रविधिको अबलम्वनमा सहजिकरण गर्नु (उत्पादन पछिका प्रविधिहरुः उन्नत बजार व्यवस्थापन, कृषि बजारमा पहुँच) रहेको छ।

यस परियोजनाले व्यवसायी र साना कृषकहरु बिच प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध बिस्तार तथा स्थापना गर्ने खालका विभिन्न क्रियाकलापहरुलाई प्राथमिकतामा राखेको छ। यस परियोजनाले कृषि उत्पादनको गुणस्तर सुधारका लागि कार्यक्रमहरु गर्दछ साथै यस परियोजनाले कृषि सामाग्रीहरुको उपलब्धतामा बृद्धि, उत्पादन वा उत्पादन उप्रान्तका प्रविधिहरु र बजार तथा कृषि सूचनाको पहुँचमा बढावा दिनेछ। यसले कृषकहरुको लघुवित्तको पहुँचमा बृद्धि गराउन पनि विभिन्न कार्यक्रमहरु गर्दछ। यस परियोजनाले धान, मकै, मसुरो, तरकारीको मुल्य श्रृंखलाको साथै बाख्राको मुल्य श्रृंखलामा पनि काम गर्दछ।

**आह्वान गरिएका संभावित क्रियाकलापहरू निम्न प्रकार रहेका छन्:**

- **कृषि सामाग्री र सेवामा पहुँच** : निजी क्षेत्रका कृषि सामाग्री वितरकहरु (जस्तैः एग्रोभेट, एजेन्ट वा वितरक), र स्थानीय सेवा प्रदायकहरुको स्थापना र/वा कृषि तालीम मार्फत कृषि सामग्री वितरण प्रणालीलाई सुदृढ गर्ने।
- **व्यवसायीकरण/नयाँ प्रविधिहरुको प्रवर्धन** : कृषि सामाग्री बिक्री वितरणमा बृद्धि तथा नयाँ प्रविधिहरुको प्रयोगबाट उचित कृषि प्रणाली, सिंचाई, मलखादको प्रयोग, कृषि यान्त्रिकीकरण, उत्पादन उप्रान्तको प्रविधि, प्रशोधन, बजार व्यवस्थापन वा तालीम योजना वा साधनहरु, प्रर्दशनी संचालन, वितरण प्रणाली) पहुँचमा सुधार गर्ने तथा सुलभ बनाउने।
- **उत्पादनको गुणस्तरमा सुधार र परिमाणमा बृद्धि** : बिक्रीका लागि कृषि उत्पादनको गुणस्तर र परिमाणमा बृद्धि गर्न कृषि सहकारी र बजारयोजना समितिलाई विभिन्न सहयोग गर्ने (जस्तै सदस्यता बृद्धि, गुणस्तरीय सामग्रीमा पहुँच, उत्पादन उप्रान्त प्रविधिहरु अपनाउने, गुणस्तर नियन्त्रण र बजार सम्बन्ध विस्तार गर्ने)।
- **सम्मिलित सेवा वितरण** : गुणस्तर र परिमाणमा बृद्धिका लागि क्रेताहरु जस्तैः प्रशोधनकर्ता (धान कुट्ने मील, दाना बनाउने मील), व्यापारीहरु, थोक बिक्रेताहरुलाई कृषकहरु र बजारसँग अग्र र पश्च (forward and backward) सम्बन्ध विस्तारमा सहयोग गर्ने।
- **वित्तीय सेवामा पहुँच** : ग्रामिण क्षेत्रमास्थित घर धुरीहरु, साना तथा मझौला उद्यमीहरु जस्तैः व्यापारी र प्रशोधनकर्ताहरुः र सहकारीहरुको वित्तिय सेवामा पहुँच तथा उपलब्धतामा बृद्धिका लागि बैंक र साना वित्तिय संस्थाहरु (लघुवित्त संस्था) वा यो क्षेत्रमा काम गरेका अन्य संस्थाहरुलाई सहयोग गर्ने। सहयोग कार्यक्रमहरु बजार अध्ययन, मोबाईल पैसा, वा डिजिटल पेमेन्ट सिस्टमः क्षमता अभिबृद्धि साथै कर्मचारी तालीम, कृषि विकासका लागि गैर वित्तिय सेवाहरुको परिचय वा विस्तारः र नयाँ उत्पादन विकासमा सिमित हुनु पर्ने छैन।
- किसान २ परियोजनाको उद्देश्य र क्रियाकलापहरुको दिगोपन विस्तारका लागि अन्य कार्यक्रमहरु गर्ने।

अबको बाह्र महिनामा यस परियोजनाले बहुअनुदान दिने उद्देश्य राखेको छ। अनुदान प्राप्त गर्ने संस्थाहरुले प्रस्तावित लागत मुल्यमा योगदान गर्न पर्नेछ, जस्तैः नाफादायक व्यवसायहरुलाई लागन मुल्यमा ५० प्रतिशत वा सो भन्दा बढी योगदान गर्नलाई प्रोत्साहित गरिन्छ भने साना, दुर्गम वा अन्य पछाडी पारीएका वर्गद्वारा संचालीत संस्थाहरुले ५० प्रतिशत भन्दा कम लागत मुल्यमा योगदान प्रस्ताव गर्न सक्नेछन्। अनुदानको लागि वर्षै भरी नै क्रमिक रुपमा आवेदन दिन सकिनेछ।

किसान २ परियोजनाको अनुदान आवेदन निर्देशिकामा कार्यक्रमको पुर्ण योग्यता तथा आवश्यकताहरु समावेश गरिएको छ। सबै आवेदक संस्थाहरु नेपाल सरकारको नीति अनुसार कानुनीरुपमा दर्ता भएको हुनु पर्नेछ। थप जानकारीको लागि अनुदान आवेदन निर्देशिकाका साथै किसान २ अनुदान सहयोग कर्मचारीलाई Grants.KISAN@winrock.org मा सम्पर्क गर्न सकिनेछ।

कृपया ध्यान दिनु होला Winrock International ले आवेदनको तयारी र आवेदन बुझाउन परि आएको खर्च व्यहोर्ने छैन। यदि कुनै विषेश अवस्था आएको खण्डमा Winrock International ले आवेदन रद्द गर्ने अधिकार राख्दछ।



## पोखरा विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय, स्कुल अफ इन्जिनियरिङ्गको प्रवेश परिक्षाको तालीका परिमार्जन सम्बन्धि अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति २०७५।०५।०८**

पोखरा विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ्गमा शैक्षिक सत्र २०७५ को लागि नयाँ विद्यार्थी भर्नाको लागि निर्धारित तालिकामा प्रबेश परिक्षा समितिको निर्णय अनुसार हेरफेर हुन गएकोले परिमार्जित तालिका अनुसार मिति २०७५।०५।१३ गते सम्म Online form भर्न पाईने र मिति २०७५।०५।१६ गते शनिवार विहान ११:०० बजे देखि १:०० बजे सम्म प्रबेश परिक्षा संचालन हुने व्यहोरा सम्बन्धित सबैलाई सुचीत गरिन्छ। साथै सो सम्बन्धि विस्तृत विवरणको लागि विश्वविद्यालयको Website: www.pu.edu.np हेर्नुहुन समेत सूचित गरिन्छ।

**भर्ना समिति २०७५**



**NIC ASIA Bank Ltd.**
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact Number: +977-1-5111177/78/79
Fax Number: +977-1-5111180
Toll Free Number: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## INVITATION FOR SEALED PROPOSALS (2nd Notice)
### First Published Date: August 06, 2018

NIC ASIA Bank solicits sealed bids from interested parties for supply and delivery of Various Stationery Items for the Bank.

Interested parties can obtain bid document from Bank's General Administration & Project Department at Registered Office, Thapathali upon payment of non-refundable bid document fee for NPR. 1,000.00 (Nepalese Rupee One Thousand Only).

Sealed bid proposals are to be submitted by August 30, 2018 within close of business in the format of bid document.

All bid proposals should be addressed to General Administration & Project Department and must be submitted in person. Bid proposals received after the deadline will not be accepted.

Bid proposals sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
### विज्ञान तथा प्रविधि संकाय
डीनको कार्यालय
महेन्द्रनगर, कन्चनपुरको

**सेमेष्टर प्रणाली अन्तर्गत चार वर्षे स्नातक तह B.Sc./B. Sc. CSIT विषयको २०७५ सालको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका केन्द्रीय विभाग र आंगिक क्याम्पसहरूमा सेमेष्टर प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह B.Sc./B.Sc. CSIT विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरूका निमित्त २०७५ सालका लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ। आवेदन फाराम Website: www.fwufost.edu.np वा विश्वविद्यालयको विज्ञान संकायको केन्द्रीय विभागहरू वा सम्बन्धित क्याम्पसहरूबाट प्राप्त गरी २०७५ साल भाद्र १० गते देखि केन्द्रीय विभागहरू वा पढाइ हुने आंगिक क्याम्पसहरूमा रू. ५००/- (अक्षरेपी पाँच सय रूपैयाँ मात्र) तिरी बुझाउन सकिने छ।

**भर्ना सम्बन्धी कार्यक्रम:**

१. **आवेदन फाराम बुझाउने अन्तिम मिति:** २०७५ आश्विन १० गते सम्म
२. **परीक्षा केन्द्र:** विज्ञान तथा प्रविधि संकायका विभागहरू र सम्बन्धित आंगिक क्याम्पस रहनेछ।
३. प्रवेश परीक्षा हुने मिति र समय: २०७५ साल आश्विन १३ गते
B. Sc. CSIT: विहान ८:०० बजेदेखि १०:०० बजेसम्म
General B.Sc.: Biological Group: विहान ११:०० बजे देखि १:०० बजे सम्म,
Physical Group: दिउँसो २:०० बजे देखि ४:०० बजे सम्म

**विस्तृत जानकारीका लागि Website: www.fwufost.edu.np वा विश्वविद्यालयको विज्ञान संकायको केन्द्रीय विभागहरु वा सम्बन्धित क्याम्पसहरुमा सम्पर्क राख्नुहोला।**

**डीन**


# नाता प्रमाणित ल्याउन साता

■ घनश्याम खड्का

म्याग्दी- स्थानीय तहमा सिफारिस र प्रमाणितजस्ता कागजपत्र अंग्रेजी भाषामा उल्था गर्ने जनशक्ति नहुँदा सेवाग्राहीले सास्ती पाएका छन्। यत्ति कामका लागि उनीहरू सदरमुकाम धाउन बाध्य छन्।

छोरी सीमालाई विदेशी कलेजमा भर्ना गर्न अंग्रेजी भाषामा नाता प्रमाणित र आयस्रोत प्रमाणित कागजात आवश्यक भएपछि धौलागिरि गाउँपालिका-१ गुर्जाका दलमान छन्त्याल वडा कार्यालय पुगे। वडाबाट उनलाई भनियो- 'अंग्रेजी भाषामा चाहिने भए आफैं बेहोरा मिलाएर कागजात ल्याउनू, हामी छाप लगाइदिन्छौं।'

अर्को दिन उनी हिँडेर गाउँपालिकाको केन्द्र मुना पुगे। तेस्रो दिन कार्यालय खुल्नेबित्तिकै गाउँपालिका कार्यालय गए। त्यहाँ पनि अंग्रेजीमा प्रमाणित कागज बनेन। फेरि दिनभरि हिँडेर दरवाङ झरे। वर्षाले सडकमा पहिरो गएकाले गाडी चलेको थिएन। चौथो दिन सदरमुकाम बेनी झरे हुलाकचोकस्थित एक साइबर क्याफेमा छिरे। प्रतिपृष्ठ एक हजार शुल्क लिएर साइबर सञ्चालकले सरकारी कार्यालयको लोगोसहितको कागजात तयार पारिदिए। 'घरबाट बेनी झरेर अंग्रेजी भाषामा सरकारी डकुमेन्ट बनाउन चार दिन लाग्यो। फर्कन ३ दिन,' दलमानले भने, 'एउटा नाता प्रमाणित र आयस्रोत प्रमाणित गराउन ७ दिन लाग्यो। गाडीभाडा, खाना, खाजा, होटलबास, साइबरलाई तिरेको रकमसमेत गरी १० हजार खर्च भयो।'

अन्नपूर्ण गाउँपालिका-६ घारका सागर खडकालाई पनि अंग्रेजी भाषामा नाता प्रमाणित कागज बनाउन सदरमुकाम जाँदा र साइबरमा कागज बनाई गाउँ फर्केर वडाध्यक्षबाट प्रमाणित गराउँदासमेत चार दिन लाग्यो। 'बाटो खर्च, साइवर खर्च र वडा कार्यालयमा बुझाएको दस्तुर समेत ६ हजार खर्च भयो,' उनले भने।

स्थानीय सरकारले सामान्य कागज पनि अंग्रेजीमा बनाउन नजान्दा दुर्गमका सेवाग्राहीले सास्ती त पाएकै छन्, सरकारी लेटरप्याड र लोगोको दुरुपयोग पनि भइरहेको छ। नाता, आयस्रोत प्रमाणित र वैदेशिक प्रयोजनका लागि आवश्यक सिफारिस अंग्रेजीमा उल्था गर्न सकेका छैनन्। गाउँमा 'सिंहदरबार' गए पनि सेवाग्राही सामान्य कागजपत्र बनाउन सदरमुकाम झर्नैपर्ने बाध्यता यथावत् छ।

'विदेशका लागि पारिवारिक नाता प्रमाणित र आयस्रोत प्रमाणित समेतका कागजात बनाउन आएको, बिजुली नआएकाले टाइम लाग्ने भयो,' बेनीको एक साइबरमा भेटिएकी मालिका गाउँपालिका-५ की मीना बुढामगरले भनिन्, 'अब त सबै सुविधा गाउँबाटै हुन्छ भन्थे, यति अंग्रेजीमा लेख्न पनि नजान्ने रहेछन् गाउँपालिकाका कर्मचारी। हामीले दुःख पाइयो।' वर्षाले बाटो बिगारेका बेला आउजाउमा अप्ठ्यारो, जतासुकै पैसा तिर्नुपर्दा हैरान भएको

**स्थानीय तहमा अंग्रेजी भाषामा कागजात बनाइदिने जनशक्ति छैनन्**

**सरकारी लेटरप्याड र लोगो साइबर क्याफेमा**

उनले बताइन्। 'गाउँमा सरकार आएको त कुरै मात्र हो जस्तो लाग्छ,' उनले भनिन्।

बेनी नगरपालिकाले समेत नेपाली भाषाको सरकारी कागजात अंग्रेजीमा उल्था गर्न बजारका साइबर क्याफेमा पठाउने गरेको छ। कम्प्युटरका साइबर सञ्चालकहरूले सरकारी कागजात र लोगो प्रयोग गरी डकुमेन्ट तयार पार्नु गैरकानुनी भए पनि स्थानीय सरकार र प्रशासनको मिलेमतोमै यो काम भइरहेको छ।

'हामीलाई अंग्रेजी भाषामा सिफारिस लेख्ने अख्तियारी छैन। अविश्वास गरिएकाले सेवाग्राहीले बनाई ल्याएको पत्रमा नै प्रमाणित गर्ने गरिएको हो,' बेनी-८ का वडासचिव कृष्ण शर्माले भने, 'जिल्लाभरबाट एउटा कागज बनाउन बेनीका साइबर आउनुपर्ने, भनेका बेला बिजुली हुन्न अनि प्रमाणित गर्न फर्केर फेरि गाउँमै पुग्नुपर्ने बाध्यताले सास्ती भएको छ।' कम्तीमा सबै स्थानीय तहका कार्यालयमा नेपाली भाषाका दस्ताबेजलाई अंग्रेजीमा उल्था गर्ने छुट्टै शाखा राख्न आवश्यक देखिएको उनले बताए।

# खेलकुद





## सुरूआतमै हार

हंगेरीको बुडापेस्टमा जारी आइबा युथ वुमेन्स एन्ड मेन्स वर्ल्ड बक्सिङ च्याम्पियनसिपमा नेपालकी कुसुम तामाङ पहिलो खेलमै मंगोलियाकी खेलाडी डेल्गेरखान्गाइ खोन्गोर्जुलसँग पराजित भएकी छन् । प्रतियोगिता अगस्ट २१ देखि ३१ सम्म चल्नेछ । कुसुम आइतबार नेपाल फर्कनेछिन् ।



भारोत्तोलक विकास थापा इन्डोनेसियामा जारी १८ औं एसियाली खेलकुदमा पुरुष ७७ केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गर्दै । *तस्बिर : किरण पाण्डे*

# श्रेष्ठ राष्ट्रिय टोलीको सहायक प्रशिक्षक

**दीपक परियार**



लेखनाथ- नेपाली फुटबल टिमको सहायक प्रशिक्षकमा किरण श्रेष्ठ नियुक्त भएका छन् । बंगलादेशमा आयोजना हुने साफ फुटबल च्याम्पियनसिपका लागि एन्फाले उनलाई बिहीबार सहायक प्रशिक्षकमा नियुक्त गरेको हो । टिमको मुख्य प्रशिक्षकमा बालगोपाल महर्जन यसअघि नै नियुक्त भइसकेका छन् ।

पोखरामा फुटबलबाट आफ्नो खेलजीवन सुरु गरेका ४२ वर्षीय किरण यसअघि सहारा क्लबको स्थापनासँगै फुटबलमा उदाएका थिए । लिग तथा राष्ट्रिय प्रतियोगितामा ललितपुरको 'ए' डिभिजन क्लब जावलाखेल युथ क्लबबाट ०५७ देखि ०६१ सम्म खेलेका उनले उक्त टिमको कप्तानीसमेत सम्हालेका थिए । 'ए' डिभिजन क्लब बौद्ध, हिमालयन शेर्पा र सुदूरपश्चिम ११ को पनि उनले प्रशिक्षण सम्हालिसकेका छन् । उनी एसियाली फुटबल परिषद् (एएफसी) बाट 'ए' लेभल मान्यताप्राप्त प्रशिक्षक हुन् ।

उनी सहारा क्लब पोखराको टिम प्रशिक्षकका रूपमा लामो समयदेखि कार्यरत छन् । हाल एन्फा कास्कीमा रहेर स्वयंसेवी प्रशिक्षकका रूपमा ग्रासरुट फुटबलमा समेत उनले जिम्मेवारी सम्हालिरहेका छन् । कास्की एन्फाले सञ्चालन गरेको ग्रासरुटका विभिन्न कार्यक्रममा उनले प्रशिक्षण दिइरहेका छन् ।

पोखराबाटै खेलजीवन सुरु गरेका पूर्वराष्ट्रिय खेलाडी कृष्ण थापापछि यस क्षेत्रबाट किरणले नेपाली फुटबलमा फडको मारेका हुन् । राष्ट्रिय टोलीका पूर्वकप्तान थापा हाल एन्फाको उपाध्यक्षका रूपमा कार्यरत छन् । यसअघि पोखराका पूर्वराष्ट्रिय खेलाडी डम्बर गुरुङले राष्ट्रिय यू-१६ फुटबल टिमलाई प्रशिक्षण दिएका थिए ।

सहायक प्रशिक्षकमा नियुक्त भएकोमा श्रेष्ठले खुसी व्यक्त गरे । 'एन्फाले मलाई विश्वास गरेर ठाउँ दियो,' कान्तिपुरसँग उनले भने, 'यति राम्रो मौकालाई खेर जान दिने छैन ।' साफ फुटबल यही भदौ १९ देखि ३० सम्म बंगलादेशको ढाकामा हुँदैछ ।

## छोटकरी

### न्यु समिट विजयी

काठमाडौं (कास)- न्यु समिट कलेजले प्रथम त्रिभुवन विश्वविद्यालय अन्तरकलेज बीएसी सीएसआईटी बास्केटबल प्रतियोगितामा जित दर्ता गरेको छ । बिहीबार उद्घाटन खेलमा न्यु समिटले सेन्ट लरेन्स कलेजलाई ६३-४५ ले हरायो । अन्य खेलमा सगरमाथा कलेज र टेक्सस् कलेज विजयी रहे । १२ टोलीको सहभागिता रहेको प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ पाउनेछन् ।

### ग्रिनल्यान्ड सेमिफाइनलमा

काठमाडौं (कास)- ग्रिनल्यान्ड स्कुल सातौं गोल्डेनपिक अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा जुनियर र सिनियर छात्रतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ । जुनियरतर्फ ग्रिनल्यान्ड, आयोजक गोल्डेनपिक, नवजीवन एकेडेमी र लालीगुराँसले सेमिफाइनलमा स्थान बनाए । सिनियरतर्फ हवीज किड्स, रिलायन्स, ग्रिनल्यान्ड र भ्याली पब्लिक सेमिफाइनल पुगे ।

### एलए टेनिस जारी

काठमाडौं (कास)- ललितपुरमा जारी ११ औं एलए/जेटीआई अन्तरविद्यालय जुनियर खुला लनटेनिस प्रतियोगितामा बिहीबार यू-९ ब्वाइजमा दीपेश ज्ञवाली, शाश्वत वज्राचार्य, योगश ज्ञवाली, दर्शिल श्रेष्ठ, ओसाङ थापा, श्रीजन भट्टराई र हर्षित पन्त विजयी भएका छन् । गर्ल्स यू-१० मा टीबीएसका प्रतिष्ठा लामाले शुभताराकी अर्निका थापालाई हराइन् । यू-१२ ब्वाइजमा राजीव शाहले जित दर्ता गर्दा गर्ल्स यू-१२ तर्फ मर्सा महर्जन, जेनी खडका, सुधाश्री ढुंगाना, रोशनी लिम्बू, आइसा गुरुङ र निमिशा धाक्वा अर्को चरण प्रवेश गरे ।

# स्पेनिस फुटबलर असन्तुष्ट

म्याड्रिड (बीबीसी)- स्पेनी लिगमा व्यावसायिक फुटबल खेलिरहेका खेलाडीले शीर्ष श्रेणीको लिग संयुक्त राज्य अमेरिकामा खेलाउने योजना कार्यान्वयन भए हडतालमा उत्रन सक्ने संकेत दिएका छन् । ला लिगाले अमेरिकी मिडिया कम्पनीसँग १५ वर्षको सम्झौता गरेपछि बुधबार खेलाडीको उच्चस्तरीय बैठक बसेको थियो ।

रियल म्याड्रिडका कप्तान सर्जियो रामोस र बार्सिलोनाका उपकप्तान सर्जियो बुस्केट्ससहित अन्य क्लबका कप्तान सम्मिलित बैठकले लिगको निर्णयप्रति आपत्ति जनाएको छ । एएफईले खेलाडीसँग सल्लाह नगरी लिइएको यस निर्णय मान्य नहुने खेलाडीको बैठकले निष्कर्ष निकालेको छ ।

एएफई स्पेनका फुटबल खेलाडीको संस्था हो । बुधबार एएफईका अध्यक्ष डेविड अगान्जो खेलाडीहरूसँग बैठकमा थिए । बैठकमा रामोससँगै रियलका नाचो, बार्सिलोनाका बुस्केट्स र सर्जी रोबर्टो, इस्पनयोलका लिओ बाप्टिस्टा, भिल्लारियलका ब्रुनो तथा एटलेटिकोबाट कोके र जुआनफ्रान उपस्थित थिए ।

अध्यक्ष अगान्जोले हतारमा गरिएको निर्णयले लिगलाई समस्यामा पार्न सक्ने बताए । 'यो निर्णय गम्भीर रूपमा नसोची लिइएको छ । यसले फुटबल र समर्थकभन्दा व्यापारलाई बढावा दिन्छ । हामी सम्पूर्ण क्लबलाई एकत्रित गरेर यसको विरुद्धमा उत्रनेछौं,' उनले भने, 'खेलाडीको सहमतिबिनै १५ वर्ष विदेशमा खेल्न सम्भव छैन । आशा छ यसबारे छिट्टै उचित निर्णय आउनेछ ।' उनले खेलाडीहरूको सेप्टेम्बरमा फेरि बैठक बस्ने बताए ।

ला लिगाले भने सम्झौता पूरा भए पनि हालसम्म कुन खेल हुने, कुन स्थानमा हुने र कुन सिजनको खेल हुने भन्ने अझै टुंगो नलागेको बताएको छ । लिगाले बैठकबारे जानकारी पाएपछि छिट्टै एएफईसँग छलफल गरेर उचित निष्कर्ष निकाल्ने बताएको छ ।

# नङसलको मिश्रित नतिजा

**ध्रुव तुलाधर**

जकार्ता, इन्डोनेसिया- ब्याडमिन्टनमा नेपालले सात इभेन्टमा प्रतिस्पर्धा गर्दा दुई खेल जितेको छ । वुमेन्स सिंगल्समा नङसल तामाङले माल्दिभ्सकी अब्दुल रज्जाकलाई २१-१९, २१-१५ ले पराजित गर्दै अन्तिम १६ मा स्थान पक्का गरेकी छन् । नेपालकी पहिलो वरीयताकी नङसलले अब अकाने यामागुचीसँग प्रतिस्पर्धा गर्नेछन् ।

मेन्स डबल्समा विकास श्रेष्ठ र नवीन श्रेष्ठको जोडीले सफलता पाएको थियो । उनीहरूले पहिलो खेल (राउन्ड अफ ३२) मा मंगोलियाका सुमियासुरेन र तेमुलेनलाई २१-१२, २१-१९ ले हराएर अगाडिको यात्रा तय गरे । मिक्स डबल्सको दुवै खेलमा नेपाली खेलाडी पराजित भए । नेपालका शीर्ष वरीयताप्राप्त रत्नजित र नङसल तामाङको जोडी आयोजक इन्डोनेसियाको जोडीसँग २१-१३, २१-७ ले पराजित भयो ।

अर्को खेलमा दीपेश धामी र जेसिका गुरुङको जोडीले हङकङका ली चुन र चाउ होईको जोडीसँग २१-११, २१-११ को सेटमा खेल गुमाएको थियो । वुमेन्स सिंगल्समै जेसिका भने थाई खेलाडी इन्तानोनसँग २१-७, २१-७ ले सहजै हारिन् ।

मेन्स डबल्समा रत्नजित र दीपेशको जोडीले कठिन प्रतिस्पर्धाका बावजुद पाकिस्तानका रिजवान अजाम र सुलेरी कसिफ अलीको जोडीलाई २१-१९, २०-२२ ले खेल सुम्पेका थिए । वुमेन्स डबल्समै नङसल र जेसिकाको जोडी थाइल्यान्डकी जोङकोल्फान र रिवान्डासँग २१-७, २१-५ ले पराजित भएको थियो ।

**भारोत्तोलन**

एसियाडको भारोत्तोलनमा नेपाली खेलाडीले राष्ट्रिय कीर्तिमान बनाउने क्रमलाई विकास थापाले पनि निरन्तरता दिन सकेनन् । उनले पुरुष ७७ केजीमुनि तौलमा स्न्याचमा १ सय १३ केजी र क्लिन एन्ड जर्कमा १ सय ३५ केजीसहित कुल २ सय ४८ केजी तौल उठाए । यसअघि पनि विकासको व्यक्तिगत स्कोर त्यति नै थियो । स्न्याचमा १ सय १८ केजीका लागि प्रयास गर्दा दुवै लिफ्टमा असफल भए । समग्रमा उनी पाँचौं स्थानमा रहे । विकास १२ औं दक्षिण एसियाली खेलकुदका रजत विजेता हुन् ।

यस तौल समूहमा कमलबहादुर अधिकारीको नाममा स्न्याचमा १ सय २२ र क्लिन एन्ड जर्कमा १ सय ६२ केजीको राष्ट्रिय कीर्तिमान छ । कमलले भने यसपल्ट तौल घटाएर ६९ केजीमुनि प्रतिस्पर्धा गरेका थिए ।

**गल्फ**

नेपाली गल्फरले जकार्तास्थित पोन्डोक इन्दाह गल्फ कोर्समा जारी गल्फको पहिलो दिन खराब सुरुआत गरेका छन् । नेपालबाट शुक्रबहादुर राई ९ ओभर ८१ स्कोरसहित समग्रमा ६४ औं स्थानमा छन् । टंकबहादुर कार्की १० ओभर ८२ तथा अजित विक ११ ओभर ८३ अंकसहित संयुक्त ६८ र ७१ औं स्थानमा छन् । पृथ्वी मल्ल १६ ओभर ८८ अंकसहित ८० औं स्थानमा छन् । ८६ गल्फरको सहभागिता रहेकोमा जापानका केइटा नाकाजिमा ४ अन्डर ६८ अंकसहित शीर्षस्थानमा छन् । पहिलो दिनको खेल सकिँदा ११ खेलाडीले मात्र अन्डर पार स्कोरमा खेलिरहेका छन् ।



नेपालका जेसिका गुरुङ र दीपेश धामी ब्याडमिन्टन मिक्स्ड डबल्समा हङकङविरुद्ध खेल्दै । *तस्बिर : किरण पाण्डे*

## बक्सिङको 'ड्र'

एसियाड बक्सिङअन्तर्गत नेपाली महिला बक्सरद्वय पुनम रावल र संगीता सुनुवारले सीधै क्वाटरफाइनल खेल्ने भएका छन् । बिहीबार भएको 'ड्र' अनुसार महिला ६० केजीमुनिको तौल समूहमा पुनमले क्वाटरफाइनलमा चीनकी वेन्लु याङको सामना गर्नेछिन् । ५७ केजीमुनि संगीता थाइल्यान्डकी निलवान टिचासुइपसँग खेल्नेछिन् । दुवैले एक खेल जिते कम्तीमा कांस्यपदकको हकदार हुनेछन् । बक्सिङको खेल शुक्रबार सुरु हुनेछ ।

यसपालि बक्सिङमा नेपालले ८ खेलाडीलाई सहभागिता गराएको छ । महिला ५१ केजीमुनि विमला श्रेष्ठले बाई पाएकी छन् । उनले प्रिक्वाटरफाइनलमा मंगोलियाकी ओचिर्बात जार्गालनसँग प्रतिस्पर्धा गर्नेछिन् । पुरुष ५७ केजी तौल समूहमा दीपक श्रेष्ठ बाई पाएर प्रिक्वाटरफाइनल खेल्नेछन् । उनको भिडन्त चाइनिज ताइपेईका कान चियावेइसँग हुनेछ । ५२ केजी तौल समूहमा प्रेम चौधरीले फिलिपिन्सका रोजेन लादोनसँग प्रतिस्पर्धा गर्नेछन् । बाई पाएका उनले प्रिक्वाटरफाइनलमा खेल्नेछन् ।

पुरुष ६४ केजीमुनि नेपालका भूपेन्द्र थापाको पहिलो भिडन्त जोर्डनका ओबादा अल्कास्बेहसँग हुनेछ । ६९ केजी तौल समूहमा विष्णुप्रसाद घलेले कतारका थारुमलिङ्गमसँग प्रिक्वाटरफाइनलमा प्रतिस्पर्धा गर्नेछन् । ४९ केजीमुनिको तौल समूहमा तेजबहादुर देउजाले लाओसका खेलाडी खाम्साथोनसँग प्रतिस्पर्धा गर्नेछन् ।



# तेक्वान्दोको पदकविहीन ह्याट्रिक यात्रा



तेक्वान्दोको ६८ केजीमुनि तौल समूहमा नेपालका ज्ञानेन्द्र हमाल (रातो) मलेसियाका रोजाली रोजामीसँग भिड्दै । खेलमा रोजालीले ज्ञानेन्द्रलाई ३०-२ को फराकिलो अंकमा हराए । *तस्बिर : किरण पाण्डे*

■ ध्रुव तुलाधर

जकार्ता, इन्डोनेसिया- एसियाली खेलकुदमा लगातार तेस्रोपल्ट नेपाली तेक्वान्दो पदकविहीन भएर फर्कने भएको छ । १८ औं संस्करण जारी रहँदा बिहीबार दुई नेपाली खेलाडीको खेलसँगै तेक्वान्दोको इन्डोनेसिया यात्रा सकिएको छ ।

एसियाली खेलकुदमा गौरवशाली इतिहास बनाएको तेक्वान्दोका खेलाडीले पछिल्ला तीन संस्करणमा पदक जित्न सकेनन् । सन् २०१० को ग्वाङझाउ र २०१० को इन्चोन एसियाडबाट पनि रित्तो हात फर्केको थियो । एसियाडमा नेपाली तेक्वान्दोले एक रजत र १३ कांस्यपदक जितेको इतिहास छ ।

जकार्ता एसियाडको पाँचौं दिन सकिँदासम्म नेपाल पदकको छेउसम्म पुग्न सकेको छैन । पदक आस गरिएको उसु पनि पदकविहीन भएर फर्केको छ । एसियाडमा उसुले एउटै पदक जितेको छैन । नेपालले तेक्वान्दोका १४ र उसुका १० खेलाडीलाई एसियाडमा उतारेको थियो । १ सय ८५ खेलाडीको जम्बो टोली एसियाडमा उतारेको नेपालको आस अब जुडो, बक्सिङ र कुराँस खेलमा मात्र बाँकी छ ।

दक्षिण एसियाली राष्ट्र भारत र अफगानिस्तानले पदकको खाता खोलिसकेका छन् । अफगानले उसुबाट एक कांस्य जित्दा भारतले सुटिङ, कुस्ती, सेपाकटाक्रो, टेनिस र उसुबाट पदक भित्र्याएको छ । ४ स्वर्णसहित १६ पदक जितेको भारतले सुटिङबाट सबैभन्दा बढी ७ पदक जितेको छ । पदक तालिकामा चीन, जापान र दक्षिण कोरियाको प्रभुत्व हुँदा आयोजक इन्डोनेसिया ७ स्वर्ण जित्दै पाँचौं स्थानमा छ ।

बिहीबार तेक्वान्दोको ६८ केजीमुनि ज्ञानेन्द्र हमालले एउटा खेल जितेका थिए । अर्को खेलमा नराम्ररी पराजित हुन पुगे । अन्तिम १६ को पहिलो खेलमा ज्ञानेन्द्र भुटानका जिग्मे वाङचुकलाई ३९-१७ अंकले हराउँदै अन्तिम १६ मा पुगेका थिए । उनले पहिलो राउन्डमै भुटानीविरुद्ध चार ह्याम्मर किक हाने र १५-११ को अग्रता बनाए । पछिल्लो दुई राउन्डमा उनले विपक्षीलाई खासै मौका दिएनन् र खेल आफ्नो पक्षमा पारे । उनलाई क्वाटरफाइनल पुग्नका लागि भने मलेसियाका रोजाली रोजामी बाधक बने । साउथ इस्ट एसियन गेम्सका स्वर्ण तथा एसियन इन्डोर तथा मार्सल आर्टका रजत विजेता रोजालीले ज्ञानेन्द्रलाई ३०-२ को फराकिलो अंकमा हराए । आसियन च्याम्पियनसिपका बेस्ट फाइटर रोजालीले उचाइको फाइदा लिँदै तेस्रो राउन्डअगाडि नै खेल जितेका थिए ।

महिला ४९ केजीमुनि तौल समूहमा अस्मिता खड्का पनि इरानी प्रतिद्वन्द्वीसामु निरीह बनिन् । विश्व वरीयताको ३५ औं वरीयतामा रहेकी निहादले २८४ औं वरीयताकी खेलाडी अस्मितालाई पहिलो राउन्डमै ६ ह्याम्मर किक हानेर खेललाई आफ्नो पक्षमा पारिन् । निहाद एसियन च्याम्पियनसिपमा पदक जितिसकेकी खेलाडी हुन् भने अस्मिताको यो पहिलो अन्तर्राष्ट्रिय सहभागिता हो ।

प्रशिक्षक दीपक विष्टले बिहीबारको खेलबारे भने, 'भुटानसँगको पहिलो खेलमा ज्ञानेन्द्रले जसरी खेलेका थिए, त्यसरी दोस्रो खेल खेल्न सकेनन् । पहिलोमा उनी थोरै घाइते थिए । त्यसले गर्दा पनि उनले खुलेर खेल्न सकेनन् । मलेसियाली प्रतिद्वन्द्वी अन्तर्राष्ट्रिय अनुभवी र पदकविजेता खेलाडी हुन् । उनले उचाइको एडभान्टेज लिए ।'

नेपालले पदक आस गरेका तेक्वान्दो र उसु दुवैको प्रतिस्पर्धा सकिएको छ । दुवै खेल पदकविहीन बने ।

**पौडी**

राष्ट्रिय कीर्तिमानधारी शिरीष गुरुङले पनि जारी एसियाडमा आफ्नो एउटै कीर्तिमान सुधार्न सकेनन् । बिहीबार पुरुष १०० फ्रिस्टाइल प्रतिस्पर्धा गरेका उनले ५७.९२ सेकेन्डमा दूरी पार गरे । जबकि उनी रियो ओलम्पिकमा आफैंले बनाएको कीर्तिमान सुधार्न असफल रहे । उनले सन् २०१६ मा रियो द जेनेरियोको पोखरीमा ५७.७६ सेकेन्डको कीर्तिमान बनाएका थिए ।

आफ्नो हिटमा पुछारमा रहेका शिरीष समग्रमा ४७ खेलाडीमध्ये ४० औं स्थानमा थिए । शिरीषले दुई दिनअघि २० मिटर फ्रिस्टाइलमा पनि गतिलो प्रदर्शन गर्न सकेनन् । इन्चोन एसियाडमा समेत सहभागिता जनाएका शिरीषको यहाँ इभेन्ट सकिएको छ ।

अर्की पौडीवाज टिसा शाक्यले महिला ५० मिटर ब्रेस्टस्ट्रोकको दूरी ३९.४६ सेकेन्डमा पार गरिन् । १०० मिटर फ्रिस्टाइलमा आफ्नो प्रदर्शन सुधारेकी टिसाले शुक्रबार ५० मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गर्नेछिन् ।

हिट चरणमा ३० खेलाडीले प्रतिस्पर्धा गर्दा उनी २६ औं स्थानमा थिइन् । ३२.३४ सेकेन्डमा दूरी पार गर्ने फाइनल चरणलाई छानिएका थिए ।

**कबड्डी**

नेपाली टोली बिहीबार पाकिस्तानसँग ३८-२० अंकले पराजित भयो । समूह 'बी' मा पाँच टोली रहेकोमा नेपालले एक खेलमात्र जित्यो । नेपालले अघिल्लो दिन मलेसियालाई हराएको थियो । नेपाल आयोजक इन्डोनेसिया, जापान र इरानसँग पराजित भयो ।

सबै टोलीसँग प्रतिस्पर्धात्मक खेलेको नेपाली कबड्डी २४ वर्षपछि एसियाड खेल्न जकार्ता आइपुगेको थियो । नेपालले यसअघि दुई एसियाडमा कबड्डीलाई सहभागी गराएको थियो । सन् १९९० को बेइजिङमा चौथो र १९९४ को हिरोसिमा एसियाडमा पाँचौं स्थानमा रहँदै फर्केको थियो ।

यसपल्ट पनि वरीयता सुधार्ने लक्ष्यमा मात्र नेपाली टोली जकार्ता आएको थियो ।

**पेनकेक सिलात**

पेनकेकमा प्रतिस्पर्धी रहेका एक्लो नेपाली खेलाडी विवेककुमार विक पनि पहिलो खेलमै पराजित भए । बिहीबार अन्तिम १६ को ६० देखि ६५ केजीबीच तौल समूहमा प्रतिस्पर्धा गरेका विवेककुमारले इरानका मोहम्मद रहिमिबल्लाहदेजाइसँग हार बेहोरे । उनी ५-० अंकले पराजित भए । पेनकेक इन्डोनेसियाको परम्परागत मार्सल आर्टस हो । यसमा पनि पञ्च, किकबाट अंक लिइन्छ । एसियाली खेलकुदमा पनि यसले पहिलोपल्ट प्रवेश पाएको थियो ।

**आर्चरी**

जीबीके आर्चरी फिल्डमा बिहीबार तीन नेपाली खेलाडीले रिकर्भको एकल इभेन्टमा प्रतिस्पर्धा गरेका थिए । पुरुषतर्फ तिलक पुन मगरले पहिलो खेलमा भुटानका निमा वाङीलाई हराएर राम्रो सुरुआत गरे । तिलकले ६-० स्कोरले खेल जितेका थिए । अन्तिम १६ को खेलमा उनी चीनका तियान्सु जुसँग ६-४ को अन्तरमा हारे ।

त्यस्तै रोशन नगरकोटी श्रीलंकन खेलाडी सञ्जीव डी सिल्भासँग ६-० को स्कोरमा पराजित भए ।

महिला रिकर्भको अन्तिम ३२ को खेलमा नेपालकी ज्ञानु अवाले हङकङकी सुक चिङ लामसँग ६-२ ले हारिन् ।

नेपालले शनिबार पुरुष रिकर्भ टिममा कतारसँग खेल्नेछ । नेपाली टोलीमा तिलक, असिम शेरचन र रोशन नगरकोटी छन् ।

आर्चरीका प्रशिक्षक रमेश सिवाकोटीले चिनियाँ खेलाडीसँग तिलकले त्यत्तिको खेल्नु राम्रो भए पनि ज्ञानु र रोशनले भने बिगारेको बताए ।

**पाराग्लाइडिङ**

पुरुष व्यक्तिगत एकुरेसीमा आयोजक राष्ट्रका जाफ्रो मेगावान्टाले स्वर्ण जित्दा नेपालका विजय गौतमले आठौं स्थानमा रहेर खेल टुंग्याए । ३३ खेलाडीले प्रतिस्पर्धा गर्दा नेपालका सुशील गुरुङ २४ औं स्थानमा रहे । यो १० राउन्डसम्म चलेको थियो ।

सोही इभेन्टको महिलातर्फ नेपालका त्रिशा श्रेष्ठ बोम्जन १४ र प्रतिभा भुजेल १५ औं स्थानमा रहन सफल भए । यसमा आयोजकको स्वर्ण जित्ने आसलाई असफल पार्दै थाई खेलाडी नुनापातले स्वर्ण जितिन् । दक्षिण कोरियाकी ली दाले रजत जित्दा आयोजककी रिकाको पोल्टमा कांस्यपदक परेको थियो ।

**स्क्वास**

नेपाली खेलाडीद्वय अरहान्तकेशर सिंह र अमृत थापामगर दुवै पहिलो खेलमै पराजित भए । बिहीबार जीबीकेको स्क्वास स्टेडियममा पुरुष एकलको अन्तिम १६ खेलमा अरहान्त पाकिस्तानका तैयव अस्लामसँग ११-६, ११-५, ११-५ ले हारे । पाकिस्तानीले सोझो सेटमा ३-० ले खेल जित्दा १८ मिनेटमात्र लगाए ।

अर्को खेलमा अमृत भने हङकङका हो यिन लीसँग ११-१, ११-४, ११-२ ले पराजित भए । उनीहरूले डबल्समा प्रतिस्पर्धा गर्नेछन् ।

**स्पोर्ट्स क्लाइम्बिङ**

मेन्स स्पिड क्वालिफिकेसन राउन्डमा प्रतिस्पर्धा गरेका पेम्बा शेर्पा र प्रनिलमान श्रेष्ठ पुछारको दुई स्थानमा रहे । २७ खेलाडीको सहभागितामा १६ खेलाडी दोस्रो चरणलाई छानिए । पेम्बाले १२.०० सेकेन्ड र प्रनिलले १२.२६ सेकेन्डमा चढेका थिए ।

क्वाइन्ड क्वालिफिकेसनमा प्रनिल २१ र पेम्बा २२ औं स्थानमा रहेका थिए ।


इन्डोनेसियमा जारी १८ औं एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न जाने नेपाली टेबलटेनिस खेलाडी तथा अफिसियललाई बिहीबार काठमाडौं जिल्ला टेबलटेनिस संघले बिदाइ गरेको छ । प्रतियोगितामा पुरुषतर्फ स्यान्टु श्रेष्ठ, दीप साउन र अमरलाल मल्ल तथा महिलातर्फ नविता श्रेष्ठ, स्वेच्छा नेम्वाङ र रविना महर्जनले प्रतिस्पर्धा गर्नेछन् । *तस्बिर : कान्तिपुर*

ADMISSION OPENS
BIM
Last form Submission : 10th Bhadra 2075
MORGAN INTERNATIONAL COLLEGE
Basundhara, Kathmandu
Tel.: 01-4356876
01- 4389516, 17, 18, 19
Web.: www.morgancollege.edu.np

KANTIPUR VALLEY COLLEGE
Kumaripati, Lalitpur, Nepal
Tel: 5538233/5541341
9841624902
BBA
2,95,000/-
17th Batch Intake
9841624902
B-Tech
Biotechnology
5,22,200/-
8th Batch Intake
9843334080
Admission for EMBA Fall Session 2018
FORM SUBMISSION BHADRA 13, 2075

टुक्रा घडेरी बिक्रीमा
उपत्यका विकास प्राधिकरणबाट स्वीकृत प्राप्त
सिपाडोल, भक्तपुर र नखिपोट, ललितपुरमा सम्पूर्ण पूर्वाधार सहितका टुक्रा घडेरी बिक्रीमा
सिपाडोल, भक्तपुरको घडेरीका लागि सम्पर्क नं.
९८५१००२६१७, ९८४१५८४३६६, ९८६९००८५८४
नखिपोट, ललितपुरको घडेरीका लागि सम्पर्क नं.
९८४१५८४३६६, ९८५११११४०६३

ADMISSION OPENS
BE Civil
BE Electrical
Last form submission: 2075-05-13
BBA
BHM
Affiliated to Purbanchal University
MORGAN ENGINEERING & MANAGEMENT COLLEGE
Basundhara, Kathmandu
Tel: 4384204, 4384181, 4354088, 4356876
Web: www.morgancollege.edu.np

ADMISSION OPEN
BE Civil
BE-IT ( Information Technology)
BE Computer
▸ Special scholarships scheme for intelligent, female & students from scheduled cast
▸ +2 Science ( both Biology and Physical group ) / Diploma in Engineering & A level with minimum second division (45%) / C in each Subjects in new letter grading system can apply in all Programs
Key Features:
Entrance Date: 13 Bhadra 2075 Time : 2 PM
▸ Paid internship & placement opportunities.
▸ Tie up with different professional and academic research organizations.
Everest Engineering College
( Affiliated To Pokhara University )
Sanepa-2, Lalitpur
Ph: 01-5520742
Cell: 9851140540, 9841736823
www.eemc.edu.np | admin@eemc.edu.np

बन्दैछ कान्तिपुर अब बृहत् स्मार्ट सिटी
रिङ्गरोडबाट धेरै नजिक अति सुन्दर ठाउँ
कान्तिपुर जाऔं, भविष्यको लागि स्मार्ट बस्तीमा नै घडेरी रोजौं ।
नगर विकासबाट स्वीकृत प्राप्त
घडेरी किनौं आफैंले घर बनाऔं, त्यो बलियो, भरपर्दो र सुपथ हुन्छ ।
लोकेसन म्याप
८० प्रतिशतसम्म कर्जा सुविधा भएको, तुरुन्त पास गर्न सकिने
२० फिटको पक्की मोटर बाटो सहित सम्पूर्ण भौतिक सुविधा सम्पन्न
आफ्नो इच्छा अनुसारको डिजाइनमा तुरुन्त घर निर्माण गर्न सकिने
विस्तृत जानकारीका लागि सम्पर्क:
ललितपुर, नखिपोट : ९८४१५८४३६६, ९८५१०७७३३८, ९८४१५९२७१५, ९८४७९४६२५०, ९८५११११४०६३

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : नारायण वाग्ले